अस्ट्रेलिया जान चाहने हरेक नेपालीले पढ्नुपर्ने पुस्तक

# हाम्रो देश त्यस्तै होस्

सकुल थापा

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रेपलाञ्चोक
(प्रकाशनपुष्प : २६२)

यो पुस्तक आफ्नै मोबाइलमा पढ्न चाहनुहुन्छ भने
www.sypublication.com.np/sakulthapa खोली पढ्न सक्नुहुनेछ ।

प्रकाशनकाल : असोज २०८२
प्रकाशनप्रति : १००० मात्र
सर्वाधिकार : लेखकमा
संस्करण : प्रथम
अक्षराङ्कन : गीता अधिकारी
आवरणसज्जा : इ. रोशन मञ्जुश्री अधिकारी
मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स
मूल्य : रु. ४००।-

ISBN: 9789937989299

**Hamro Desh Tyastai Hos**
By Sakul Thapa

**समर्पण**

पिता दलबहादुर थापा
र
माता शारदा थापामा
उहाँहरूको आत्मशान्तिको कामनाका साथ

# लेखकीय

पुस्तक नै लेख्छु भन्ने अठोटले लेख्न थालेर पुस्तक बनेको पुस्तक यो होइन, टिपोट गर्दागर्दै आफैँ पुस्तक बनेको पुस्तक हो । तैपनि उपयोगी नै होला जस्तो लागेकाले प्रकाशनका लागि आफ्नै संस्था शब्दयात्रा प्रकाशनसँग गुहार मागेको हुँ ।

यस पुस्तकभित्र उदाहरण दिने क्रममा मैले थुप्रै नाउँ र ठाउँहरू उल्लेख गरेको छु । ती नाउँ र ठाउँहरू वास्तविक होइनन्, उदाहरणका रूपमा मात्रै आएका हुन् भन्ने बुझिदिन मेरो अनुरोध छ । पुस्तकमा मैले केही तथ्याङ्कहरू पनि दिएको छु । विदेशी मुद्रा र नेपाली मुद्राको प्रसङ्ग पनि ल्याएको छु । समय अनुसार सटही दरमा फरक पर्नु स्वाभाविकै हो, तर विवरणचाहिँ फरक पर्ने खालको छैन । पुस्तकको पुछारमा सन्दर्भ सामग्री पनि राखेको छु ।

आफ्नो देशलाई विकसित बनाउन हाम्रा छोरा-नाति पुस्ताले नवीन अभियान चलाउलान् कि भन्ने आशा मैले राखेको छु । त्यो आशा प्रकट गर्न पनि मलाई यो पुस्तक लेख्न जाँगर चलाउने कारण हो । अरूले आफ्नो देशलाई सुन्दर बनाउन सक्छन् भने हामीचाहिँ किन सक्तैनौँ भन्ने प्रश्नले कुतकुत्याएपछि यस पुस्तकको विषयवस्तु निस्केको हो । म अस्ट्रेलिया पुगेर फर्किएपछि त्यो कुतकुती बढ्दै गयो र यो पुस्तक तयार भयो । कस्तो भयो, जानकारी दिनुहोला ।

शिक्षा र रोजगारीका लागि बिदेसिने क्रम अलिकति मात्रै घट्यो भने अनि शिक्षा र सीप सिकेर नेपालमै फर्किई उद्यम गर्ने जनशक्तिको सङ्ख्या बढ्यो भने यो पुस्तक लेख्नुको मेरो उद्देश्य पूरा हुनेछ ।

मैले गरेको टिपोटलाई आकार दिएर पुस्तक बनाइदिनुभएकोमा शब्दसारथि उपाधिप्राप्त भाषासेवी हरि मञ्जुश्रीप्रति कृतज्ञ छु । अक्षराङ्कनका लागि गीता अधिकारी र आवरणसज्जाका लागि इन्जिनियर रोशन मञ्जुश्री अधिकारीप्रति पनि आभारी छु । प्रकाशन गरिदिएकोमा शब्दयात्रा प्रकाशनलाई धन्यवाद छ ।

**– सकुल थापा**

# प्रकाशकीय

साहित्यसेवी तथा लेखक सकुल थापाले लेख्नुभएको पुस्तक प्रकाशन गर्न पाएर यस संस्थालाई खुसी लागेको छ ।

'हाम्रो देश त्यस्तै होस्' शब्दयात्रा प्रकाशनका संस्थापक सदस्य सकुल थापाले लेख्नुभएको अनुसन्धानमूलक पुस्तक हो । यसभित्र 'सन्दर्भसूची' समेत 'प्रारम्भ' देखि 'समापन' सम्मका सोह्रवटा शीर्षक छन् र हरेक शीर्षकका सामग्री पठनीय र मननीय छन् । 'प्रारम्भ' ले पुस्तक लेख्नुको तात्पर्य र विषयवस्तुको पृष्ठभूमि झल्काउँछ भने 'समापन' ले पुस्तकको नाउँ सार्थक पार्ने गरी लेखकीय चिन्तन प्रस्ट पार्दछ । बीचका तेह्रवटा शीर्षकका सामग्रीहरूले नेपालबाट शिक्षा, रोजगारी, पारिवारिक भेटघाट आदि विभिन्न कारणले अस्ट्रेलिया जाने नेपालीको आर्थिक, सामाजिक, भाषिक, पारिवारिक, मनोवैज्ञानिक जस्ता विविध क्षेत्रका सजीव चित्रहरू प्रस्तुत गर्दछन् । नेपाल र अस्ट्रेलियाबीचको सम्बन्ध कस्तो छ, अस्ट्रेलिया जान कति खर्च लाग्छ, त्यहाँ के-के काम गर्न सकिन्छ, कुन कामबाट कति तलब पाइन्छ, कुन ठाउँमा बस्ता कति खर्च र कति बचत हुन्छ, कुन-कुन विषय पढ्न पाइन्छ र त्यसको शुल्क कति तिर्नुपर्छ, अस्ट्रेलिया जान नेपालमा लिएको ऋणले कस्तो अवस्था सिर्जना गर्छ, नेपाली युवा शक्ति जाँदा अस्ट्रेलिया र नेपाललाई कस्तो-कस्तो नाफा र घाटा हुन्छ, अस्ट्रेलियामा नेपालीले के-के सुविधा र असुविधाहरू भोग्नुपर्छ, भविष्य कस्तो देखिन्छ जस्ता कुराहरू यस पुस्तकमा प्रकट गरिएका छन् । त्यसैले यस पुस्तकलाई लेखकले 'अस्ट्रेलिया जान चाहने हरेक नेपालीले पढ्नुपर्ने पुस्तक' भन्नुभएको कुरा सत्य बनेको छ ।

यस्तो महत्त्वपूर्ण पुस्तक लेख्नुभएकोमा मित्र सकुल थापालाई धेरै-धेरै बधाई ज्ञापन गर्दछु । मुद्रण कार्यमा सहयोग गर्ने अमृत अधिकारीलाई धन्यवाद छ ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# प्रस्तुतिक्रम


१. प्रारम्भ : १

२. नेपाल र अस्ट्रेलिया : ५

३. अस्ट्रेलिया पुगेपछि : २३

४. नेपालीले गर्ने काम : ३०

५. अध्ययन र रोजगारीका बाटाहरू : ३५

६. आमदानी र खर्च : ५३

७. रेमिट्यान्स : ६८

८. अनौपचारिक अर्थतन्त्र : ८२

९. ऋणको जालो : ८७

१०. अस्ट्रेलियालाई फाइदा, नेपाललाई घाटा : १०५

११. दुई पहिचानको दोधारमा : १२५

१२. विदेश जाने सपनालाई फर्केर हेर्दा : १४०

१३. नेपालको भविष्य : १५४

१४. प्रवास व्यवस्थापन : १७२

१५. समापन : १७८

१६. सन्दर्भसूची : १८०

# हाम्रो देश त्यस्तै होस्

सकुल थापा

# प्रारम्भ

मलाई २०७९ मङ्सिर महिनामा जेठी छोरी दीपा थापाको निमन्त्रणामा अस्ट्रेलिया जाने अवसर मिलेको थियो । अस्ट्रेलियाको उक्त भ्रमण घुमघामका लागि मात्र थिएन, छोरीको शुभविवाहको अवसर पनि थियो । छोरीको विवाह मङ्सिर २९ गते हिन्दू परम्परा अनुसार अस्ट्रेलियाको हिन्दू मन्दिरमा गएर सम्पन्न गरियो । विवाहपछि अस्ट्रेलियाका केही महत्त्वपूर्ण स्थानहरू घुमघाम गर्ने मौका मिल्यो ।

नेपाल फर्कने टिकट २०७९ माघ ६ गतेका लागि लिइएको थियो । थाई एयर मार्फत ब्याङ्कक हुँदै नेपाल आउने टिकट थियो । अस्ट्रेलियाको सिड्नी एयरपोर्टबाट बैङ्कसम्म आउन कम्तीमा १० घण्टाको फ्लाइट रहेछ । प्लेनभित्र १० घण्टाको फ्लाइटमा रहँदा मेरा मनमा अनेक कुराहरू खेल्न थाले र मैले अनेक कुरा सोचेँ । प्लेनमा ३७५ सिट थियो । ३७५ सिटमध्ये ३५० सिटजति मजस्तै भिजिट भिसामा अस्ट्रेलिया गएर फर्कने आमाबुबा, हजुरआमा-हजुरबुबा खालका व्यक्तिहरू देखिन्थे ।

मलाई लाग्यो सिड्नीको एउटा ट्रान्जिटबाट त यति धेरै नेपालीहरू नेपाल फर्कंदैछन् भने अस्ट्रेलियाका अन्य विभिन्न एयरपोर्टबाट नेपाल फर्कने कति होलान् ! हामी गौरव गर्छौं हाम्रा छोराछोरी विदेश गएर कमाई हाम्रो समस्या टार्छन् भनेर । नेपाललाई रेमिट्यान्स पठाउँछन् भन्ने खालको सोच पनि हामीमा छ । तर त्यो बिलकुलै ठीक होइन । विदेशले या अस्ट्रेलियाजस्ता देशले हाम्रो नेपालको आर्थिक विकासमा सहयोग पुऱ्याएका छन् भन्ने पटक्कै होइन । किनकि हामीले हाम्रा बाबुनानीहरूलाई बढाएर, पढाएर, स्नातकसम्म उत्तीर्ण गराएर, दक्ष र सक्षम खालको जनशक्ति बनाएर विदेशलाई सुम्पिएका छौँ । हाम्रा बाबुनानीहरूको जति पनि ऊर्जा, अध्ययन, बुद्धि र विवेक छ, सबै नै विदेशमा प्रयोग गर्न बाध्य छन्

उनीहरू । त्यति मात्र नभएर पढाउने खर्च त एकातर्फ छँदैछ, अर्कातर्फ विदेश जाँदा लाग्ने खर्च भनेर कम्तीमा २० देखि ३५-४० लाख रुपियाँ खर्च गरी हामी हाम्रा बाबुनानीलाई विदेश पठाउँछौँ ।

अहिले म कुरा गरिरहेको छु अस्ट्रेलियाको मात्र । हाम्रा बाबुनानीहरू त्यस मुलुकमा पुगिसकेपछि पनि अझ नेपालबाट खर्च पठाउन रोकिएको हुँदैन । किनकि उनीहरूलाई जानेबित्तिकै त्यहाँ काम मिल्दैन । कथंकदाचित मिलिहाल्यो भने पनि उनीहरूलाई आइफोन किन्न, गाडी किन्न र कोठाभाडा तिर्नसमेत हम्मेहम्मे परेको देखिन्छ । त्यसैले अलिकति आर्थिक व्यवस्थापन भएका बाबुआमाहरूले नेपालबाट फेरि थप पैसा पठाइरहेका हुन्छन् ।

अस्ट्रेलियाबाट नेपालमा आउने भनेको चाहिँ कति त ? उनीहरूले कमाइहाले पनि नेपालमा आउने भनेको बिरामी पर्दा साधारण उपचार खर्च, पुराना आइफोन र त्यहाँ घुमघाम गर्दाका फोटाहरू । तीचाहिँ आउने गर्छन् ।

मेरो अनुभवमा नेपालमा उनीहरूले कमाएको पैसा न पर्याप्त मात्रामा रेमिट्यान्सबाट आउँछ, न नेपालमा बाबुआमालाई या परिवारलाई समस्या पर्दा आर्थिक सहयोग नै पर्याप्त मात्रामा प्राप्त हुन्छ । किनकि उनीहरू त्यस ठाउँमा एक खालको दलदलमा फसिसकेका हुन्छन् । गाडी किन्छन्, किस्ता हाल्नुपर्छ । घर किन्छन्, किस्ता हाल्नुपर्छ । त्यसैले चाहेर पनि उनीहरू नेपाललाई सहयोग गर्न या नेपालमा पैसा पठाउन सक्दैनन् ।

हामी भन्ठान्छौं हाम्रा बाबुनानीहरू अस्ट्रेलिया गएपछि हाम्रा सबै आर्थिक समस्याहरू पार लाग्छन्, ऋण गरेर पठाए पनि ऋणहरू सबै चुक्ता हुन्छन्, सबै समस्या समाधान हुन्छन् । तर त्यो बिलकुल होइन । बरू त्यस ठाउँमा अलिकति 'सेटल' भएपछि आफ्ना अभिभावकहरूलाई यस ठाउँमा घुमाऊँ भन्ने खालको उनीहरूमा सोच आउँछ । त्यस्तो सोच धेरैजनामा देखिन्छ । त्यो पनि एक किसिमले नेपालीलाई ठूलो घाटा हो । घुमघाम गर्ने, रमाइलो गर्ने, देश हेर्ने अवसर त अवश्य मिल्छ, तर पनि आर्थिक व्यवस्थापनचाहिँ हामीले नै गर्नुपर्ने देखिन्छ । त्यसैले अस्ट्रेलियामा रहेका हाम्रा

छोराछोरीहरूले कमाएर नेपाल पठाउनेभन्दा पनि नेपालबाट नै प्रशस्त पैसा त्यसतर्फ गएको देखिन्छ ।

हाम्रा छोराछोरी विदेश गएनन् भने हामी पछि पर्छौं कि भन्ने सोच पनि हामी नेपालीको मानसिकतामा गढेको छ । हाम्रा बाबुनानीहरूमा समेत विदेश या अस्ट्रेलिया जान पाइयो भने स्वर्ग नै पुगिन्छ कि भन्ने सोच पनि छँदैछ । त्यसैको उपजका रूपमा अहिले नेपालमा युवाहरूको खडेरी परिसकेको छ ।

मैले 'हेर्ने कथा' मार्फत विद्या चापागाईंको खोजमा धनकुटा जिल्लाको बुढीमोरङ साँगुरीगढी गाउँपालिकाको एउटा बस्तीमा भएको अध्ययन-अनुसन्धान हेरेँ । मेरो मन साह्रै नै विचलित भयो । किनकि त्यस गाउँमा युवाहरू नभएर वृद्धवृद्धाहरूको मृत्युसंस्कारका लागि लास बोक्ने जनशक्ति नै पाइन छोडेछन् । त्यसैले त्यहाँका बुढाबुढी भइसकेका आमाबुबाहरूले आफ्नै जग्गामा कपुरथान नाम दिएर आफ्ना लागि आफैंले चिहान बनाएका रहेछन् । यस्तो विडम्बना हाम्रो नेपालमा युवाहरूको खडेरीका कारणले भएको जस्तो लाग्छ ।

मैले विद्या चापागाईकै 'हाम्रो कथा' खोजमार्फत अर्को घटना पनि थाहा पाएँ । त्यसमा स्याङ्जाका एक युवकले देशप्रतिको माया, परिवारको माय र साथीभाइको माया दर्साएको देखिन्छ । उनलाई परिवारले अस्ट्रेलिया जानका लागि धेरै नै दबाब दिएपछि उनी गाउँबाट काठमाडौं आउँछन् । उनलाई भने आफ्नै गाउँ र आफूलाई जन्म दिने बाबुआमा असाध्यै प्यारो लागिरहेको थियो । उनलाई अस्ट्रेलिया जाने मन पटक्कै थिएन । उनी सङ्गीतप्रेमी पनि थिए । त्यसैले उनी अस्ट्रेलिया जाने कोर्स नपढीकन सङ्गीत सिक्नतर्फ लागे । उनले सङ्गीतमा राम्रो अनुभव हासिल गरे र उनी गाउँ फर्के । गाउँमा गएर आफ्ना मनमिल्दा साथीभाइहरूसँग मिलेर उनले मुरली नामक गाई फर्म खोले । उनी आफ्नै गाउँको माटोमा रमाएर अनि आफ्नै गाउँमा भएका सामाजिक क्रियाकलापमा खुसी भएर, आफूलाई जन्म दिने मातापिताको सेवा गरेर आनन्दित र सुखमय जीवन यापन गरिरहेका छन् ।

के विदेशमा मात्रै सुखको साधन प्राप्त हुने हो त ? आफ्नो सीप, आफ्नो जाँगर र आफ्नो बुद्धिविवेक प्रयोग गऱ्यो भने नेपालमा पनि अवसर नभएको चाहिँ पक्कै होइन । विदेशमा जस्तो सुटेडबुटेड भएर नेपालमा हिँड्न नसकिएला, तर पनि आफ्नो देश, आफ्नो जन्मभूमि, आफ्ना साथीभाइ, आफूलाई जन्म दिने मातापिताको साथमा बसेर रमाउँदा छुट्टै खालको आनन्द आउँछ । अर्कातर्फ हामी मानव भएर जन्मेको धर्तीको ऋण तिर्नका लागि पनि हामीले आफ्नै देशमा केही गर्दा राम्रो हुन्छ ।

यस पुस्तकको लेखनमा मेरो मन किन एकोहोरियो भन्ने कुराको पृष्ठभूमि यही नै हो ।

अर्को कुरा, हामी जुन उद्देश्यले अस्ट्रेलिया गएका छौँ, त्यो उद्देश्य हाम्रै देशमा परिपूर्ति हुने वातावरण हामीले बनायौँ भने हाम्रो देश पनि अस्ट्रेलियाजस्तै बन्छ । अनि हामीले अस्ट्रेलिया जानैपर्दैन । अस्ट्रेलियाले नेपालीलाई आफ्नो देशमा तान्न सक्छ भने नेपालले चाहिँ अस्ट्रेलियालीहरूलाई आफ्नो देशमा किन तान्न सक्तैन ? हामीले नेपाललाई अस्ट्रेलियाभन्दा विकसित बनाएर अस्ट्रेलियाका नागरिकलाई नेपालमा आउन बाध्य पार्नु वेश होइन र ?

●

# नेपाल र अस्ट्रेलिया

**नेपाल र अस्ट्रेलियाको परिचय :**

नेपाल र अस्ट्रेलिया भौगोलिक, आर्थिक, सांस्कृतिक र अन्तर्राष्ट्रिय स्थानका हिसाबले धेरै फरक छन् । तर पछिल्ला वर्षहरूमा आप्रवासन, शिक्षा र अवसरका माध्यमबाट यी दुई देशबीचको सम्बन्ध गहिरिँदै गएको छ ।

नेपाल हिमालयको काखमा रहेको भूपरिवेष्ठित मुलुक हो । यो मुलुक प्राकृतिक सौन्दर्य, प्राकृतिक विविधता र पुरातात्त्विक सम्पदाले भरिएको छ । तर राजनीतिक अस्थिरता, सीमित रोजगारीका अवसरहरू र उच्च युवा बेरोजगारी जस्ता समस्याहरूले देशलाई चुनौती दिइरहेका छन् । कृषिमा आधारित अर्थतन्त्र रहेको नेपालमा रेमिट्यान्सले महत्त्वपूर्ण भूमिका खेलिरहेको छ ।

अस्ट्रेलिया विकसित मुलुक हो । त्यहाँ स्थिर राजनीतिक प्रणाली, उच्च जीवनस्तर, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा तथा विविध संस्कृतिको सहअस्तित्व पाइन्छ । त्यहाँ दक्ष जनशक्तिको उच्च माग भएकाले अस्ट्रेलिया नेपाली युवाहरूका लागि रोजगारी, अध्ययन र सुरक्षित भविष्यका लागि प्राथमिक गन्तव्य बन्दै गएको छ ।

**बसाइँसराइको प्रवृत्ति :**

पछिल्लो दुई दशकको अवधिमा नेपालबाट विदेशी भूमितर्फ बसाइँसराइ गर्नेको सङ्ख्यामा तीव्र वृद्धि आएको छ । यो प्रवृत्ति विशेषतः श्रम आप्रवासन र शैक्षिक आप्रवासनका दुई प्रमुख धारमार्फत देखिन्छन् ।

**श्रमिक आप्रवासन :**

खाडी मुलुकहरू कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र मलेसिया जस्ता देशहरू नेपाली श्रमिकहरूका प्रमुख

गन्तव्य बनेका छन् । यहाँ रोजगारी पाउन नेपाली युवाहरूले जोखिमपूर्ण कार्य र कडा मौसममा काम गर्नुपरे पनि विदेशबाट आउने रेमिट्यान्सले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । सन् २०२३ मा मात्रै नेपालले २ अर्ब अमेरिकी डलर बराबरको रेमिट्यान्स प्राप्त गरेको छ ।

**शैक्षिक र स्थायी बसोबासतर्फको आप्रवासन**

हालको दशकमा अस्ट्रेलिया, अमेरिका, क्यानडाजस्ता विकसित राष्ट्रहरू नेपाली विद्यार्थीहरूको आकर्षणका केन्द्र बनेका छन् । तीमध्ये अस्ट्रेलिया सबैभन्दा लोकप्रिय गन्तव्य बनेको छ । त्यहाँ विद्यार्थीहरूले प्रारम्भमा अध्ययनका लागि जाने र पछि स्थायी बसोबासको प्रक्रिया अघि बढाउने प्रवृत्ति देखिन्छ । सन् २०२२/२३ मा करिब ५०,००० भन्दा बढी नेपाली विद्यार्थी अस्ट्रेलियामा अध्ययनरत थिए । अस्ट्रेलियामा रहेका नेपालीले धेरैजसो शिक्षासँगै रोजगारी पनि गर्दै आएका छन् । यसले उनीहरूको आर्थिक हैसियत सुधार गर्नुका साथै नेपालमा रहेका परिवारलाई पनि सघाएको छ ।

**सामाजिक प्रभावहरू :**

बसाइँसराइको प्रवृत्तिले नेपालको जनशक्ति संरचना, सामाजिक संरचना र युवा पुस्ताको सोचमा गहिरो प्रभाव पारेको छ । देशभित्र रोजगारीको अवसरको अभावले युवाहरूलाई विदेश जान बाध्य बनाएको देखिन्छ ।

**नेपालीहरू नेपालमा बस्न किन चाहँदैनन् ?**

नेपालको राजनीति धमिलो भएकाले त्यसको असर सबै क्षेत्रमा परेको छ । फलतः नेपालीहरू नेपालमा बस्न चाहिरहेका छैनन् ।

**युवा बेरोजगारी सङ्कट :**

नेपालमा पछिल्लो दशकमा उच्च शिक्षामा पहुँच विस्तार भए पनि रोजगारीका अवसरहरू सोही अनुपातमा सिर्जना भएका छैनन् ।

हरेक वर्ष हजारौँ स्नातक र स्नातकोत्तर विद्यार्थीहरू विश्वविद्यालयमा उत्तीर्ण हुन्छन् । तर उनीहरूले सीप अनुकूलको रोजगारी पाउन धेरै सङ्घर्ष गर्नुपर्छ ।

विशेषतः प्रविधि, व्यवस्थापन, इन्जिनियरिङ र समाजशास्त्र जस्ता क्षेत्रमा पढाइ सकेर पनि नियमित काम पाउन सक्ने सुनिश्चितता छैन । सरकारी सेवाको सपना बोकेर तयारी गर्नेहरू लोकसेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा वर्षौं बिताउँछन् । तर त्यसको परिणाम अनिश्चित हुन्छ । निजामती क्षेत्रमा सीमित पद, निजी क्षेत्रमा न्यून तलब र अस्थायी करारले युवाहरूमा निराशा बढाउँछ ।

- अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार नेपालमा १६ देखि ३५ वर्ष उमेर समूहमा बेरोजगारी दर अन्य उमेर समूहभन्दा उच्च छ ।
- धेरै शिक्षित युवा आंशिक वा अस्थायी रोजगारमा सीमित छन् । यसलाई अर्धरोजगारी भनिन्छ ।
- ग्रामीण क्षेत्रका युवाहरू शहरतिर काम खोज्दै आउने क्रम बढेको छ । यसले शहरी बेरोजगारी थप चर्काएको छ । यसले गर्दा सामाजिक-आर्थिक असर थपिएको छ ।
- बेरोजगारीका कारण धेरै युवामा असन्तोष, मानसिक तनाव र देशप्रतिको निराशा बढ्दै गएको पाइन्छ ।
- स्वरोजगार वा उद्यमशीलताको अभाव, बैङ्कबाट ऋण प्राप्त गर्न सकिने सहज पहुँच नहुनु र दीर्घकालीन योजना बनाउन नसक्ने सरकारी संरचनाले समस्या झन् गहिरो बनाएको छ ।

यिनै कारणले धेरै युवा विदेशी रोजगारलाई अन्तिम विकल्पका रूपमा रोज्न बाध्य छन् । बेरोजगारीको विकल्पमा अस्ट्रेलिया, जापान, अमेरिका, क्यानडा, बेलायत र खाडी मुलुकहरू शिक्षाका लागि मात्र नभई रोजगारको आशामा पनि प्रमुख गन्तव्य बनेका छन् । अस्ट्रेलियामा अध्ययनसँगै काम गर्न पाउने सुविधा, न्यूनतम

पारिश्रमिकको सुनिश्चितता र दीर्घकालीन बसोबासको सम्भावनाले गर्दा धेरै युवा त्यतातिर आकर्षित छन् ।

**आर्थिक जडता र राजनीतिक अस्थिरता :**

नेपालमा लामो समयदेखि आर्थिक प्रगति स्थिर र धीमा छ । विकास योजनाहरू घोषणामा मात्र सीमित हुने, कार्यान्वयनमा ढिलासुस्ती हुने र भ्रष्टाचारका कारण जनताको विश्वास घट्दो क्रममा छ । अर्थतन्त्र मुख्यतः वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्समा भर पर्ने भए पनि त्यो दिगो विकासको आधार बन्न सक्दैन । आर्थिक जडताका सङ्केतहरू यी हुन् –

● **औद्योगिक क्षेत्रको गिरावट** : साना-मझौला उद्योगहरूको सङ्ख्या घट्दै गइरहेको छ र निजी क्षेत्रले दीर्घकालीन लगानी गर्न डर मानेको छ ।

● **कृषिमा निर्भरता** : अझै पनि देशको ठूलो जनसङ्ख्या कृषि पेशामा निर्भर छ । तर कृषि उत्पादन परम्परागत प्रविधिमा आधारित छ र पर्याप्त नाफा दिन सक्दैन ।

● **निर्यातभन्दा आयात धेरै** : व्यापार घाटा लगातार बढिरहेको छ । यसले गर्दा विदेशी मुद्रा सञ्चितिमा दबाब सिर्जना भएको छ ।

**राजनीतिक अस्थिरता :**

राजनीतिक सङ्क्रमण, पटक-पटक हुने सरकार परिवर्तन, गठबन्धनको अनिश्चितता र नीति निर्माणमा निरन्तरताको अभावले लगानीकर्तालाई अन्योलमा राखेको छ । निर्णायक योजनाहरू जनमुखी नभई पार्टीगत स्वार्थ अनुसार बन्ने प्रवृत्तिले विकासको गतिमा अवरोध पुऱ्याएको छ ।

**जनशक्ति पलायन :**

रोजगारमुखी शिक्षा लिएर पनि देशमा अवसर नपाएका कारण युवाहरू विदेशतिर पलायन भइरहेका छन् । दक्ष श्रमशक्तिको ह्रासले

देशको उत्पादक क्षमता घटिरहेको छ । यसले गर्दा भविष्यमा बौद्धिक जनशक्ति पलायनको अझ गम्भीर समस्या उत्पन्न सक्छ ।

**सामाजिक प्रभावहरू :**

● आत्मनिर्भरता होइन, आश्रित अर्थतन्त्र निर्माण हुँदैछ ।

● सञ्चार, स्वास्थ्य, पूर्वाधार जस्ता क्षेत्रमा सुधार अपेक्षाकृत सुस्त छ ।

● विकास बजेट खर्च गर्न नसक्ने वा समयमै काम नगर्ने प्रवृत्तिले जनता निराश भएका छन् ।

**शिक्षा र नेपाली युवाको आकाङ्क्षा :**

नेपालका धेरै युवाका लागि शिक्षा भनेको ज्ञान प्राप्त गर्ने माध्यम मात्र होइन, जीवनको स्तर उकास्ने, परिवारको आर्थिक अवस्था सुधार्ने र सामाजिक मान्यता प्राप्त गर्ने महत्त्वपूर्ण साधन पनि हो । तर नेपालको वर्तमान शैक्षिक संरचना र अवसरहरू युवाहरूका आकाङ्क्षा पूरा गर्न पर्याप्त छैनन् ।

सार्वजनिक विद्यालयहरूमा गुणस्तरीय शिक्षाको कमी, निजी विद्यालयको महँगो शुल्क र विश्वविद्यालयमा राजनीतिक हस्तक्षेपले गर्दा विद्यार्थीहरूको भविष्य अन्योलपूर्ण बनको छ । धेरैजसो कलेजहरूमा व्यावसायिक सीपभन्दा सैद्धान्तिक ज्ञान मात्र दिइन्छ । यसले गर्दा स्नातक गरेपछि रोजगार पाउन झनै गाह्रो हुन्छ ।

युवाहरूले विदेशमा पढ्न जाने मुख्य कारण भनेको गुणस्तरीय शिक्षा, विश्वस्तरीय उपाधि र अन्तर्राष्ट्रिय ख्याति प्राप्त गर्नु हो । अस्ट्रेलिया जस्ता देशहरूमा आंशिक काम गर्न पाउने सुविधा, पोस्ट-स्टडी वर्क भिसा र प्रवेशयोग्य स्थायी बसोबासको सम्भावना जस्ता कुराहरूले पनि युवा पुस्तालाई आकर्षित गरेको छ ।

अस्ट्रेलियामा पढाइका साथसाथै काम गर्ने अवसर र व्यक्तित्व विकासको सम्भावनाले नेपाली युवाहरूको आँखामा भविष्यको उज्यालो चित्र कोरेको छ । नेपालमै उच्च शिक्षा गरेपछि पनि

बेरोजगार बस्नुपर्ने अवस्थालाई हेर्दा विदेश जानु उनीहरूका लागि बाध्यता नै बन्न पुगेको छ ।

● नेपालमा व्यावसायिक शिक्षाको कमी र त्यसको असर,

● कोठामा पढेर परीक्षामा उत्तीर्ण हुन नसकेका युवाहरूको मनोबलमा आएको ह्रास,

● विदेशी डिग्रीप्रतिको समाजमा बढ्दो सम्मान, अनि

● एजेन्टहरूद्वारा विदेशको सुनौलो सपना बेच्ने प्रवृत्ति

जस्ता कुराहरूले पनि विदेश पलायन बढिरहेको छ ।

**साथीभाइ र परिवारबाट पर्ने दबाब :**

नेपालमा विदेश जानु केवल आर्थिक आवश्यकता नभएर सामाजिक अपेक्षा पनि बन्दै गएको छ । आजभोलि कसैका छोराछोरी अस्ट्रेलिया, अमेरिका, क्यानडा वा युरोप गए भनेर गाउँ-शहरमा गफ गर्ने चलन सामान्य बनिसकेको छ । यस्तो सामाजिक प्रवृत्तिले धेरै युवामा मानसिक दबाब सिर्जना गरिरहेको छ । 'अरू गए, म किन पछि पर्ने ?' भन्ने सोच बलियो बन्दै गएको छ ।

**परिवारबाट उत्पन्न हुने दबाब :**

नेपालमा सामाजिक संरचना अझै पनि सामूहिक सोचमा आधारित छ । यहाँ परिवार र समाजको अपेक्षा व्यक्तिगत निर्णयहरूमा गहिरो प्रभाव पार्छ । विशेषतः युवाहरूको जीवनको दिशा तय गर्न अभिभावकको भूमिका निकै प्रभावशाली हुन्छ ।

धेरैजसो नेपाली अभिभावकहरू आफ्ना छोराछोरीले विदेश गएर राम्रो भविष्य बनाउने अपेक्षा राख्छन् । भविष्यको त्यो परिभाषा आर्थिक समृद्धि, स्थायित्व र सामाजिक उचाइसँग गाँसिएको हुन्छ । छिमेकी वा आफन्तका बच्चाहरू अस्ट्रेलिया, अमेरिका वा क्यानडामा बसेर राम्रो आम्दानी गरिरहेको देखेपछि त्यस्तै सपना आफ्ना सन्तानका लागि पनि देख्न थालिन्छ । 'फलानाको छोरा त गयो, तँचाहिँ केही सोच्दैनस् ?' भन्नेजस्ता अभिव्यक्तिहरूले युवाहरूमा

मानसिक दबाब सिर्जना गर्छ । कतिपय अवस्थामा युवाहरूको व्यक्तिगत चाहनाभन्दा पनि परिवारको इज्जत र सामाजिक स्तरले भूमिका ठूलो बन्न पुग्छ ।

कतिपय अभिभावकहरू ऋण लिएर, जग्गा धितो राखेर वा सम्पत्ति बेचेर पनि आफ्ना छोराछोरीलाई विदेश पठाउने निर्णय गर्छन् । उनीहरूका लागि यो निर्णय केवल आर्थिक लगानी होइन, परिवारको सामाजिक प्रतिष्ठा जोगाउने प्रयास पनि हो । तर यस्ता अपेक्षाहरूले कहिलेकाहीँ युवाहरूमा दबाब, असहजता वा अपराधबोधको अनुभव पनि गराउँछन् । जब अध्ययन र रोजगारी दुवैमा सन्तुलन मिलाउन कठिनाइ हुन्छ वा अपेक्षा अनुसार परिणाम आउँदैन, तब दबाब झन् बढ्छ ।

**साथीभाइबाट हुने प्रभाव :**

● साथीहरूको प्रभावका कारण धेरै नेपाली युवाहरूले आफूमा भएको रुचि र क्षमतामा भन्दा बढी अरू के गर्दैछन् भन्ने कुरामा ध्यान दिन्छन् । कसैले कला वा व्यवसायमा रुचि राखे पनि अरू साथी इन्जिनियरिङ वा आईटी पढ्न विदेश गएका छन् भने उनीहरू पनि अनिच्छुक रूपमा नै पनि त्यही बाटो रोज्छन् ।

● कतिपय विद्यार्थीहरू स्पष्ट योजना वा अध्ययनमा रुचि नहुँदानहुँदै पनि केवल साथीसँग विदेश जानुपर्ने मनोवृत्तिले आवेदन दिने गर्दछन् । विद्यार्थीले रुचि नभएको विषयमा आवेदन दिए भने अध्ययन र इन्टर्नसिपको चापले मानसिक तनाव र निराशा भोग्नुपर्छ ।

● विदेशमा रहेका साथीहरूले सामाजिक सन्जाल फेसबुक, इन्स्टाग्राम, टिकटक आदिमा पोस्ट गर्ने गरेको यात्राका तस्बिर, नयाँ गाडी, रमाइलो जीवनशैली र सफलताका कथाहरूले नेपालमा रहेका युवाहरूमा हीनभावना, अधूरोपन र बेचैनी पैदा गर्छ । आफूले स्थानीय रूपमा राम्रो अवसर नपाएको बेलामा अर्काले लेखेको पोस्ट देख्दा त्यो सामाजिक तुलनाले युवाको आत्मविश्वास र सन्तुष्टि घटाउने काम गर्न सक्छ ।

धेरैजसो युवाहरू आफ्नो रुचि, क्षमता वा दीर्घकालीन योजना नबुझीकनै साथी वा परिवारको दबाबमा परेर विदेश जाने निर्णय गर्छन् । परिणामस्वरूप उनीहरू आफूले चाहेको भन्दा फरक क्षेत्र रोज्न बाध्य हुन्छन् । यसले गर्दा पढाइ, काम र जीवनशैलीमा असन्तुष्टि निम्तिन्छ ।

एकजना विद्यार्थीलाई सङ्गीतमा गहिरो रुचि थियो, तर परिवारले पीआर आउने सजिलो कोर्स भनेर नर्सिङ पढ्न पठाए । सुरुमै उनमा बिरामीसँग व्यवहार गर्न डर लाग्ने, लामो सिफ्ट सहन नसक्ने जस्ता समस्या देखिए । यसले उनको पढाइमै प्रभाव पाऱ्यो र अन्ततः कोर्स परिवर्तन गर्नुपऱ्यो ।

यस्तो अवस्थामा दीर्घकालीन रूपमै जीवनको दिशा प्रभावित पार्न सक्छ । कोर्स पटक-पटक परिवर्तन गर्नुपर्दा वा अनिच्छुक काम गर्दा आत्मग्लानि महसुस हुनु स्वाभाविकै हो ।

धेरैले आर्थिक ऋण लिएर विदेश जाने भएकाले त्यहाँ पुगेर आय नआउँदासम्म दबाब अत्यधिक हुन्छ । पढाइसँगै २० घन्टा कामको सीमाले गर्दा कहिलेकाहीँ काम र पढाइमा सन्तुलन राख्न गाह्रो हुन्छ । यसले प्राज्ञिक पक्षमा कमजोरी ल्याउन सक्छ ।

अपेक्षा अनुसारको 'अस्ट्रेलियन सपना' पूरा नभएपछि उनीहरूमा डिप्रेसन जस्ता मानसिक समस्या देखिन थाल्छन् । धेरै युवाहरूले आफन्तलाई 'सबै कुरा ठीक छ' भनिरहेका हुन्छन् । तर वास्तवमा उनीहरू पीडामा हुन्छन् ।

कतिपयले अध्ययन छोडेर पूर्णकालीन काम गर्न सुरु गर्छन् । त्यसबाट व्यक्तित्व विकास खण्डित हुन्छ र त्यसले अस्थिरता पनि निम्त्याउँछ ।

अर्कातर्फ जब घरमा पनि कुरा लुकाइन्छ, अनि दोहोरो मानसिक दबाब पर्छ । मनभित्र पीडा हुन्छ, तर बाहिर खुसी भएको देखाउने अभिनय गर्नुपर्छ । यसले अन्ततः मानसिक असन्तुलनमा सम्म पुऱ्याउन सक्छ ।

●

# अस्ट्रेलिया नै किन ?

प्रत्येक वर्ष हजारौँ नेपालीहरू अस्ट्रेलिया जान्छन् । सन् २०२३ मा मात्र करिब २५,००० भन्दा बढी नेपालीले अस्ट्रेलियाको विद्यार्थी भिसा लिएर अध्ययनका लागि प्रवेश पाएका थिए । त्यसै गरी रोजगार भिसामार्फत पनि नेपाली श्रमिकहरूको सङ्ख्या तीव्र रूपमा बढ्दैछ । यसबाट अस्ट्रेलियाको इमिग्रेसन नीति नेपाली युवाहरूका लागि अत्यन्त आकर्षक रहेको बुझिन्छ ।

विश्वव्यापी रूपमा अस्ट्रेलियाले सन् २०२३ सम्म लगभग ७० लाख इमिग्रेसनलाई अनुमति दिएको छ । अस्ट्रेलियाले विकासशील देशहरूबाट दक्ष जनशक्ति र विद्यार्थीहरूलाई स्वागत गर्ने प्रमुख लक्ष्य बनाएको छ । नेपालबाट आउने इमिग्रेसनमध्ये युवा, शिक्षित र दक्ष व्यक्तिहरूको भाग उच्च छ ।

यसले नेपाली युवाहरूको भविष्य निर्माणमा अस्ट्रेलियाको महत्त्वलाई देखाएजस्तो लाग्छ ।

अस्ट्रेलियाप्रति किन यति आकर्षण छ ? के कारणले नेपालीहरू यहाँ बस्न, काम गर्न र पढ्न खोज्छन् ? अस्ट्रेलियाको इमिग्रेसन नीति, विद्यार्थी भिसा प्रणाली, उपलब्ध अवसरहरू, भाषाको लाभ, डायस्पोरा समुदायको भूमिका र नेपालमा सक्रिय कन्सल्टेन्सीहरूको प्रभावका बारेमा यहाँ चर्चा गरिनेछ । यसबाट अस्ट्रेलियातर्फको नेपालीको आकर्षणका कारणहरूका बारेमा स्पष्ट हुन सकिनेछ ।

**अस्ट्रेलियाको इमिग्रेसन नीति र विद्यार्थी भिसा प्रणाली :**

अस्ट्रेलिया विश्वकै खुला र आकर्षक इमिग्रेसन नीति भएको देशमध्ये एक मानिन्छ । यसको नीति शिक्षित, दक्ष र योग्यता सम्पन्न व्यक्तिहरूलाई आकर्षित गर्न केन्द्रित छ, जसले देशको आर्थिक विकास र सामाजिक स्थिरतामा योगदान पुऱ्याउँछ । अस्ट्रेलियाले ‘प्वाइन्ट बेस्ड स्किल्ड माइग्रेसन’ प्रणाली लागू गरेको

हुँदा यसमा उमेर, शिक्षा, अनुभव र भाषागत दक्षता अनुसार आवेदकलाई अङ्क दिइन्छ र योग्य उमेदवारलाई प्राथमिकता दिइन्छ ।

यसरी दक्ष जनशक्ति, पारिवारिक पुनर्मिलन, मानवीय भिसा तथा विद्यार्थी भिसा लगायत विभिन्न श्रेणीहरू समेट्ने इमिग्रेसन नीतिले अस्ट्रेलियालाई विश्वव्यापी रूपमा आकर्षक गन्तव्य बनाएको छ ।

विद्यार्थी भिसा प्रणालीमा पनि व्यापक सुधार गरी अन्तर्राष्ट्रिय विद्यार्थीलाई सहज र स्पष्ट प्रक्रिया उपलब्ध गराइएको छ । सबक्लास ५०० विद्यार्थी भिसाले स्कुल तहदेखि विश्वविद्यालय र व्यावसायिक तालिमसम्म अध्ययन गर्ने अनुमति दिन्छ । 'जेन्युइन टेम्पोररी इन्ट्रान्ट' प्रक्रियामार्फत विद्यार्थीको उद्देश्य र योजनाको मूल्याङ्कन गरिन्छ, जसले विद्यार्थीको आवासीय स्थिति र अध्ययनको वास्तविक उद्देश्य सुनिश्चित गर्छ ।

अस्ट्रेलियाले विद्यार्थीहरूलाई अध्ययनपछि केही वर्षसम्म काम गर्ने अवसर पनि प्रदान गर्छ । यसबाट विद्यार्थीलाई अनुभव सङ्कलन गरी स्थायी बसोबास (पीआर – परमानेन्ट रेसिडेन्सी) का लागि आवेदन गर्ने बाटो खुल्छ । यो दीर्घकालीन इमिग्रेसन नीति नेपाली युवाहरूलाई मात्र होइन, विश्वभरका विद्यार्थीहरूलाई पनि आकर्षित गर्ने मुख्य कारण हो ।

अस्ट्रेलियामा परिवार पुनर्मिलनका लागि पनि स्पष्ट मार्ग उपलब्ध छ । यसले स्थायी बसोबास पाएपछि आफन्तलाई ल्याउन सजिलो बनाएको छ । मानवीय भिसा तथा शरणार्थी नीतिमार्फत सङ्कटग्रस्त व्यक्तिहरूलाई सुरक्षित वातावरण प्रदान गर्ने पहल पनि अस्ट्रेलियाको समग्र इमिग्रेसन नीति अन्तर्गत पर्दछ ।

यसरी अस्ट्रेलियाको समग्र इमिग्रेसन नीति शिक्षित, दक्ष र परिवारकेन्द्रित समुदायको निर्माणमा जोड दिँदै आर्थिक र सामाजिक विकासमा योगदान पुऱ्याउन सक्षम बनाउने उद्देश्यले तयार पारिएको छ । यो नीति नेपाली युवाहरूका लागि अवसरको ढोका खोल्ने प्रमुख माध्यम बन्न पुगेको छ ।

**देखिएका अवसरहरू :**

अस्ट्रेलिया उच्च शिक्षा, प्राविधिक तालिम, रोजगारी र स्थायी इमिग्रेसनका सम्भावनाहरूका कारण नेपाली युवामाझ लोकप्रिय गन्तव्य बनेको छ । 'पोस्ट स्टडी वर्क भिसा' पाउने सुविधा, स्थायी बसोवास (पीआर) को सम्भावना, न्यूनतम तलब दरको उच्चता र विद्यार्थीहरूलाई हप्तामा ४८ घन्टासम्म काम गर्न दिने नीति यहाँका मुख्य आकर्षणहरू हुन् ।

त्यसै गरी हस्पिटालिटी, सरसफाइ, वृद्धवृद्धाको हेरचाह, वेयरहाउस जस्ता क्षेत्रहरूमा सहज रोजगारी उपलब्ध हुनु र न्यूनतम तलब आकर्षक हुनुले पनि धेरैलाई आकर्षित गरेको छ ।

**भाषा र नेपाली समुदायको उपस्थिति :**

अस्ट्रेलियामा मुख्य भाषा अङ्ग्रेजी भएकाले नेपाली विद्यार्थी र कामदारहरूले भाषा अनुकूलन गर्न अन्य धेरै देशको तुलनामा सजिलो महसुस गर्छन् । नेपालमा अङ्ग्रेजी माध्यमबाट शिक्षित विद्यार्थीहरूलाई आईईएलटीएस, पीटीई जस्ता अन्तर्राष्ट्रिय मान्यताप्राप्त परीक्षामा राम्रो स्कोर गरेपछि अस्ट्रेलिया जाने योग्यता प्राप्त हुन्छ । यसले विद्यार्थीहरूलाई पढाइमा सहजता दिने मात्र होइन, सामाजिक रूपमा पनि छिटो घुलमिल हुन मद्दत गर्छ ।

त्यसै गरी सिडनी, मेलबर्न, ब्रिसबेन, एडेलेड र क्यान्बेरा जस्ता मुख्य शहरहरूमा नेपाली समुदायको उपस्थिति उल्लेखनीय छ । सन् २०२१ को जनगणना अनुसार नेपालमा जन्मेका व्यक्ति सिडनीमा ५९०५५ जना, मेलबर्न र भिक्टोरिया क्षेत्रमा २०१५४ जना, ब्रिसबेनमा ६४५९ जना, एडेलेडमा ७०५५ जना र क्यान्बेरामा ५६८९ जना रहेका छन् । हजारौँ नेपाली विद्यार्थी, पेशागत कामदार, व्यवसायी र परिवारहरू त्यहाँ बसोबास गर्छन् । यो समुदाय सहयोगी, सक्रिय र आत्मीय भएर नयाँ आगन्तुकहरूको मार्गदर्शन र सहयोगमा अगाडि आउँछ ।

नेपाली सङ्घ-संस्थाहरू, सांस्कृतिक मञ्चहरू, मन्दिर तथा गुम्बाहरूले मात्र धार्मिक र सांस्कृतिक जीवनको संरक्षण गर्दैनन्,

नयाँ नेपालीहरूलाई सामाजिक रूपमा जोड्ने पुलको काम पनि गर्छन् । सामुदायिक कार्यक्रमहरू, सांस्कृतिक महोत्सवहरू, भाषा कक्षा र पेशागत नेटवर्किङ प्लेटफर्महरूले नयाँ आगन्तुकलाई आफ्नो पहिचान र परम्परा जोगाउन मद्दत पुऱ्याउँछन् । यस्तो कार्यले नेपालीहरूलाई अस्ट्रेलियामा आत्मनिर्भर र सशक्त समुदायका रूपमा स्थापित गर्न ठूलो भूमिका खेलिरहेको छ ।

यसरी भाषागत सहजता र बलियो डायस्पोरा नेटवर्कले नेपालीहरूको अस्ट्रेलिया बसोबासमा सफलताको आधार तयार पार्न महत्त्वपूर्ण योगदान दिएका छन् ।

**नेपालका कन्सल्टेन्सी र एजेन्टहरूको भूमिका :**

नेपालमा हजारौँ शैक्षिक कन्सल्टेन्सीहरू अस्ट्रेलियामुखी विद्यार्थी भर्ना तथा आवेदन प्रक्रिया व्यवस्थापनमा संलग्न छन् । यी संस्थाहरूले आईईएलटीएस र पीटीई तयारीदेखि लिएर उपयुक्त कोर्स छनोट, भिसा आवेदन प्रक्रिया, आवश्यक कागजात तयारी लगायतका सेवाहरू प्रदान गर्छन् । धेरै विद्यार्थीहरूका लागि यी कन्सल्टेन्सीहरूले जटिल भिसा नियम र आवेदन प्रक्रियालाई सजिलो बनाउने पुलको काम गर्छन् ।

तर यस क्षेत्रमा कन्सल्टेन्सी र एजेन्टहरूको भूमिका पूर्ण रूपमा सकारात्मक मात्र छैन । कतिपय कन्सल्टेन्सीहरू केवल व्यापारिक दृष्टिकोणले काम गर्ने भएकाले विद्यार्थीलाई राम्रो मार्गदर्शन दिन नचाहने वा झूटो आश्वासन दिने अवस्था देखिन्छ । केही कन्सल्टेन्सीहरूले विद्यार्थीको वास्तविक इच्छा र क्षमता नहेरी मात्र शुल्कका लागि नचाहिने वा अनावश्यक कोर्सहरूमा भर्ना गराउने प्रचलन पनि पाइन्छ । यसले गर्दा विद्यार्थीहरूलाई आर्थिक, शैक्षिक र भावनात्मक रूपमा क्षति पुग्ने खतरा हुन्छ ।

सन् २०१९ मा नेपाल सरकारले शिक्षा मन्त्रालय अन्तर्गत गठन गरेको एक समितिले अस्ट्रेलियन कलेजहरूसँग सम्बन्धित कन्सल्टेन्सीहरूका विषयमा अनुसन्धान गरे पनि सो समितिले कुनै कन्सल्टेन्सीका विरुद्ध कारबाहीको सिफारिस गरेको थिएन । यसले के

देखाउँछ भने केही विवाद र समस्याहरू रहे पनि ठोस प्रमाण नभएकाले तत्काल कारबाही गर्न कठिनाइ भइरहेको छ । यो घटनाले विद्यार्थी र अभिभावकलाई अझै सावधानी अपनाउन, अस्ट्रेलिया जाने विषयमा पुनर्विचार गर्न र जानैपरे प्रमाणित कन्सल्टेन्सी रोज्न आवश्यक रहेको सन्देश दिएको छ ।

यस समस्यालाई दृष्टिगत गर्दै नेपाल सरकार, अस्ट्रेलियन दूतावास र विभिन्न शैक्षिक संस्था तथा गैरसरकारी सङ्गठनहरूले कन्सल्टेन्सीहरूको दर्ता र नियमनमा जोड दिएका छन् । वैध र प्रमाणित कन्सल्टेन्सीको खोजी गर्न विद्यार्थी र अभिभावकहरूले सतर्कता अपनाउनु आवश्यक छ ।

सही र इमानदार कन्सल्टेन्सीहरूले विद्यार्थीहरूको सपना पूरा गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण भूमिका पनि खेल्दै आएका छन् । त्यस्ता संस्थाले विद्यार्थीलाई सही कोर्स र विश्वविद्यालय छनोट गर्न, भिसा प्रक्रियामा मार्गदर्शन गर्न र अध्ययनपछि रोजगारीका अवसरहरू बुझाउन मद्दत गरेका छन् ।

नेपाली विद्यार्थी र परिवारहरूले कन्सल्टेन्सी वा एजेन्ट रोज्दा विश्वासिलो, अनुभवी र प्रमाणित सेवाप्रदायक खोज्नु आवश्यक छ ।

## आर्थिक कारण र रोजगारीको अवस्था :

अस्ट्रेलिया विश्वकै समृद्ध देशहरूमध्ये एक हो । यहाँको आर्थिक संरचना बलियो छ । विशेषतः दक्ष जनशक्तिको माग उच्च भएकाले नेपालका युवाहरूलाई रोजगारका धेरै अवसरहरू प्रदान गर्दछ । अस्ट्रेलियामा स्वास्थ्य सेवा, सूचना प्रविधि, इन्जिनियरिङ, निर्माण, शिक्षण, कृषि र सेवा क्षेत्रमा विशेष माग पाइन्छ । त्यहाँ नेपाली आप्रवासीहरू सहज रूपमा काम गर्न सक्छन् ।

अस्ट्रेलियाको न्यूनतम ज्याला दर अन्य देशको तुलनामा उच्च मानिन्छ । हालको तथ्याङ्क अनुसार अस्ट्रेलियाको न्यूनतम ज्याला प्रति घन्टा लगभग अस्ट्रेलियन डलर २३.२३ (लगभग नेपाली १,९०० रुपियाँभन्दा बढी) रहेको छ । यसले नेपाली कामदारलाई काम गर्ने वातावरण र आम्दानीका हिसाबले आकर्षित गर्दछ ।

त्यसै गरी कामदारहरूको सुरक्षा, सामाजिक सुरक्षा सुविधा र कामका नियमहरू कडा र स्पष्ट भएकाले यहाँ काम गर्न चाहने नेपाली युवाहरूलाई लामो समयसम्म स्थायी रोजगार र बसोबासको सम्भावना धेरै हुन्छ ।

नेपालमा बेरोजगारीको दर उच्च रहेको अवस्थामा दक्ष जनशक्ति हुने युवा वर्गले अस्ट्रेलिया जस्ता मुलुकमा रोजगारीका अवसर खोज्नु स्वाभाविक छ । अध्ययनपछि काम गर्ने अनुमति प्राप्त हुने हुँदा नेपाली विद्यार्थीहरूलाई कामको अनुभव लिन र स्थायी बसोबासको बाटो खोल्न सहयोग पुऱ्याउँछ ।

नेपालबाट अस्ट्रेलिया प्रस्थान गर्ने युवा वर्गका लागि रोजगारी अवसरहरू मात्र नभई सामाजिक सुरक्षा र राम्रो जीवनस्तर पनि महत्त्वपूर्ण आकर्षणका कारक हुन् । यसैले नेपालीहरू आर्थिक प्रगति र व्यक्तिगत विकासका लागि अस्ट्रेलिया रोज्न थालेका छन् ।

**जीवनस्तर र सामाजिक सुविधा :**

अस्ट्रेलियाको स्वास्थ्य सेवा, शिक्षा प्रणाली, सामाजिक सुरक्षा र सार्वजनिक सेवा प्रणालीले बसोबास गर्ने सबैलाई सुरक्षित र सहज जीवन बिताउन मौका दिन्छ । नेपाली आप्रवासीहरूका लागि यी पक्षहरू अस्ट्रेलियामा बसोबास गर्ने मुख्य आकर्षणहरू हुन् ।

**स्वास्थ्य सेवा :**

अस्ट्रेलियाको सार्वजनिक स्वास्थ्य सेवा प्रणालीले सबै स्थायी बासिन्दा र केही अस्थायी भिसा धारकलाई निःशुल्क वा न्यून शुल्कमा चिकित्सा सेवा उपलब्ध गराउँछ । यसले आकस्मिक स्वास्थ्य समस्याहरूको चिन्ता कम गर्दै नेपाली परिवारहरूलाई सुरक्षित महसुस गराउँछ । निजी स्वास्थ्य बीमा पनि सहज उपलब्ध छ ।

**शिक्षा प्रणाली :**

अस्ट्रेलियाको शिक्षा प्रणाली उत्कृष्ट मानिन्छ । त्यहाँका सरकारी र निजी विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गर्दछन् ।

नेपाली आप्रवासीका बालबालिकाहरूलाई राम्रो शिक्षा सुविधा प्राप्त हुने भएकाले धेरै परिवारहरू यहाँ बस्ने चाहना राख्छन् । विश्वविद्यालयहरूमा उच्च गुणस्तरीय शिक्षा, अनुसन्धानका अवसरहरू र अन्तर्राष्ट्रिय विद्यार्थीका लागि विशेष व्यवस्था पनि छ ।

**सामाजिक सुरक्षा र कल्याण कार्यक्रम :**

स्थायी बासिन्दा र योग्य अस्थायी भिसा पाउनेहरूले बेरोजगारी भत्ता, पेन्सन योजना, बाल संरक्षण र मातृत्व सेवा जस्ता विभिन्न सामाजिक सुरक्षा सुविधा पाउँछन् । यी कार्यक्रमले आप्रवासीहरूको आर्थिक र सामाजिक सुरक्षा सुनिश्चित गर्दछ ।

**सार्वजनिक सुरक्षा र जीवन वातावरण :**

अस्ट्रेलियाका शहरहरू सफा, सुरक्षित र वातावरणीय रूपमा स्वस्थ मानिन्छन् । सार्वजनिक यातायात सुविधा, पार्क र मनोरञ्जन स्थलहरू सहज उपलब्ध छन् । यसले नेपाली आप्रवासीहरूको दैनिक जीवनलाई थप सहज र आरामदायी बनाउँछ ।

यी जीवनस्तर र सामाजिक सुविधाहरूले नेपालीहरूलाई अस्ट्रेलियामा दीर्घकालीन बसोबास र विकासको अवसर दिएका छन् । यसै कारणले धेरै नेपाली परिवारहरूले आफ्ना बच्चाहरूको उज्ज्वल भविष्यका लागि अस्ट्रेलिया रोज्ने गरेका छन् ।

**शैक्षिक गुणस्तर र अन्तर्राष्ट्रिय मान्यता :**

अस्ट्रेलियाको शिक्षा प्रणाली विश्वकै उत्कृष्ट र गुणस्तरीय शिक्षामा गनिन्छ । यहाँका विश्वविद्यालयहरू र शैक्षिक संस्थाहरूलाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त छ । अस्ट्रेलियाका पाँच विश्वविद्यालय विश्वकै शीर्ष १०० विश्वविद्यालयमा पर्छन् । तिनले नेपाली विद्यार्थीहरूलाई उत्कृष्ट शिक्षा दिई विश्वव्यापी मान्यता प्राप्त उपाधि प्रदान गर्ने विश्वास दिन्छ ।

मोनाश विश्वविद्यालय, मेलबर्न विश्वविद्यालय, सिडनी विश्वविद्यालय जस्ता संस्थाहरूले अनुसन्धान, नवीनता र

व्यावसायिक तालिममा उच्च स्तर कायम गरेका छन् । यी विश्वविद्यालयले व्यावहारिक र उद्योगमैत्री पाठ्यक्रमहरू प्रदान गर्दा विद्यार्थीहरूले रोजगारयोग्य दक्षता विकास गर्न सक्छन् ।

अस्ट्रेलियाको शिक्षा प्रणाली विद्यार्थीकेन्द्रित र गुणस्तर नियन्त्रणमा कडा छ । एउटा सरकारी निकायले उच्च शिक्षा संस्थाको गुणस्तर निगरानी गर्छ ।

नेपाली विद्यार्थीहरूलाई त्यहाँको शैक्षिक गुणस्तर र अन्तर्राष्ट्रिय मान्यताले आकर्षित गरेको छ । अस्ट्रेलियामा अध्ययन गरेपछि प्राप्त उपाधिले विश्वभर रोजगारीका अवसरहरू खोल्छ । त्यहाँको शैक्षिक वातावरणले विद्यार्थीलाई आलोचनात्मक सोच, अनुसन्धान क्षमता र सांस्कृतिक विविधताको सम्मान गर्ने भावना बढाउँछ ।

यसैले नेपाली विद्यार्थी र परिवारले अस्ट्रेलियालाई शिक्षा र भविष्य निर्माणका लागि प्राथमिक रोजाइ बनाएका छन् ।

## सुरक्षा र राजनीतिक स्थिरता :

अस्ट्रेलिया विश्वका १६० भन्दा बढी देशहरूमा तेस्रो सबैभन्दा सुरक्षित देश हो । त्यहाँको हिंसात्मक अपराध दर तुलनात्मक रूपमा कम छ । त्यहाँ राजनीतिक स्थिरता छ । त्यहाँको बहुदलीय लोकतन्त्रमा नियमित रूपमा शान्तिपूर्ण निर्वाचन हुने गर्छ र राजनीतिक अस्थिरताका कारण दैनिक जीवनमा प्रभाव पर्ने घटना न्यून छ ।

त्यसको विपरीत नेपालमा हालैका दशकहरूमा राजनीतिक अस्थिरता र आन्दोलनहरू बढेका छन् । त्यसले गर्दा आर्थिक र सामाजिक विकासमा असर परेको छ । सन् २०१५ मा संविधान जारी भएपछि पनि विभिन्न क्षेत्रहरूमा अस्थिरता देखिएको छ । यसैले पनि धेरै नेपालीहरू दीर्घकालीन स्थिरता र सुरक्षित वातावरण खोज्दै अस्ट्रेलिया जस्ता स्थिर राष्ट्रहरूमा जान रुचाउँछन् ।

त्यहाँको सरकारले सार्वजनिक सुरक्षा र आपतकालीन सेवामा ठूलो लगानी गरेको छ । प्रहरी सेवा, दमकल र स्वास्थ्य सेवा गुणस्तरीय छन् ।

अस्ट्रेलियाको सुरक्षा र राजनीतिक स्थिरता नेपालीहरूका लागि मुख्य आकर्षक पक्ष बनेको छ । त्यसले उनीहरूलाई परिवारसहित दीर्घकालीन बसोबास र व्यक्तित्व विकास गर्ने प्रेरणा दिन्छ ।

**अस्ट्रेलिया र अन्य गन्तव्यहरूको तुलना :**

नेपालका विद्यार्थी र कामदारहरू विदेशमा रोजगारी र अध्ययनका लागि प्रायः अस्ट्रेलिया, क्यानडा, संयुक्त राज्य अमेरिका र न्युजिल्यान्डलाई प्रमुख गन्तव्यका रूपमा रोज्छन् । तीमध्ये अस्ट्रेलिया किन विशेष लोकप्रिय छ भन्ने कुरामा केही महत्त्वपूर्ण पक्षहरू छन् ।

**इमिग्रेसन नीति र स्थायी बसोबास :**

अस्ट्रेलियाको इमिग्रेसन प्रणाली दक्ष जनशक्ति, विद्यार्थी, पारिवारिक पुनर्मिलन, मानवीय भिसा आदिलाई समेट्ने गरी स्पष्ट, पारदर्शी र विभिन्न श्रेणीमा विभाजित छ । विद्यार्थी भिसा पूरा भएपछि पनि केही वर्ष काम गर्ने अवसर पाउने व्यवस्था भएकाले स्थायी बसोबासको मार्ग सजिलो बनेको छ । क्यानडाले पनि दक्ष जनशक्तिका लागि आकर्षक प्रणाली राखेको छ । तर भिसा प्रक्रियामा लामो समय लाग्ने समस्या छ । संयुक्त राज्य अमेरिकामा कामदार भिसाहरू त छन्, तर प्रतियोगिता धेरै उच्च र प्रक्रियागत जटिलता बढी हुने गर्दछ । न्युजिल्याण्ड पनि तुलनात्मक रूपमा सानो बजार भएकाले इमिग्रेसन र रोजगारीमा अवसरहरू सीमित हुन सक्छन् ।

**रोजगारीको अवसर र आर्थिक अवस्था :**

अस्ट्रेलिया आर्थिक रूपमा स्थिर र विविध क्षेत्रीय रोजगारीको अवसरले भरिपूर्ण देश हो । स्वास्थ्य, शिक्षा, सूचना प्रविधि, कृषि र सेवा क्षेत्रहरूमा रोजगारी पाइन्छ । नेपाली कामदारहरूलाई पनि त्यस्ता क्षेत्रमा अवसर मिलिरहेको छ । क्यानडा पनि स्वास्थ्य र सूचना प्रविधिमा राम्रो अवसर दिन्छ । तर त्यहाँको चिसो मौसम र भाषागत समस्या चुनौती हुन सक्छ । अमेरिकामा रोजगारीका अवसरहरू प्रशस्त छन्, तर भिसा प्रणाली जटिल र असुरक्षित

भएकाले दीर्घकालीन बसोबास चुनौतीपूर्ण हुन सक्छ । न्युजिल्यान्डमा कृषिमा राम्रो अवसर छ, तर ठूलो बजार नभएकाले रोजगारीका विकल्पहरू सीमित छन् ।

**भाषा र सांस्कृतिक अनुकूलता :**

अङ्ग्रेजी भाषा बोलिने देश अस्ट्रेलियाको बहुसांस्कृतिक वातावरणले नेपालीलाई सजिलो पार्छ । त्यहाँका नेपालीले नयाँ आउनेहरूलाई सहयोग गर्छन् । क्यानडामा अङ्ग्रेजी र फ्रेन्च दुवै भाषा चल्छन् । अमेरिकामा पनि अङ्ग्रेजी व्यापक छ तर सामाजिक र सांस्कृतिक विविधता धेरै जटिल छ । न्युजिल्यान्डमा पनि अङ्ग्रेजी बोलिन्छ र सामाजिक संरचना केही हदसम्म अस्ट्रेलियाको जस्तै छ ।

**जीवनस्तर र सामाजिक सुविधा :**

अस्ट्रेलिया जीवनस्तर र सामाजिक सुरक्षाका हिसाबले शीर्ष स्थानमा छ । स्वास्थ्य सेवा, शिक्षा, सामाजिक सुरक्षा र सार्वजनिक सेवाहरू उच्चस्तरीय छन् । क्यानडाले पनि जीवनस्तर र सामाजिक सुविधामा राम्रो स्तर दिएको छ । अमेरिकामा जीवनस्तर उच्च भए पनि सामाजिक सुरक्षा प्रणाली कमजोर छ । न्युजिल्यान्डमा जीवनशैली सरल र सुरक्षित छ, तर आर्थिक अवसरहरू कम छन् ।

●

# अस्ट्रेलिया पुगेपछि

**पहिलो अनुभव :**

अस्ट्रेलियामा पाइला टेकेपछि अधिकांश नेपालीका लागि हुने अनुभव रोमाञ्चक र केही हदसम्म झस्काउने खालको हुन्छ । विमानस्थलमै देखिने अनुशासित व्यवस्था, सफा सडक, प्रविधिसम्मत प्रक्रिया र मानिसहरूको अनुशासित चालचलनले धेरैलाई सुरुमै अचम्ममा पार्छ । 'सबै कुरा सिस्टममा हुन्छ' भन्ने कुरा नेपालमा सुन्दै आएको भए पनि त्यहाँ प्रत्यक्ष देख्दा नेपालीको सोचाइमा ठूलै प्रभाव पार्छ । चोकचोकमा ट्राफिक नियम पालना गरिने, पैदल यात्रुलाई प्राथमिकता दिइने र सार्वजनिक स्थानमा अत्यधिक शान्ति कायम राखिने कुराहरू विशेष रूपमा ध्यान दिनलायक हुन्छन् ।

सुरुका दिनहरूमा मौसम, खाना, बोलीचाली र अनुहारमा देखिने अपरिचयको भावले धेरै नेपालीलाई 'कसरी यहाँ फिट हुने ?' भन्ने सोचले घेर्छ । विमानस्थलबाट बाहिर निस्केपछि धेरै नेपालीको मनमा पहिलोपटक 'बिलकुलै फरक संसार रहेछ' भन्ने भाव आउँछ । त्यसपछि नयाँ परिवेशलाई बुझ्ने, सिक्ने र आफूलाई ढाल्ने प्रयास सुरु हुन्छ । यही पहिलो झल्कोले भविष्यमा उनीहरूको अनुभव कस्तो रहनेछ भन्ने सङ्केत दिन थाल्छ ।

अस्ट्रेलिया पुगेका नेपालीहरूका लागि प्रारम्भिक चरणमा संस्कृतिक झड्का सामान्य तर चुनौतीपूर्ण अनुभव हो । जीवनशैली, सामाजिक सम्बन्ध, बोलचाल, काम गर्ने तरिका र मूल्यमान्यतामा ठूलो भिन्नता हुँदा उनीहरूलाई नयाँ परिवेशमा समायोजित हुन समय लाग्छ ।

**भाषिक चुनौती :**

अस्ट्रेलियाको प्रमुख भाषा अङ्ग्रेजी हो । आईईएलटीएस वा टोफल उत्तीर्ण गरेर अस्ट्रेलिया पुगेका धेरै नेपाली विद्यार्थीहरूलाई

पनि स्थानीय उच्चारण र बोल्ने शैलीसँग सामन्जस्य गर्न सुरुमा समस्या पर्छ । अस्ट्रेलियामा प्रयोग हुने 'हाउ आर यु गोइङ ?' भन्ने प्रश्नलाई नेपालीले सुरुमा 'ह्वेयर आर यु गोइङ ?' भन्ने बुझ्छन् । यस्ता कति स्थानीय अभिव्यक्तिहरू, सङ्क्षिप्त रूप र सांस्कृतिक फ्रेजहरू नेपाली शैक्षिक प्रणालीमा नपढाइने भएकाले अङ्ग्रेजी जानेकालाई पनि अचम्म लाग्न सक्छ । त्यस्ता अभिव्यक्तिहरू नजानेका विद्यार्थीहरू वा नयाँ आगन्तुकहरूलाई संवादमा समस्या आउन सक्छ र कहिलेकाहीँ हास्यास्पद अवस्था र असमझदारीपूर्ण स्थिति पनि उत्पन्न हुन सक्छ ।

कामको सिलसिलामा वा परिवारसँग भेट्न आएका वृद्धवृद्धा र गैरशिक्षित नेपालीहरूका लागि भाषा झनै चुनौतीपूर्ण हुन्छ । धेरैलाई अङ्ग्रेजी लेख्न, बोल्न वा बुझ्न गाह्रो हुन्छ । सरकारी कागजात, अस्पताल, बैङ्क वा किराना पसलमा सामान्य संवाद गर्न पनि अनुवादकको सहारा लिनुपर्ने अवस्था आउँछ । भाषिक कमजोरीका कारण –

● धेरैले सरकारी सेवा वा स्वास्थ्य सेवामा पहुँच पाउन कठिनाइ भोग्छन् । सेवा पाउन नसक्ने पनि हुन्छ ।

● काम पाउन वा टिकाउन गाह्रो हुन्छ । किनभने धेरै रोजगारदाताले ग्राहकहरूसँग अङ्ग्रेजीमा संवाद गर्न सक्ने कर्मचारी खोज्छन् । बल्लबल्ल पाएको रोजगारी पनि गुम्छ ।

● समाजमा घुलमिल सीमित हुन्छ । त्यसले गर्दा एक्लोपनको अनुभूति हुन्छ र आत्मसम्मानमा कमी आउँछ ।

● बेकारमा अस्ट्रेलिया आएछु, बरू नेपालमै ठीक थियो भन्ने भावना आइरहन्छ ।

हालका वर्षहरूमा अस्ट्रेलियामा विभिन्न नेपाली समुदायका संस्थाहरूले अभिमुखीकरण तालिमको व्यवस्था गर्न थालेका छन् । त्यस व्यवस्थाले नयाँ आगन्तुकहरूलाई सामाजिक र भाषिक रूपमा केही सहयोग त पुऱ्याएको छ, तर त्यो मात्रै समाधान होइन । गुगल अनुवाद, मोबाइल शब्दकोश जस्ता डिजिटल प्रविधिको प्रयोग पनि

छोटो अवधिमा संवाद गर्न सहयोग गर्ने माध्यम बनेको छ । तर नेपालबाट गएका सबै वृद्धवृद्धा डिजिटल प्रविधिमा अभ्यस्त हुँदैनन् । त्यसैले नेपालीका लागि यो गम्भीर चुनौती हो । यसको दीर्घकालीन समाधानका लागि नेपालीहरूलाई स्थानीय समाजसँग सक्रिय संवाद र अभ्यासमा लाग्नु आवश्यक छ ।

**सामाजिक सम्बन्ध र व्यवहार :**

नेपालमा सामाजिक सम्बन्धहरू प्रायः सामूहिक, आत्मीय र नियमित अन्तर्क्रियामा आधारित हुन्छन् । परिवार, छिमेकी, साथीहरू र समुदायबीचको सम्बन्धमा निकटता, आत्मीयता र परस्पर सहयोगको गहिरो भावना पाइन्छ । बिहानदेखि साँझसम्म घरको वरपर बोलचाल, पाहुनाको आवतजावत वा निम्तो नगरीकन पनि भेटघाट गरेर चिया खाने चलन नेपाली समाजमा सामान्य मानिन्छ । छिमेकीबीचको सम्बन्ध अति नजिकको हुन्छ । कोही बिरामी परे, घरमा समस्या आए वा कुनै उत्सव परे सबै छिमेकीले आपसमा सहयोग गर्ने चलन हुन्छ । न्वारन, बिहे, मृत्युसंस्कार वा चाडपर्वहरू सामूहिक रूपमा मनाइन्छन् । त्यस्तोमा टोल, गाउँ वा शहरका सदस्यहरू मिलेर सहभागी हुन्छन् । साना केटाकेटी हुर्काउनमा पनि छिमेकी, आफन्त र साथीभाइको भूमिका रहन्छ । काठमाडौंजस्ता ठूला शहरमा यस्ता अभ्यासहरू कम हुँदैछन्, तर पनि अझैसम्म धेरै नेपाली समुदायमा सहयोगी भावना छँदैछ ।

तर अस्ट्रेलियामा व्यक्तिगत स्वतन्त्रता र गोपनीयतालाई प्राथमिकता दिइन्छ । मानिसहरू आफ्नो काम, व्यक्तिगत जीवन र समयप्रति संवेदनशील र सजग देखिन्छन् । प्रायः व्यक्तिहरू बिहान काममा जान्छन्, काम गरिसकेपछि घर फर्केर आफ्नो परिवारसँग मात्रै समय बिताउँछन् वा एक्लै बस्छन् । छिमेकीहरूसँग सामान्य औपचारिक अभिवादन मात्रै हुन सक्छ, आत्मीयता हुँदैन र दैनिक भेटघाटको अपेक्षा पनि गरिँदैन । नेपालीहरू समाजमुखी हुन्छन्, अस्ट्रेलियाचाहिँ व्यक्तिमुखी छ । त्यस्तो व्यवहार नेपालीका लागि निकै असामान्य र अस्वाभाविक लाग्छ । किनभने नेपालीहरू खुला संवाद

गर्ने, पाहुनाको सत्कार गर्ने र सामाजिक काममा सहभागिता जनाउने बानी परेका हुन्छन् । तर अस्ट्रेलियामा त्यस्तो छैन । त्यसैले त्यसबाट नेपालीहरूमा ठूलो मनोवैज्ञानिक र सामाजिक प्रभाव पर्छ ।

● धेरै नेपालीहरू, विशेषतः पहिलोपटक विदेश गएका नेपालीहरू, सामाजिक अलगाव अनुभव गर्छन् ।

● 'साथी बन्न गाह्रो', 'छिमेकीहरू बोल्दैनन्', 'कसैसँग गफ गर्न पाइँदैन' भन्ने गुनासाहरू नयाँ आउनेहरूबाट सुन्न सकिन्छ ।

● यस्तो सामाजिक खालीपनले एक्लोपन, घरको सम्झना र कहिलेकाहीँ आत्मसम्मानमा कमी ल्याउन सक्छ ।

● सामूहिकतामा हुर्किएका नेपालीहरूका लागि व्यक्तिवादी संस्कृतिमा आफैँ निर्णय लिने, आफैँ सबै व्यवस्था मिलाउने र कसैको सहारा नपाउने अवस्था कठिन चुनौती बन्न सक्छ ।

**जीवनशैली र उपभोग प्रवृत्ति :**

अस्ट्रेलियाको जीवनशैली गतिशील, समयकेन्द्रित र आत्मनिर्भर हुन्छ । खाना पकाउने, घर सफा गर्ने, बिल तिर्ने, बैङ्क तथा सरकारी काम आफैँ गर्नुपर्ने भएकाले धेरैजसो नेपालीले समय व्यवस्थापनमा कठिनाइ भोग्छन् ।

नेपालमा सहयोगी पारिवारिक संरचना, घरेलु काममा आमा, दिदीबहिनी वा सहयोगीको भरपर्दो साथ र लचिलो समयतालिका भएको जीवनशैलीले गर्दा धेरै नेपालीहरू अनौपचारिक बानीमा हुर्किन्छन् । यस्तो बानी अस्ट्रेलियाको कडा समयपालन, पेशाकेन्द्रित जीवनशैली र सिस्टममा आधारित समाजसँग ठोक्किएपछि सामाजिक र व्यावसायिक झमेला निम्तिन्छ । उदाहरणका लागि –

● कक्षा वा काममा ढिलो पुग्ने बानीले शिक्षण संस्था वा रोजगारदातासँग समस्या आउन सक्छ ।

● भनेको समयमा भेट नगर्ने, बिल समयमै नतिर्ने वा इमेल अथवा पत्राचार समयमै नगर्ने बानीले सरकारी र कानुनी प्रक्रिया प्रभावित हुन सक्छ ।

● समयको महत्त्व नबुझ्दा साथीभाइ वा सहकर्मीहरूबीचको सम्बन्धमा पनि फाटो आउन सक्छ ।

यस्ता अनुभवहरूले गर्दा धेरै नेपालीलाई जीवनशैलीमा परिवर्तन गर्न कठिनाइ परेको हुन्छ । त्यसैले अस्ट्रेलियामा टिक्नका लागि नेपालीले नेपाली बानी र चालचलन हटाउनु अति आवश्यक हुन्छ । त्यसैले धेरै नेपालीहरू नेपालीपन त्याग गरेर आफूलाई अस्ट्रेलियाको अनुकूल बनाउन बाध्य भइरहेका छन् ।

**पारिवारिक टाढापन र मानसिक स्वास्थ्य :**

विदेशमा पढ्दै, काम गर्दै गर्दा परिवार र साथीहरूको अभावमा धेरै नेपालीलाई घरको सम्झना आइरहन्छ, एक्लोपनको अनुभूति हुन्छ, मानसिक तनाव बढ्छ र कहिलेकाहीँ डिप्रेसनको समस्या पनि देखिन्छ । विश्वविद्यालयहरूमा काउन्सिलिङ सेवा उपलब्ध भए पनि धेरैले त्यसको उपयोग गर्ने स्थिति हुँदैन ।

पछिल्लो समयमा परिवारजनलाई भेट्न आमाबुबाहरू अस्ट्रेलिया जाने क्रम बढेको छ । अवकाशप्राप्त वा गैरकामकाजी अभिभावकहरू प्रायः दिनभरि एक्लै बस्न बाध्य हुन्छन् । उनीहरूका सन्तानचाहिँ काम वा पढाइमा व्यस्त हुन्छन् । अस्ट्रेलियाको एक्लो परिवेश, सीमित सामाजिक घुलमिल र व्यस्त जीवनशैलीले गर्दा उनीहरूमा एक्लोपन र मानसिक पीडा झन् गहिरो रूपमा बढेको देखिन्छ ।

नेपालमा भएको समुदायसँगको घनिष्ट सम्बन्ध, चाडपर्वमा पारिवारिक जमघट र छिमेकीहरूसँगको हार्दिक सम्बन्ध जस्ता कुराको अभावले गर्दा अस्ट्रेलियामा रहेका धेरै नेपाली अभिभावकहरू भावनात्मक रूपमा अलग महसुस गर्छन् । यस्तो अवस्थामा रहेका अभिभावकहरूका लागि सामाजिक गतिविधिमा संलग्न हुनु, नेपाली समुदायका कार्यक्रममा सहभागिता जनाउनु वा नेपालीका सङ्घ-संस्थासँग जोडिनु सकारात्मक कदम हुन सक्छ । तर तिनीहरूका सन्ततिको व्यस्तताले गर्दा त्यसको सम्भावना कमै मात्र छ ।

पछिल्ला वर्षहरूमा सामाजिक सञ्जाल, भिडियो कल र म्यासेन्जर, भाइबर, ह्वाट्स एप जस्ता म्यासेजिङ एपहरूले त्यो अवस्थालाई धेरै हदसम्म सहज बनाएको छ । दिनमा पटक-पटक नेपालमा रहेका आफ्ना साथीभाइ वा परिवारसँग कुरा गर्न सकिने, चाडपर्वमा अनलाइन भेटघाट गर्न सकिने र सामाजिक घटनाहरूमा सहभागी हुन सकिने भएकाले मानसिक राहत पाउने अवस्था बढेको पनि छ । जान्नेबुझ्ने आमाबुबाहरू डिजिटल माध्यमप्रति झुकाव राख्न थालेका छन् । त्यसले उनीहरूलाई अलिकति भए पनि मानसिक राहत दिएजस्तो महसुस गराउँछ । तर सबैका लागि यो सम्भव नहुन पनि सक्छ । प्रविधिको उपयोगले सबै समस्याको समाधान त दिँदैन, तर त्यो प्रविधि परदेशमा बस्दा हुने एक्लोपन घटाउन महत्त्वपूर्ण भूमिका खेल्ने महत्त्वपूर्ण सहारा बनेको छ ।

**प्रारम्भिक संङ्घर्ष आवास, यातायात र काम :**

नेपालबाट अस्ट्रेलिया आएका धेरै नेपाली विद्यार्थी, आप्रवासीहरू र अस्थायी कामदारहरूका लागि सुरुवातका दिनहरू चुनौतीपूर्ण हुन्छन् । विशेष गरी बसोबास, यातायात र रोजगारीका विषयमा विविध समस्या देखिन्छन् ।

**आवास :**

सुरुमा त्यहाँ पुग्ने नेपालीहरू प्रायः सस्तो र किफायती बसोबास खोज्छन् । घर भेट्टाउनका लागि अनलाइन प्लेटफर्महरू प्रयोग गरिए पनि नयाँ भएकाले झन्झटमा पर्ने सम्भावना उच्च हुन्छ ।

● केही अवस्थामा नेपालीहरूलाई जातीयता वा भिसाका आधारमा विभेद भोग्नुपरेको पाइन्छ ।

● सिडनी र मेलबर्न जस्ता शहरहरूमा भाडा तिर्न नसक्ने कारण धेरै विद्यार्थीहरू भीडभाड र हल्ला बढी हुने ठाउँमा बस्न बाध्य छन् ।

**यातायात :**

अस्ट्रेलियामा सार्वजनिक यातायातको सुविधा राम्रो भए पनि नेपालबाट गएका व्यक्तिका लागि नेटवर्क बुझ्न गाह्रो हुन्छ । टिकट प्रणाली, समयतालिका र नक्सा बुझ्नमै धेरै समय लाग्छ ।

● शहरमा बस्नेहरूलाई ट्रेन वा बस सजिलो लाग्छ, तर ग्रामीण क्षेत्र वा शहरको छेउमा बस्नेहरूका लागि गाडी नभई कठिन हुन्छ ।

● कतिपयले गाडी चलाउन लाइसेन्स ट्रान्सफर गर्ने प्रक्रियालाई जटिल पाउँछन् ।

● विकल्प अरू-अरू भए पनि आर्थिक हिसाबले दीर्घकालीन समाधान हुँदैन ।

**रोजगारी :**

सुरुमा अस्ट्रेलियामा काम पाउनु सबैभन्दा ठूलो चुनौती हो ।

● अनुभव नहुनु,

● सानो नेटवर्क,

● भाषा समस्या,

● धेरैजसो कामहरूमा अनलाइन आवेदन प्रक्रियाबाट छनोट हुनुपर्ने,

आदि कारणले गर्दा धेरैजना हस्पिटालिटी, क्लिनिङ, वेयरहाउस जस्ता काम गर्न बाध्य हुन्छन् ।

त्यहाँ काम दिने व्यक्तिको शोषण पनि अर्को समस्या हो । कतिपय व्यक्तिले हातहातै पारिश्रमिक दिने प्रणालीमा न्यून पारिश्रमिकमा काम गर्नुपरेको पाइन्छ । त्यस्तो काम अस्ट्रेलियन न्यूनतम पारिश्रमिक कानुनको उल्लङ्घन हो, तर त्यहाँ त्यस्तै भइरहेको छ । नेपाली विद्यार्थीलाई २० घन्टाको कार्यावधिले आर्थिक बोझ थप्ने गरेको छ । सन् २०२३ देखि नियम केही लचिलो बनाइएको छ, तर त्यसले खासै असर पारेको छैन ।

●

# नेपालीले गर्ने काम

नेपालीहरूले प्रायः गर्ने कामहरू सफाइ, आतिथ्य सेवा, निर्माण आदि हुन् । अस्ट्रेलियामा रोजगारी खोज्न गएका धेरै नेपालीहरूले प्रारम्भिक रूपमा सफाइ, आतिथ्य सेवा र निर्माण क्षेत्र जस्ता कम दक्षता भएका कामहरूमा अवसर पाउँछन् । यी क्षेत्रहरूमा काम गर्न सजिलो हुनुका साथै कम भाषा दक्षता भएका व्यक्तिहरूका लागि पनि रोजगारीको सम्भावना बढी हुन्छ ।

**सफाइ :**

सफाइ क्षेत्र नेपालीहरूका बीच सबैभन्दा लोकप्रिय रोजगारी मानिन्छ । घर, अफिस, होटल र सार्वजनिक स्थानहरूमा सफाइ गर्ने कामले छिटो आम्दानी दिलाउने भएकाले विद्यार्थीहरू र अस्थायी कामदारहरूका लागि यो काम रोजाइमा पर्छ । अस्ट्रेलियामा सफाइ क्षेत्रको काममा कम मूल्यमा काम गर्ने अन्तर्राष्ट्रिय कामदारहरूको सङ्ख्या बढ्दो छ ।

**आतिथ्य सेवा :**

रेस्टुरेन्ट, क्याफे, बार र होटलमा नेपालीहरूले वेटर, बारटेन्डर, किचन असिस्टेन्ट र रिसेप्सनिस्टका रूपमा काम गर्छन् । यो क्षेत्रले नेपाली विद्यार्थीहरूलाई आंशिक रोजगारी दिएको छ । विद्यार्थी भिसामा जानेहरूलाई यस्तो रोजगारी मिल्न सक्छ । यो क्षेत्रमा विद्यार्थी कामदारहरूको ठूलो सहभागिता छ ।

**निर्माण क्षेत्र :**

निर्माण क्षेत्र नेपाली पुरुषहरूबीच चर्चित छ । भवन निर्माण, सडक मर्मत र अन्य भौतिक पूर्वाधारका काममा नेपाली श्रमिकहरूको उपस्थिति उल्लेखनीय छ । तर यो क्षेत्रको काममा स्थायी रोजगारी हुँदैन ।

भिसा प्राप्तिको अवसर बढाउँछ कि भन्ने आशाले नेपालीहरू निर्माण क्षेत्रलाई प्राथमिकता दिन्छन् । त्यसैले यस क्षेत्रमा धेरै नेपाली कामदारहरू छन् । यी कामहरू गर्दा शारीरिक रूपमा धेरै मिहिनेत गर्नुपर्छ र लामो समयसम्म काम गर्नुपर्ने बाध्यता हुन्छ । तर यस्तै कामले नेपालीहरूलाई आफ्नो परिवारको भरणपोषणमा आर्थिक सहयोग गरिरहेको हुन्छ र स्थायी बसोबासको सपना पूरा गर्न पनि यसैले सहयोग पुऱ्याउँछ ।

**विद्यार्थी भिसामा काम गर्ने समयसीमा र कामको अवस्था :**

अस्ट्रेलियाको विद्यार्थी भिसामा काम गर्ने समयलाई कडाइका साथ नियन्त्रण गरिएको छ । विद्यार्थीहरूले अध्ययन अवधिभर हप्तामा अधिकतम ४० घन्टा मात्र काम गर्न पाउँछन् । बिदामा चाहिँ पूरा समय काम गर्न सकिन्छ । यो नियम विद्यार्थीहरूले अध्ययन र कामका बीचमा सन्तुलन कायम राख्न र शैक्षिक उद्देश्य पूरा गर्न सजिलो बनाउन बनाइएको हो ।

तर धेरै नेपाली विद्यार्थीहरूको अनुभवले वास्तविक अवस्था भने यी नियमभन्दा फरक हुन सक्ने देखाउँछ । रोजगारदाता र मध्यस्थकर्ता कन्सल्टेन्सीहरूले विद्यार्थीहरूलाई अधिक समय काम गर्न दबाब दिन्छन् । त्यसले गर्दा विद्यार्थीहरूलाई थकान र तनाव हुन्छ भने पढाइमा पनि समस्या निम्तिन सक्छ । धेरैपटक भिसा नियमको उल्लङ्घन भएर पनि विद्यार्थीहरू आफ्नो आर्थिक आवश्यकता पूरा गर्न बाध्य भएर लामो समयसम्म काम गर्छन् । कहिलेकाहीँ उनीहरू ६० घन्टासम्म काम गर्छन् । त्यसबाट उनीहरूको पढाइमा असर गर्छ र मानसिक रूपमा थकित हुन्छन् । भिसाको नियमलाई ध्यानमा राख्दै काम गर्न कठिन हुन्छ ।

उनीहरूले धेरै ठाउँमा तत्कालै पारिश्रमिक पाउने काममा जोडिनुपर्छ । त्यहाँ काम गर्ने घन्टाको सीमा पालना हुँदैन । त्यो अवस्थामा कुनै पनि सुरक्षा वा कानुनी अधिकार पाउन कठिन हुन्छ । त्यस्ता कामले भिसासम्बन्धी जोखिमका साथसाथै स्वास्थ्यसम्बन्धी जोखिम पनि बढाउँछ ।

धेरैजसो सफाइ, आतिथ्य र निर्माण क्षेत्रमा काम गर्ने विद्यार्थीहरूले सप्ताहान्त वा रात्रिकालीन सिफ्टहरूमा ४० घन्टाभन्दा बढी काम गर्ने गरेका छन् । यसले शारीरिक र मानसिक थकानका साथै भिसा समस्यासमेत निम्त्याउन सक्छ । केही रोजगारदाताले नियम पालना नगर्ने र हातहातै पाश्रिमिक लिने जस्ता गैरकानुनी तरिकाले काम गर्ने व्यवस्था मिलाउने गरेको पनि पाइन्छ । यसबाट कामदारहरूको सुरक्षामा समस्या आउँछ । यस्तो अवस्थामा कामदारहरूले आफ्नो अधिकार जान्नु र उचित सहयोग लिनु आवश्यक हुन्छ । तर सधैँ त्यो आवश्यकता पूर्ति हुँदैन ।

विद्यार्थीहरूले काम गर्नु भनेको अतिरिक्त आम्दानी गर्नु मात्र होइन, सामाजिक अनुभव गर्नु र भाषामा सुधार गर्ने अवसर पाउनु पनि हो । त्यस बेला नियम पालनामा सजग रहनुपर्छ र अध्ययनलाई प्राथमिकता दिनुपर्छ । यही महत्त्वपूर्ण काम गर्न त्यहाँ कठिन छ ।

**मानसिक र शारीरिक तनाव :**

विदेशी भूमिमा अध्ययन र काम गर्दा नेपाली विद्यार्थीहरूले धेरै किसिमका मानसिक र शारीरिक तनावहरूको सामना गर्नुपर्छ । अध्ययनको दबाब, आर्थिक चुनौती, सामाजिक अलगाव अनि काम र पढाइको सन्तुलन मिलाउनुपर्ने चुनौतीहरूले गर्दा उनीहरू तनावग्रस्त अवस्थामा पुग्छन् ।

विद्यार्थीहरूले हप्तामा ४० घन्टाको काम गर्ने सीमाभित्रै पनि काम र पढाइलाई एकैसाथ व्यवस्थापन गर्न गाह्रो हुन्छ । धेरैपटक उनीहरूले लामो समयसम्म उभिएर वा प्रशस्त शारीरिक श्रम गरेर काम गर्नुपर्छ । सफाइ, निर्माण र आतिथ्य क्षेत्रका कामहरूमा यस्तो हुन्छ । यसले शारीरिक थकान बढाउँछ भने मानसिक स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पार्छ ।

काम र पढाइ दुवैलाई सन्तुलन गर्न नसक्दा नेपाली विद्यार्थीहरू प्रायः तनाव र निद्रा नपाउने समस्यामा परेका हुन्छन् । थकान, अनिद्रा र चिन्ताले गर्दा उनीहरूको पढाइमा असर पर्छ । त्यसले दीर्घकालीन रूपमा उनीहरूको करियर र जीवनमा असर गर्न

सक्छ । परिवारबाट छुट्टिनु र साथीभाइबाट टाढिनुले भावनात्मक रूपमा पनि उनीहरूलाई कमजोर बनाउँछ ।

धेरैजसो विद्यार्थी मानसिक स्वास्थ्य समस्या सम्बन्धी सहायता खोज्न हिचकिचाउँछन् । किनकि तिनलाई सामाजिक कलङ्कको डर, भाषागत अवरोध वा सहयोग पाइने ठाउँको कमी महसुस हुन्छ । कसैकसैले नेपाली विद्यार्थीका लागि परामर्श सेवा, सामाजिक कार्यक्रम, योग, ध्यान र व्यायाम जस्ता गतिविधिहरूको आयोजना गरी उनीहरूको मानसिक स्वास्थ्य सुधार गर्न मद्दत पुऱ्याइरहेका पनि हुन्छन् । तैपनि सबै विद्यार्थीको पहुँच उनीहरूसम्म हुँदैन । विद्यार्थीले आफ्नो शारीरिक र मानसिक स्वास्थ्यको ख्याल राख्न समय व्यवस्थापन, स्वस्थ खानपान, नियमित व्यायाम र साथीभाइसँग खुला कुराकानी गर्नुपर्ने हुन्छ । सधैँ त्यस्तो वातावरण पनि हुँदैन ।

## कार्यस्थलका अधिकार र चुनौतीहरू :

विदेशमा काम गर्दा नेपालीलाई आफ्नो अधिकार र कर्तव्यबारे पूर्ण जानकारी नहुनु एउटा ठूलो समस्या हो । धेरैजसो नेपाली कामदार र विद्यार्थीहरूले काम गर्दा न्यूनतम तलब, कामको अधिक समय र असुरक्षित कार्यस्थल जस्ता चुनौतीहरूको सामना गर्छन् ।

अस्ट्रेलियामा कामदारहरूका लागि निश्चित न्यूनतम मजदुरी दर, सुरक्षित कार्यस्थल र समान व्यवहारका कानुनी प्रावधानहरू छन् । तथापि भाषा, कानुनी ज्ञानको कमी र डरका कारणले गर्दा धेरै नेपालीहरू आफ्नो अधिकारको संरक्षण गर्न सक्दैनन् । सफाइ, आतिथ्य र निर्माण क्षेत्रमा काम गर्ने नेपालीहरूले कहिलेकाहीँ तलब कटौती, कामको घन्टा बढी गराउने वा छुट्टी नदिने जस्ता समस्याहरू भोगेका छन् । कतिपयले भेदभाव वा उत्पीडनको सामना पनि गरेका छन् । आफ्नो अधिकारका बारेमा थाहा नभएकाले उनीहरू कम तलबमा काम गर्छन् । कानुनले तोकेको तलबको कुरा उठाउँदा रोजगारदाताबाट काममा समस्या आउने गर्छ ।

अस्ट्रेलियाली सरकार र विभिन्न गैरसरकारी संस्थाहरूले कामदारका अधिकारको संरक्षणका लागि सेवा दिन्छन् । केही

निकायहरूले मजदुरका अधिकार, तलब र कामको अवस्था सम्बन्धी जानकारी उपलब्ध गराउँछन् । नेपाली समुदायभित्रै पनि कामदारलाई जागरुक बनाउन, जानकारी बाँड्न र समस्याहरू समाधान गर्न सामाजिक समूह र सङ्घ-संस्थाहरूले भूमिका खेलिरहेका छन् । तर पनि धेरै नेपालीहरू आफूले भोगिरहेको अन्याय र समस्यालाई सार्वजनिक गर्न डराउँछन् । त्यसैले नेपालीहरू पीडित बनिरहन्छन् । उनीहरूको स्थिति सुधार्नका लागि भाषा प्रशिक्षण, कानुनी सहायता र अधिकारसम्बन्धी सचेतना आवश्यक छ ।

**सामुदायिक सञ्जालहरू :**

अस्ट्रेलियामा बसोबास गर्ने नेपालीहरूका लागि सामुदायिक सञ्जालहरू महत्त्वपूर्ण भूमिका खेल्छन् । नयाँ देशमा गएर जीवनका चुनौतीहरू सामना गर्न सजिलो नहुने हुँदा यी नेटवर्कहरूले भावना र व्यावहारिक दुवै प्रकारको सहयोग प्रदान गर्छन् । सिडनी, मेलबर्न, ब्रिसबेन र अन्य शहरहरूमा नेपाली सङ्घ-संस्था, सांस्कृतिक समूह, मन्दिर र सामाजिक क्लबहरू सक्रिय छन् । ती समूहहरूले नेपाली भाषा, संस्कृति र परम्परालाई जोगाउने तथा नयाँ आगन्तुकलाई काम, आवास, शिक्षा, स्वास्थ्य र कानुनी सल्लाहका विषयमा मार्गदर्शन पनि गर्छन् । नेपाली कलेज स्टुडेन्ट्स एसोसिएसन र अस्ट्रेलिया नेपाली मण्डल जस्ता संस्थाहरूले विद्यार्थीहरूलाई सामाजिक र शैक्षिक सहयोग प्रदान गर्दै आएका छन् । आपतकालीन अवस्थामा सहयोग, मानसिक स्वास्थ्य सल्लाह तथा सांस्कृतिक कार्यक्रममा सहभागी गराउने काम पनि गर्छन् ।

सामुदायिक मेलापत्र र फेसबुक जस्ता अनलाइन प्लेटफर्महरू पनि नेपालीलाई आपसमा जोड्न सहयोगी छन् । यस्ता सञ्जालले कामको अवसर, आवास जानकारी तथा अन्य आवश्यक सेवा प्रदान गर्ने सूचना साझा गर्ने माध्यमका रूपमा काम गर्छन् । तिनले नयाँ आगन्तुकहरूलाई मानसिक दबाब कम गर्न, एक्लोपनबाट बच्न र समायोजनमा मद्दत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

●

# अध्ययन र रोजगारीका बाटाहरू

**नेपालीले पढ्ने मुख्य कोर्स पकाउने तालिमदेखि आईटीसम्म :**

अस्ट्रेलियामा पुगेपछि नेपाली विद्यार्थीहरूले कुन पाठ्यक्रम छान्छन् भन्ने कुरा केवल व्यक्तिगत रुचिमा मात्र आधारित हुँदैन । यो निर्णयमा भिसाको सहजता, कोर्सको अवधि, शुल्क, काम गर्ने अवसर र भविष्यमा स्थायी बसोबास पाउने सम्भावना जस्ता कारकहरूले मुख्य भूमिका खेल्छन् । हालको तथ्याङ्क अनुसार नेपाल अस्ट्रेलियामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरूको तेस्रो ठूलो स्रोत मुलुक हो, जसले कूल अन्तर्राष्ट्रिय विद्यार्थी सङ्ख्याको ८% ओगटेको छ । २०२४ सम्म लगभग ५७,००० नेपाली विद्यार्थीहरू अस्ट्रेलियामा अध्ययनरत छन्, यद्यपि यो सङ्ख्या वार्षिक रूपमा घट्दै गएको छ ।

**सजिलै भिसा पाउने कोर्सहरू :**

धेरैजसो नेपाली विद्यार्थीहरूको पहिलो प्राथमिकता भिसा अनुमोदन पाउनु हो । यसैले उनीहरू प्रायः यस्ता कोर्सहरू छान्छन्, जसमा भिसा अस्वीकार हुने जोखिम कम हुन्छ ।

**व्यावसायिक शिक्षा र तालिम कोर्सहरू :**

● व्यावसायिक पाकशास्त्र : सबैभन्दा लोकप्रिय छनोट । अवधि सामान्यतः २ वर्ष, तुलनात्मक रूपमा कम शुल्क र काम गर्ने अवसर बढी ।

● अटोमोटिभ र मेकानिकल कोर्सहरू : पुरुष युवाहरूमाझ लोकप्रिय ।

● हेयर ड्रेसिङ र ब्युटी थेरापी : महिलाहरूले बढी रोज्ने ।

● चाइल्ड केयर : सामुदायिक सेवाको क्षेत्रमा काम गर्न चाहनेहरूका लागि ।

**आईटी र डिजिटल मिडिया :**

● डिप्लोमा अफ इन्फर्मेसन टेक्नोलोजी : तुलनात्मक रूपमा छोटो अवधि ।

● वेब डेभलपमेन्ट र ग्राफिक डिजाइन : फ्रिलान्सिङको अवसर ।

● साइबर सेक्युरिटी : बढ्दो माग ।

**स्वास्थ्य सेवा - सुनिश्चित करियरको खोजमा :**

विशेष गरी महिला विद्यार्थीहरूमाझ स्वास्थ्य सेवा क्षेत्रका कोर्सहरूको लोकप्रियता बढ्दै गएको छ ।

नर्सिङ सबैभन्दा आकर्षक विकल्प मानिन्छ । किनभने त्यसमा :

● उच्च तलब र जागिरको सुनिश्चितता

● पीआर पाउनमा प्राथमिकता

● पारिवारिक र सामाजिक सम्मान हुन्छ ।

अस्ट्रेलियामा नर्सिङको माग २०२० - २०३० सम्म ९% ले बढ्ने अनुमान गरिएको छ ।

**अन्य स्वास्थ्य सेवा कोर्सहरू :**

● एजेड केयर : बुढापाकाको सेवामा विशेषज्ञता ।

● डिसेबिलिटी सपोर्ट : अपाङ्गता भएका व्यक्तिहरूको सेवा ।

● कम्युनिटी सर्भिसेस : सामुदायिक कार्यकर्ताको काम गर्ने ।

**व्यापार र व्यवस्थापन - 'सफलता' को छवि :**

केही विद्यार्थीहरू व्यापारिक कोर्सहरू छान्छन्, मुख्यतः सामाजिक प्रतिष्ठाको कारणले :

● बिजनेस एडमिनिस्ट्रेसन : सामान्य र व्यापक कोर्स ।

● मार्केटिङ र डिजिटल मार्केटिङ : अनलाइन व्यापारको बढ्दो महत्त्व ।

● अकाउन्टिङ : पारम्परिक रूपमा सम्मानित पेशा ।

● हस्पिटालिटी म्यानेजमेन्ट : होटल र पर्यटन क्षेत्रको व्यवस्थापन ।

**भाषा र सञ्चार कोर्सहरू :**

केही विद्यार्थीहरू आफ्नो अङ्ग्रेजी सुधार गर्न भाषा कोर्सहरू छान्छन् :

● इङ्लिस ल्याङ्ग्वेज इन्टेन्सिभ कोर्स फर ओभरसिज स्टुडेन्ट्स ।

● जेनेरल इङलिस र एकेडेमिक इङलिस ।

## कोर्स छनोटमा प्रभाव पार्ने मुख्य कारकहरू :

**आर्थिक कारकहरू :**

कोर्स फी : भीईटी कोर्सहरू विश्वविद्यालयका कोर्सहरूभन्दा सस्तो ।

यो सबैभन्दा महत्त्वपूर्ण निर्णायक हो । भीईटी कोर्सहरूको फी एकदमै फरक छ - Certificate IV का लागि मात्र अस्ट्रेलियन डलर ६००० देखि एडभान्स डिप्लोमाका लागि २६००० अस्ट्रेलियन डलरसम्म ।

यसको तुलनामा विश्वविद्यालयका ब्याचलर डिग्रीहरूको वार्षिक शुल्क सामान्यतः अस्ट्रेलियन डलर २५००० देखि ४५००० सम्म हुन्छ ।

नेपाली परिवारहरूका लागि यो फरक एकदमै महत्त्वपूर्ण छ । उदाहरण : कमर्सियल कुकरीको २ वर्षे डिप्लोमा लगभग अस्ट्रेलियन डलर २०,००० मा सकिन्छ । तर बिजनेस एडमिनिस्ट्रेसनको ब्याचलर डिगी अस्ट्रेलियन डलर ८०,००० सम्म पुग्छ ।

यसैले धेरै नेपाली विद्यार्थीहरू र उनका परिवारहरूले भीईटी कोर्सहरूलाई किफायती विकल्पका रूपमा हेर्छन् ।

**जीवनयापन खर्च र कुन शहरमा अध्ययन गर्ने भन्ने निर्णय :**

अस्ट्रेलियाका विभिन्न शहरहरूमा जीवनयापन खर्चमा आकाश-जमिनको फरक छ । सिडनी सबैभन्दा महँगो शहर हो । त्यसपछि मेलबर्न, पर्थ, क्यान्बेरा, ब्रिसबेन र एडेलेडको नाम आउँछ । मासिक जीवनयापन खर्चको तुलना गर्दा :

● सिडनी : मासिक घरभाडा मात्र अस्ट्रेलियन डलर ८०० + प्रतिहप्ता (अस्ट्रेलियन डलर ३,२०० + मासिक)

● मेलबर्न १.९७ - २.० लाख मासिक (लगभग अस्ट्रेलियन डलर ३,५०० - ४,०००)

● एडेलेड र पर्थ अस्ट्रेलियन डलर ६०० - १,००० मासिक (सिडनीको आधा)

यसैले धेरै नेपाली विद्यार्थीहरू एडेलेड, पर्थ वा तस्मानिया जस्ता साना शहरहरू छान्छन् । तर यहाँ एउटा द्विविधा छ - सानो शहरमा आंशिक काम पाउन गाह्रो हुन्छ ।

**काम गर्ने अवसर : कोर्स गर्दै गर्दा कमाउने सम्भावना**

विद्यार्थी भिसामा हप्तामा २४ घन्टा (पहिले २० घन्टा थियो) काम गर्न पाइन्छ । तर वास्तविकता फरक छ :

● सिडनी र मेलबर्न : धेरै काम उपलब्ध छन् तर न्यूनतम पारिश्रमिक अस्ट्रेलियन डलर २३.२३ प्रतिघन्टा पाउन गाह्रो । धेरैजसो नेपालीहरू सफाइ, डेलिभरी, रेस्टुराँमा अस्ट्रेलियन डलर १५ - १८ प्रतिघन्टामा काम गर्छन् ।

● एडेलेड र पर्थ : कम काम तर प्रतिस्पर्धा कम भएकाले राम्रो ज्याला पाउने सम्भावना ।

● भीईटी कोर्स गर्नेहरू : प्राक्टिकल ट्रेनिङको नाममा बढी घन्टा काम गर्न सक्छन् । यो काम अवैध हो तर यस्तो काम पनि हुन्छ ।

एक नेपाली विद्यार्थीले हप्तामा ३० - ४० घन्टा काम गरेर मासिक अस्ट्रेलियन डलर २,००० - २,५०० कमाउन सक्छ । यो

रकमले मेलबर्न र सिडनीमा सामान्य जीवनयापन खर्च मात्र धान्छ, तर एडेलेड र पर्थमा केही बचत पनि गर्न सकिन्छ ।

**भविष्यका योजनाहरू :**

**पीआर र नागरिकता पाउने सम्भावना :**

यो सबैभन्दा महत्त्वाकाङ्क्षी र जटिल योजना हो । हालका वर्षहरूमा अस्ट्रेलियाको पीआर नीति एकदमै कडा भएको छ । ुन् २०२३ को अन्तिम दुई क्वार्टरमा पाँचमध्ये एक अन्तर्राष्ट्रिय विद्यार्थीको भिसा अस्वीकार भयो, जसमा नेपाली विद्यार्थीहरूको अस्वीकार दर आधाभन्दा बढी थियो ।

**पीआर पाउने मुख्य बाटाहरू :**

● Skilled Independent (Subclass 189) : सबैभन्दा गाह्रो, PointsTest मा उच्च अङ्क चाहिन्छ ।

● Skilled Nominated (Subclass 190) : राज्य (Government) को Nomination चाहिन्छ ।

● Skilled Regional (Subclass 491) : Regional area मा बस्ने शर्त ।

● Graduate Work Stream (Subclass 485) : अस्थायी पोस्ट स्टडी वर्क भिसा ।

**नेपाली विद्यार्थीहरूका लागि मुख्य समस्याहरू :**

● अङ्ग्रेजी भाषाको अङ्क (कम्तीमा IELTS 7.0 each band चाहिन्छ ।)

● उमेर अनुसार अथवा ३० वर्षपछि अङ्क घट्छ ।

● कामको अनुभव र अस्ट्रेलियन योग्यताको समन्वय ।

● Skills Assessment मा पास हुन गाह्रो (विशेष गरी भीईटी स्नातकका लागि) ।

वास्तविकता : धेरै नेपाली विद्यार्थीहरू ८-१० वर्ष अस्थायी भिसामा बिताउँछन् पीआरको पर्खाइमा ।

**परिवार ल्याउने योजना :**

यो धेरै नेपाली विद्यार्थीहरूको दीर्घकालीन योजना हो । पारिवारिक भिसाका मुख्य प्रकारहरू :

**Partner Visa (Subclass 820/801 & 309/100) :**

- अस्ट्रेलियामा बसेका नेपालीले आफ्नी श्रीमती या आफ्ना श्रीमान्लाई ल्याउने ।
- लाग्ने समय : २० - २९ महिना ।
- लागत अस्ट्रेलियन डलर ८,८५० (लगभग नपाली ७ लाख ५० हजार रुपियाँ) ।
- Genuine relationship को प्रमाण चाहिन्छ ।

**Parent Visa :**

- Contributing Parent (Subclass 143) : अस्ट्रेलियन डलर ४७,७५५ (नेपाली लगभग ४० लाख रुपियाँ) ।
- Aged Parent (Subclass 804) : अस्ट्रेलियन डलर ४,९९० तर १२ - ३० वर्ष पर्खिनुपर्ने अवधि ।
- धेरै नेपाली परिवारहरूका लागि आर्थिक रूपमा असम्भव ।

**केटाकेटी भिसा :**

- पीआर पाएकाहरूका १८ वर्षमुनिका बच्चाहरूका लागि ।
- रिलेटिभ्ली सजिलो तर डकुमेन्टेसन जटिल ।

**पारिवारिक भिसाका चुनौतीहरू :**

- High processing fees
- Long waiting periods

- Strict income requirements (sponsor को stable income चाहिन्छ ।)
- English language requirement केही visa types मा ।

**नेपाल फर्कने वा तेस्रो देश जाने इच्छा :**

यो वास्तविकतालाई धेरै नेपालीहरूले ३ देखि ५ वर्षपछि सामना गर्छन् ।

**नेपाल फर्कने निर्णय गर्नुका कारणहरू :**

- पीआर नपाएको दिक्दारी,
- पारिवारिक दबाब र भावनात्मक चिन्ता,
- स्वास्थ्य समस्या (विशेष गरी मानसिक स्वास्थ्य समस्या),
- बुढापाकामा आमाबुबाको हेरचाह गर्नुपर्ने दायित्व, र
- अस्ट्रेलियाको कार्यस्थलमा भेदभावको अनुभव ।

**तेस्रो देश जाने प्रवृत्ति :**

- क्यानडा : Express Entry system सजिलो लाग्छ ।
- न्युजिल्यान्ड : अस्ट्रेलियासँगको निकट सम्बन्ध, सजिलो आवतजावत ।
- बेलायत : हालसाल आकर्षक लाग्छ ।
- अमेरिका : चिट्ठा प्रणाली, उच्च शिक्षितहरूका लागि ।
- जर्मनी र नर्डिक देशहरू : युरोपेली जीवनशैलीप्रतिको आकर्षण ।

**'मल्टिपल माइग्रेसन' को घटना :**

धेरै नेपाली युवाहरूले अस्ट्रेलिया – क्यानडा – संयुक्त राज्य अमेरिका वा अन्य संयोजन गर्छन् । यसलाई 'माइग्रेसन सपिङ' भनिन्छ, अथवा जहाँ पीआर लिएर नागरिकता बनाउन सजिलो छ, त्यहाँ जाने ।

**Realistic Timeline :**

- पहिलो २ वर्ष : अध्ययन र बसोवास प्रबन्ध
- ३-५ वर्ष : पोस्ट स्टडी वर्क भिसा, पीआरको निवेदन
- ५-८ वर्ष : पीआर मिल्यो भने पारिवारिक मिलनको योजना
- ८-१० वर्ष : नागरिकता पाउन योग्य हुने वा अर्को देश जाने निर्णय

यी सबै योजनाहरूले कोर्स छनोटलाई प्रभावित पार्छ । उदाहरण : नर्सिङ गर्नेहरूले पीआरको बाटो छिटो देख्छन्, तर कुकरी गर्नेहरूले Regional area मा बस्नुपर्छ ।

**सामाजिक दबाब :**

- प्रतिष्ठित कोर्स गरेको देखाउने चाप
- परिवार र समुदायको अपेक्षाहरू
- साथीहरूको प्रभाव

यी सबै कारकहरूको मिश्रणले नेपाली विद्यार्थीहरूको कोर्स छनोटलाई प्रभावित पार्छ । धेरैजसो अवस्थामा यो निर्णय व्यावहारिक आवश्यकता र सपनाहरूको बीचको सन्तुलन हो, जहाँ भिसा पाउनु र आर्थिक स्थिरता पहिलो प्राथमिकता बन्छ ।

सन् २०२४ मा नेपाली विद्यार्थीहरूलाई दिइने विद्यार्थी भिसाको सङ्ख्या सन् २०२३ को २३,००० बाट घटेर ११,००० मात्र पुगेको छ, जसले कोर्स छनोटमा थप दबाब सिर्जना गरेको छ ।

**योग्यताको वास्तविक र काल्पनिक मूल्य :**

अस्ट्रेलियामा नेपाली विद्यार्थीहरूको शैक्षिक योग्यताको मूल्याङ्कन गर्दा बजारमा प्रचलित धारणा र वास्तविक स्थिति बीच उल्लेखनीय भिन्नता देखिन्छ । शैक्षिक सल्लाहकार संस्थाहरूद्वारा प्रस्तुत आकर्षक तथ्याङ्कहरू र स्नातकहरूको वास्तविक व्यावसायिक अनुभवका बीचको अन्तरले धेरै नेपाली विद्यार्थीहरूलाई चुनौतीपूर्ण परिस्थितिमा राखेको देखिन्छ । यस सन्दर्भमा व्यावसायिक शिक्षाको

वास्तविक मूल्य निर्धारणका लागि वस्तुनिष्ठ मूल्याङ्कन आवश्यक देखिन्छ ।

## प्रमुख शैक्षिक कार्यक्रमहरूको तुलनात्मक विश्लेषण :

### कमर्सियल कुकरी :

अस्ट्रेलियामा कमर्सियल कुकरी कोर्स नेपाली विद्यार्थीहरूमा सबैभन्दा लोकप्रियमध्ये एक हो । यस क्षेत्रको मूल्याङ्कन निम्नानुसार छ :

**अपेक्षा :**

- खाना पकाउने क्षेत्रमा व्यावसायिक विकास
- वार्षिक ४,५०,००० देखि ४,७०,००० सम्मको आम्दानी
- स्थायी बसोबासको सहज प्रक्रिया
- सिर्जनशील र सम्मानजनक व्यावसायिक क्षेत्र

**वास्तविकता :**

- स्नातकहरूको बहुसङ्ख्यक भान्सा सहयोगी वा अस्थायी कुकका रूपमा नियुक्त
- प्रारम्भिक पारिश्रमिक २० - २५ डलर प्रतिघन्टा
- अनियमित कार्यतालिका र शारीरिक श्रमको आवश्यकता
- हेडकुकको स्तरमा पुग्न वर्षौंको अनुभव आवश्यक
- आतिथ्य क्षेत्रमा स्थायी बसोबासको मार्गमा तीव्र प्रतिस्पर्धा

### नर्सिङ :

**अपेक्षा :**

- उच्च सम्मानित पेशा
- अस्ट्रेलियन स्वास्थ्य प्रणालीमा दक्ष जनशक्तिको उच्च माग
- ७०,००० देखि ९०,००० डलरसम्मको वार्षिक आम्दानी
- जागिरको सुरक्षा र बृद्धिको अवसर

**वास्तविकता :**

● नेपालको बीएस्सी नर्सिङ गरेका जनशक्तिले अस्ट्रेलियामा १ वर्षको ब्याचलर कोर्स गर्नुपर्ने

● आईईएलटीएस ७.० (प्रत्येक ब्यान्डमा) वा समकक्ष अङ्ग्रेजी परीक्षा चाहिने

● दर्ता प्रणाली जटिल र लामो समय लाग्ने

● अस्पतालमा नर्सिङ सहायकबाट सुरुआत

● दर्तावाला नर्स बन्न थप योग्यता चाहिने र छुट्टै मूल्याङ्कन गरिने

**सूचना प्रविधि :**

प्रविधि क्षेत्रमा करियर निर्माणका लागि आईटी कोर्सहरू नेपाली विद्यार्थीहरूको तेस्रो प्राथमिकतामा रहेको देखिन्छ ।

**अपेक्षा :**

● प्रविधि क्षेत्रमा उच्च आम्दानीको सम्भावना

● घरबाट कार्य गर्ने लचिलो व्यवस्था

● नवाचार र सिर्जनशीलताको अवसर

● अन्तर्राष्ट्रिय रोजगार बजारमा पहुँच

**वास्तविकता :**

● आधारभूत आईटी कोर्सहरूले व्यावहारिक सीपहरू प्रदान गर्न नसक्ने

● अस्ट्रेलियाली कम्पनीहरूले स्थानीय अनुभव र उन्नत सीपको अपेक्षा

● धेरै स्नातकहरू प्रारम्भमा आईटी बाहिरका क्षेत्रमा काम गर्न बाध्य

● निरन्तर सिकाइ र सीप विकासको आवश्यकता

## शैक्षिक संस्थाहरूको वर्गीकरण र गुणस्तर मूल्याङ्कन :

### विश्वविद्यालयहरूको शैक्षिक कार्यक्रम :

अस्ट्रेलियाका विश्वविद्यालयका कार्यक्रमहरूमा अनुसन्धानमा आधारित सैद्धान्तिक ज्ञानको प्रभुत्व रहेको छ । यी कार्यक्रमहरूले उच्च शैक्षिक स्तर र अन्तर्राष्ट्रिय मान्यता प्रदान गर्छन् । स्नातक भिसामा दुईदेखि चार वर्षसम्मको विस्तारित अवधि प्राप्त हुन्छ, तथापि व्यावहारिक सीपहरूको विकासमा सीमितता देखिन्छ ।

### TAFE र व्यावसायिक शिक्षा :

Technical and Further Education (TAFE) संस्थानहरूले कार्पेन्ट्री, अटोमोटिभ टेक्नोलोजी जस्ता कोर्सहरू प्रदान गर्छन्, जसमा राम्रो रोजगारी देखिन्छ । यी कार्यक्रमहरूमा उद्योगसँगको प्रत्यक्ष सम्बन्धको व्यवस्था छ । शैक्षिक खर्च तुलनात्मक रूपमा कम छ, तर शैक्षिक प्रगतिका अवसरहरू सीमित रहेका छन् ।

### अस्ट्रेलियाको श्रम बजारको वस्तुस्थिति :

अस्ट्रेलियाको बेरोजगारी दर सन् २०२४ मा ३.६% मा स्थिर रहेको छ, जसले रोजगारीका अवसरहरूको सकारात्मक सङ्केत प्रदान गर्छ, तथापि यो तथ्याङ्कले सम्पूर्ण चित्र प्रस्तुत गर्दैन ।

#### सकारात्मक घटकहरू :

- सीप अभावका क्षेत्रहरूमा रोजगारीका अवसर
- स्नातकपछिको कार्य अधिकारमा विस्तार : स्नातक डिग्री भएकाहरूलाई ४ वर्ष, स्नातकोत्तर डिग्री धारकहरूलाई ५ वर्षको कार्य अनुमति
- आंशिक कार्यको अवसर (साप्ताहिक २० घन्टा)

#### चुनौतीपूर्ण पक्षहरू :

- प्रवेशस्तरीय पदमा न्यूनतम योग्यताभन्दा बढी योग्यताको समस्या

- स्थानीय अनुभवको अपरिहार्य माग
- सांस्कृतिक र भाषाका बाधाहरू
- स्थानीय स्नातकहरूसँगको तीव्र प्रतिस्पर्धा

**योग्यता मूल्याङ्कनका मापदण्डहरू :**

**कार्यक्रम छनोटका आधारभूत सिद्धान्तहरू :**

शैक्षिक कार्यक्रम छनोट गर्नुअघि निम्नलिखित कारकहरूको व्यापक अनुसन्धान आवश्यक छ । औद्योगिक अनुसन्धानमार्फत वास्तविक रोजगार बजार र पारिश्रमिकको प्रवृत्ति अध्ययन गर्नुपर्छ । सम्बन्धित शैक्षिक संस्थानका पूर्व स्नातकहरूको व्यावसायिक स्थिति बुझ्नुपर्छ । व्यक्तिगत वर्तमान सीप र कार्यक्रमका परिणामहरूका बीचको अन्तर निर्धारण गर्नुपर्छ । स्थायी बसोबास र व्यावसायिक प्रगतिको यथार्थपरक समयसीमा निर्धारण गर्नुपर्छ ।

**गुणस्तरका सूचकहरू :**

शैक्षिक कार्यक्रमको गुणस्तरको मूल्याङ्कन बहुआयामिक प्रक्रिया हो । त्यसमा निम्नलिखित कारकहरूको व्यापक विश्लेषण गर्नु आवश्यक छ ।

**औद्योगिक सम्बन्ध र रोजगार सम्पर्क :**

वास्तविक उद्योगिक साझेदारीको गहनता र व्यापकता निर्धारण गर्नुपर्छ । यसमा प्रमुख रोजगारदाताहरूसँगको औपचारिक सम्झौता, इन्टर्नसिप कार्यक्रमको उपलब्धता र work-integrated learning अवसरहरूको समावेश छ । विशेष गरी placement दरको ऐतिहासिक तथ्याङ्क, स्नातकहरूको रोजगार प्राप्तिको अवधि र प्रारम्भिक पारिश्रमिकको तुलनात्मक विश्लेषण महत्त्वपूर्ण छ । औद्योगिक सल्लाहकार बोर्डको सक्रियता र पाठ्यक्रम अद्यावधिकका लागि उनीहरूको भूमिकाको पनि मूल्याङ्कन गर्नुपर्छ ।

**शैक्षणिक कर्मचारीहरूको योग्यता र अनुभव :**

शिक्षकहरूको शैक्षणिक र व्यावसायिक पृष्ठभूमिको गहन मूल्याङ्कन आवश्यक छ । यसमा उनीहरूको उच्च शिक्षाको स्तर, सम्बन्धित उद्योगमा व्यावहारिक अनुभव, निरन्तर व्यावसायिक विकास गतिविधिमा सहभागिता र अनुसन्धान कार्यमा संलग्नता समावेश छ । विशेष गरी एड्जङ्क्ट प्रोफेसर र industry practitioners को संलग्नताले पाठ्यक्रमको व्यावहारिक प्रासङ्गिकता बढाउँछ । शिक्षक-विद्यार्थी अनुपात र व्यक्तिगत मार्गदर्शनको उपलब्धता पनि गुणस्तरको महत्त्वपूर्ण सूचक हो ।

**पूर्व छात्र सञ्जाल र career services :**

सक्रिय अलुम्नाइ सञ्जालको उपस्थिति र तिनको मेन्टरसिप कार्यक्रममा संलग्नता निर्धारण गर्नुपर्छ । Career counseling services को गुणस्तर, resume writing workshops, अन्तर्वार्ता तयारी कार्यक्रम र job search assistance को व्यापकता मूल्याङ्कन गर्नुपर्छ । Graduate tracking system र long-term career outcomes को सुपरिवेक्षण प्रणाली पनि महत्त्वपूर्ण सूचक हो ।

**मान्यता र गुणस्तर आश्वासन :**

संस्थानको औपचारिक एक्रिडिटेसन तह, गुणस्तरीय एस्युरेन्स फ्रेमवर्कमा सहभागिता र बाह्य मूल्याङ्कन प्रक्रियाको नियमितता जाँच गर्नुपर्छ । व्यावसायिक संस्थासँगको मान्यता, अन्तर्राष्ट्रिय साझेदारी र क्रेडिट ट्रान्सफर सम्बन्धी समझदारीको उपलब्धता विचार गर्नुपर्छ । विद्यार्थीको सन्तुष्टि सर्वेक्षण, स्नातक रोजगारको प्रतिक्रिया र स्वतन्त्र र्‍याङ्किङमा संस्थानको स्थिति पनि सूचक हुन सक्छ ।

**सहायक सेवाहरू र विद्यार्थी कल्याण :**

अन्तर्राष्ट्रिय छात्र सहयोग सेवाको गुणस्तर, भाषा सहायता कार्यक्रम, सांस्कृतिक अभिमुखीकरण कार्यक्रम र प्राज्ञिक सहायता

सेवाको उपलब्धता निर्धारण गर्नुपर्छ । मानसिक स्वास्थ्य सहयोग, आर्थिक काउन्सिलिङ र बसोवास सुविधा जस्ता सेवाहरूले विद्यार्थीको समग्र सफलतामा योगदान पुऱ्याउँछ ।

**नीतिगत सुझावहरू :**

● पढाइको समाप्ति स्वतः सफलताको ग्यारेन्टी नहुने कुराको स्वीकार्यता आवश्यक छ । कार्यक्रम समाप्तिपछि पनि निरन्तर सीप विकासको प्रक्रिया जारी राख्नुपर्छ । औद्योगिक व्यावसायिकहरू र पूर्व छात्रहरूसँग सञ्जाल निर्माण गर्नुपर्छ । वैकल्पिक व्यावसायिक मार्गहरूका बारेमा पनि योजना बनाउनुपर्छ ।

● आर्थिक योजनामा केवल शिक्षण शुल्क मात्र नभएर जीवनयापन खर्च र अवसर लागतको पनि गणना समावेश गर्नुपर्छ । भावनात्मक र मानसिक सहायता प्रणालीको व्यवस्था गर्नुपर्छ । सफलतामा समय लाग्ने कुराको बोधगम्यता आवश्यक छ ।

● अत्यधिक आश्वासन प्रदान गर्नु अनुचित व्यवहार हो । कार्यक्रमका सबै पक्षहरूको सम्पूर्ण जानकारी प्रदान गर्नुपर्छ । भिसा र भर्ना मात्र नभएर व्यावसायिक मार्गदर्शन पनि प्रदान गर्नुपर्छ ।

अस्ट्रेलियामा शैक्षिक अध्ययन निःसन्देह मूल्यवान् अनुभव प्रदान गर्छ, तथापि सफलताको आधारशिला यथार्थपरक अपेक्षा र उचित योजनामा निहित रहेको छ । कुनै पनि शैक्षिक योग्यता स्वयंमा सफलताको आश्वासन प्रदान गर्दैन । यो एक साधन मात्र हो, जसको उचित प्रयोग विधि आत्मसात् गर्नुपर्छ ।

बौद्धिक व्यक्तिको पलायनका विषयमा चर्चा गर्दा यो केवल प्रतिभाशाली व्यक्तिहरूको बाह्य गमन मात्र नभएर उनीहरूको क्षमताको पूर्ण उपयोग नहुने समस्या पनि हो । यसैकारण शिक्षाको वास्तविक र काल्पनिक मूल्यबीचको विभेद बुझेर सुसूचित निर्णय लिनु अपरिहार्य छ ।

नेपाली विद्यार्थीहरूको शैक्षिक निवेश र व्यावसायिक परिणामबीच महत्त्वपूर्ण अन्तर रहेको छ । भविष्यमा यस क्षेत्रमा थप

गहन अनुसन्धानको आवश्यकता देखिन्छ । विशेष गरी दीर्घकालीन करियर ट्र्याकिङ, उद्योग-विशिष्ट रोजगार दर विश्लेषण र सामाजिक-आर्थिक प्रभाव मूल्याङ्कनमा केन्द्रित गर्नुपर्छ ।

साथै, नेपाल सरकार, शैक्षिक संस्थानहरू र अन्तर्राष्ट्रिय शिक्षा उद्योगबीच समन्वयात्मक नीतिनिर्माणको आवश्यकता छ । यसले भावी विद्यार्थीहरूलाई अधिक सुसूचित हुन र टिकाउ निर्णय लिन मद्दत गर्नेछ ।

**अध्ययन र कामको सन्तुलन नेपाली विद्यार्थीहरूको सङ्घर्ष :**

अस्ट्रेलियामा बस्ने नेपाली विद्यार्थीहरूको जीवनमा सबैभन्दा कठिन चुनौती भनेको अध्ययन र कामका बीचको सन्तुलन मिलाउनु हो । विद्यार्थी भिसाको सीमित घन्टाको नियम र जीवनयापनको बढ्दो लागतले गर्दा यो सङ्घर्ष झनै जटिल बनेको छ ।

**भिसाको सीमा र वास्तविकताको खाडल :**

अस्ट्रेलियन सरकारले विद्यार्थी भिसावालाहरूलाई हप्तामा केवल २० घन्टा मात्र काम गर्न अनुमति दिएको छ । तर नेपाली विद्यार्थीहरूको वास्तविकता यो सीमाभन्दा धेरै फरक छ । प्रतिसेमेस्टर १४ लाखदेखि १८ लाख रुपियाँसम्म खर्च लाग्ने शिक्षण शुल्क र महँगो जीवनयापनको लागतले गर्दा धेरैजसो विद्यार्थीहरू २० घन्टाभन्दा बढी काम गर्न बाध्य छन् ।

सर्वेक्षणले देखाए अनुसार सन् २०२४ मा ३४% विद्यार्थीहरूले अध्ययनका साथसाथै पार्टटाइम काम गरिरहेका थिए । नेपाली विद्यार्थीहरूको हकमा यो सङ्ख्या झनै उच्च छ ।

**दैनिक सङ्घर्षका कथाहरू :**

सिडनीमा कुकरी कोर्स गरिरहेका केही व्यक्तिहरू बिहान ५ बजेदेखि ११ बजेसम्म रेस्टुराँमा काम गर्छन् । त्यसपछि दिउँसो १२ बजेदेखि ४ बजेसम्म कक्षामा उपस्थित हुन्छन् । साँझ ६ बजेदेखि रातको १० बजेसम्म फेरि अर्को ठाउँमा सफाइको काम गर्छन् ।

**पढाइको गुणस्तरमा असर :**

अत्यधिक कामको बोझले गर्दा नेपाली विद्यार्थीहरूको शैक्षिक प्रदर्शनमा प्रभाव परेको छ । धेरैजसो विद्यार्थीहरू असाइनमेन्ट र प्रोजेक्टमा पूर्ण ध्यान दिन सक्दैनन् । कक्षामा उपस्थिति नियमित नहुने, ग्रुप वर्कमा सहयोग गर्न नसक्ने जस्ता समस्याहरू देखापरेका छन् ।

**मानसिक स्वास्थ्यमा प्रभाव :**

अध्ययन र कामको दबाबले नेपाली विद्यार्थीहरूको मानसिक स्वास्थ्यमा निकै गम्भीर असर पारेको छ । अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा चिन्ता (२.४ – ४३%), डिप्रेसन (३.६ – ३८.३%) र मानसिक तनाव (३१.६ – ५४%) जस्ता समस्याहरू व्यापक छन् ।

नेपाली विद्यार्थीहरूका सन्दर्भमा नेपालमा भएको ऋणको ब्याज र अस्ट्रेलियामा बढ्दो खर्चको दोहोरो दबाब मानसिक तनावको मुख्य कारण बनेको छ । यो आर्थिक दबाबले धेरै नेपाली विद्यार्थीहरूलाई आत्महत्याको विचारसम्ममा लैजान्छ ।

**निद्राहीनता र स्वास्थ्य समस्याहरू :**

लामो समयसम्म काम गरेर पढाइ गर्नुपर्ने बाध्यताले धेरै विद्यार्थीहरूमा निद्राहीनताको समस्या छ । दिनमा ४-५ घन्टा मात्र सुत्ने, खानाको अनियमितता र शारीरिक थकानले गर्दा उनीहरूको स्वास्थ्यमा दीर्घकालीन असर पारिरहेको छ ।

केही विद्यार्थीहरू हप्तामा ६० घन्टा काम गर्छन् र १५ घन्टा कक्षामा बिताउँछन् । बाँकी समयमा असाइनमेन्ट गर्छन् । निद्रा त सपना नै बन्छ ।

**सामाजिक एक्लोपनको समस्या :**

काम र पढाइको यो दौडमा नेपाली विद्यार्थीहरूले सामाजिक जीवनलाई बिर्सिएका छन् । साथीहरूसँग समय बिताउने, नेपाली समुदायका कार्यक्रमहरूमा सहभागी हुने वा फुर्सदका गतिविधिहरू

गर्ने समय नै छैन । यसले उनीहरूमा एक्लोपन र अलगावको भावना बढाएको छ ।

**पारिवारिक दबाब र अपेक्षाहरू :**

नेपालबाट आएका अपेक्षाहरूले यो सङ्घर्षलाई झनै कठिन बनाएको छ । घरका मानिसहरू 'विदेशमा राम्रो कमाइ छ' भन्ने भ्रममा रहेकाले विद्यार्थीहरूले आफ्नो वास्तविक अवस्था बताउन सक्दैनन् । उनीहरूले घरमा पैसा पठाउनुपर्ने दबाब पनि सहनुपर्छ ।

**भाषाको बाधा र कार्यक्षेत्रमा चुनौतीहरू :**

अङ्ग्रेजी भाषामा कमजोरीले नेपाली विद्यार्थीहरूलाई राम्रो तलबका कामहरू पाउनबाट रोकेको छ । धेरैजसो केवल सफाइ, भान्छा र निर्माण क्षेत्रका शारीरिक कामहरूमा सीमित छन् । यी कामहरू कठिन हुनुका साथै कम तलब दिन्छन् ।

**समय व्यवस्थापनको समस्या :**

कुनै औपचारिक तालिम नभएका कारण धेरै विद्यार्थीहरू समय व्यवस्थापनमा कमजोर छन् । पढाइ, काम, खाना पकाउने, घर सफा गर्ने जस्ता सबै काम आफैँले गर्नुपर्ने बाध्यताले उनीहरूको दिनचर्या अव्यवस्थित बनेको छ ।

**समाधानका प्रयासहरू :**

अब समाधानका प्रयासहरूका बारेमा चर्चा गरौँ ।

**व्यक्तिगत रणनीतिहरू :**

केही सफल विद्यार्थीहरूले यस्ता रणनीतिहरू अपनाएका छन् :

- **समयतालिका बनाउने :** दैनिक र साप्ताहिक तालिका बनाएर काम र पढाइलाई व्यवस्थित गर्ने ।
- **समूहमा अध्ययन :** साथीहरूसँग मिलेर पढाइ गर्दा समय र श्रमको बचत हुने ।

- **प्राथमिकता निर्धारण** : महत्त्वपूर्ण असाइनमेन्ट र परीक्षाहरूलाई प्राथमिकता दिने ।

**संस्थागत सहयोग :**

केही शिक्षण संस्थाहरूले नेपाली विद्यार्थीहरूका लागि विशेष सहयोग कार्यक्रमहरू सुरु गरेका छन् :

- काउन्सिलिङ सेवाहरू
- स्कलरसिप कार्यक्रमहरू
- करियर गाइडेन्स
- भाषा सुधार कक्षाहरू

**सामुदायिक पहलहरू :**

नेपाली समुदायले पनि आफ्ना विद्यार्थीहरूलाई सहयोग गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । मानसिक स्वास्थ्य जागरुकता कार्यक्रम, सीप विकास तालिम र सामुदायिक भेटघाटका कार्यक्रमहरू यसका उदाहरण हुन् ।

अध्ययन र कामको सन्तुलन मिलाउनु नेपाली विद्यार्थीहरूको सबैभन्दा ठूलो चुनौती हो । यो सङ्घर्ष केवल व्यक्तिगत चुनौती मात्र नभएर एक संरचनागत समस्या हो । सरकारी नीति, शिक्षण संस्थानको दृष्टिकोण र सामुदायिक सहयोगमा सुधार भएमा मात्र यो समस्याको दिगो समाधान सम्भव छ ।

नेपाली विद्यार्थीहरूले यो यात्रामा धैर्य, दृढता र स्मार्ट काम गर्ने क्षमता देखाएका छन् । तर उनीहरूको सफलताका लागि व्यापक सहयोग र नीतिगत सुधारको आवश्यकता छ ।

●

# आमदानी र खर्च

**अस्ट्रेलियामा जीवनयापनको लागत र शिक्षण शुल्क :**

अस्ट्रेलियामा अध्ययनको सपना देख्ने नेपाली विद्यार्थीहरूका लागि सबैभन्दा महत्त्वपूर्ण प्रश्न भनेको वास्तविक लागतको पक्ष नै हो । शिक्षण शुल्कदेखि दैनिक जीवनयापनको खर्चसम्मका सबै पक्षहरूको वास्तविक तस्बिर बुझ्नु अत्यन्त आवश्यक छ ।

**शिक्षण शुल्क :**

स्नातक तहमा सन् २०२५ को तथ्याङ्क अनुसार अस्ट्रेलियामा अध्ययनको वार्षिक लागत २०,००० डलरदेखि ४५,००० डलरसम्म छ । तर यो केवल औसत आँकडा हो । वास्तविकतामा :

**सामान्य कोर्सहरू :**

● आर्ट्स र बिजनेस : २२,००० - ३५,००० डलर (रु. १८,७०,००० - २९,७५,०००) प्रतिवर्ष

● इन्जिनियरिङ र ITM : ३५,००० - ४२,००० डलर (रु. २९,७५,००० - ३५,७०,०००) प्रतिवर्ष

● मेडिसिन र डेन्टिस्ट्री : ६०,००० - ८०,००० डलर (रु. ५१,००,००० - ६८,००,०००) प्रतिवर्ष

● नर्सिङ : ३०,००० - ४०,००० डलर (रु. २५,५०,००० - ३४,००,०००) प्रतिवर्ष

प्रतिष्ठित विश्वविद्यालयहरूले आधारभूत आर्ट्स वा बिजनेस डिग्रीका लागि पनि ३५,००० + डलर शुल्क लिन्छन् ।

स्नातकोत्तर तहको लागत प्रतिवर्ष २२,००० देखि ५४,००० डलरसम्म छ । मेडिसिन वा इन्जिनियरिङ जस्ता विशेषज्ञ डिग्रीहरूमा यो लागत झनै बढी हुन्छ ।

**लोकप्रिय मास्टर कोर्सहरू :**

● MBA : ४०,००० - ६०,००० डलर (रु. ३४,००,००० - ५१,००,०००) प्रतिवर्ष

● IT/Computer Science : ३५,००० - ४८,००० डलर (रु. २९,७५,००० - ४०,८०,०००) प्रतिवर्ष

● Accounting : ३०,००० - ४५,००० डलर (रु. २५,५०,००० - ३८,२५,०००) प्रतिवर्ष

● Engineering : ४०,००० - ५५,००० डलर (रु. ३४,००,००० - ४६,७५,०००) प्रतिवर्ष

**व्यावसायिक कोर्सहरू :**

नेपाली विद्यार्थीहरूमा लोकप्रिय भएका TAFE र VET कोर्सहरूको लागत :

● कमर्सियल कुकरी : १५,००० - २५,००० डलर (रु. १२,७५,००० - २१,२५,०००) प्रतिवर्ष

● अटोमोटिभ : १८,००० - २८,००० डलर (रु. १५,३०,००० - २३,८०,०००) प्रतिवर्ष

● हेयर ड्रेसिङ : १२,००० - २०,००० डलर (रु. १०,२०,००० - १७,००,०००) प्रतिवर्ष

● बिल्डिङ एन्ड कन्स्ट्रक्सन : १६,००० - २६,००० डलर (रु. १३,६०,००० - २२,१०,०००) प्रतिवर्ष

**अन्य अनिवार्य शुल्कहरू :**

विद्यार्थी भिसा : अस्ट्रेलियामा विद्यार्थी भिसाको लागत १,६०० डलर (रु. १,३६,०००) देखि सुरु हुन्छ ।

**ओभरसिज स्टुडेन्ट हेल्थ कभर :**

● एकल विद्यार्थी : ५०० - ७०० डलर (रु. ४२,५०० - ५९,५००) प्रतिवर्ष

● दम्पती : १,५०० - २,००० डलर (रु. १,२७,५०० - १,७०,०००) प्रतिवर्ष

**जीवनयापनको लागत :**

अस्ट्रेलियन सरकारमा विद्यार्थी भिसाका लागि प्रतिवर्ष ४,२१,०४१ डलर (रु. १७,८८,४८५) जीवनयापन खर्च देखाउनुपर्ने आवश्यकता छ । तर वास्तविकतामा यो रकम पर्याप्त छैन ।

**मासिक जीवनयापन खर्च :**

अस्ट्रेलियामा एकल व्यक्तिको औसत मासिक जीवनयापन लागत २,८३५ डलर छ । तर विद्यार्थीहरूका लागि यो फरक हुन्छ ।

विद्यार्थीहरूले सामान्यतया मासिक १,३०० देखि २,००० डलर खर्च गर्छन् । अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई आवास, खाना र सामाजिक गतिविधिहरू सबै मिलाएर मासिक १,४०० देखि २,५०० डलर चाहिन्छ ।

**शहर अनुसार लागत विभिन्नता :**

**सिडनी :**

● मासिक कूल खर्च : ३,२०० - ४,००० डलर

● आवास : १,२०० - २,००० डलर प्रतिहप्ता (साझा कोठा)

● फ्ल्याट भाडा : ४०० - ६०० डलर प्रतिहप्ता (एकल कोठा)

**मेलबर्न :**

मेलबर्नमा विद्यार्थीहरूको मासिक जीवनयापन खर्च ४३,००० देखि ४३,२०० डलर अनुमान गर्न सकिन्छ ।

**पर्थ :**

तुलनात्मक रूपमा सस्तो : पर्थमा औसत मासिक जीवनयापन लागत ३,००० देखि ४,००० डलर छ, जसमा भाडा, खाना, यातायात र उपयोगिताहरू समावेश छन् ।

**एडिलेड र ब्रिस्बेन :**

- मासिक कूल खर्च : २,५०० - ३,२०० डलर
- क्यान्बेरा : २,८०० - ३,५०० डलर

**खर्चका मुख्य घटकहरू :**

**१. आवास : सबैभन्दा ठूलो खर्च**

**साझा आवास :**

- सिडनी/मेलबर्न : १५० - ३०० डलर प्रतिहप्ता
- अन्य शहरहरू : १२० - २५० डलर प्रतिहप्ता

**एकल कोठा :**

- प्रमुख शहरहरू : २५० - ४५० डलर प्रतिहप्ता
- साना शहरहरू : १८० - ३५० डलर प्रतिहप्ता

**विश्वविद्यालयको आवास :**

- २०० - ४०० डलर प्रतिहप्ता
- खानासहित : ३५० - ५५० डलर प्रतिहप्ता

**२. खाना र किराना :**

औसतमा अन्तर्राष्ट्रिय विद्यार्थीले खाना र किरानामा ३०० - ४०० डलर खर्च गर्छ ।

**मासिक खाना खर्च :**

- घरमा खाना पकाएर : २५० - ३५० डलर
- कहिलेकाहीँ बाहिर खाने : ३५० - ५०० डलर
- प्राय: बाहिर खाने : ६०० - ८०० डलर

**दैनिक खाना लागत :**

अन्तर्राष्ट्रिय विद्यार्थीका लागि आधारभूत खानाको लागत दिनको लगभग ४२ डलर (दिनमा तीनपटक) छ ।

**किराना सामानको उदाहरण मूल्य :**

- चामल (१ केजी) : ३ - ५ डलर
- दाल (१ केजी) : ४ - ६ डलर
- तेल (१ लिटर) : ३ - ४ डलर
- दूध (१ लिटर) : १.५ - २ डलर
- अण्डा (१२ वटा) : ४ - ६ डलर
- मासु (१ केनी) : १२ - २० डलर

**यातायात :**

सार्वजनिक यातायातको मासिक पास शहर अनुसार १०० देखि २०० डलरसम्म छ ।

**मासिक यातायात खर्च :**

- सिडनी : १८० - २२० डलर
- मेलबर्न : १५० - १९० डलर
- ब्रिस्बेन : १३० - १७० डलर
- पर्थ : १२० - १६० डलर
- एडिलेड : १०० - १४० डलर

**उपयोगिताहरू :**

**साझा आवासमा :**

- बिजुली, ग्यास, पानी : ३० - ६० डलर प्रतिहप्ता
- इन्टरनेट : १५ - २५ डलर प्रतिहप्ता

**एकल फ्ल्याटमा :**

- कूल उपयोगिता : १५० - ३०० डलर प्रतिमहिना

**मोबाइल र इन्टरनेट :**

- मोबाइल प्लान : ३० - ६० डलर प्रतिमहिना
- होम इन्टरनेट : ६० - १०० डलर प्रतिमहिना

**अन्य दैनिक खर्च :**

**स्वास्थ्य र व्यक्तिगत हेरचाह :**

- जिम सदस्यता : ४० - ८० डलर प्रतिमहिना
- हेयर कट : २५ - ५० डलर
- मेडिकल चेकअप : ८० - १५० डलर प्रतिभिजिट

**मनोरञ्जन :**

- सिनेमा टिकट : १५ - २२ डलर
- कफी : ४ - ६ डलर
- बियर (रेस्टुराँमा) : ८ - १२ डलर

**वार्षिक कूल लागतको वास्तविक हिसाब :**

अस्ट्रेलियामा विद्यार्थीको वार्षिक जीवनयापन लागत लगभग ४३५,००० आउँछ, जसमा खाना, यातायात, किराना, आवास र अन्य न्यूनतम खर्चहरू समावेश छन् ।

**प्रमुख शहरहरूमा (सिडनी/मेलबर्न) :**

- शिक्षा शुल्क : ३०,००० - ४५,००० डलर
- जीवनयापन : ३५,००० - ४५,००० डलर
- कूल वार्षिक लागत : ६५,००० - ९०,००० डलर

**अन्य शहरहरूमा :**

- शिक्षा शुल्क : २५,००० - ४०,००० डलर
- जीवनयापन : २८,००० - ३८,००० डलर
- कूल वार्षिक लागत : ५३,००० - ७८,००० डलर

नेपाली रुपियाँमा हिसाब गर्दा सन् २०२४/२५ को विनिमय दरअनुसार (१ डलर = रु. ८५ - ९०) ।

**प्रमुख शहरहरूमा वार्षिक कूल लागत :**

- न्यूनतम : रु. ५५,२५,००० (डलर ६५,०००)
- अधिकतम : रु. ८१,००,००० (डलर ९०,०००)

**अन्य शहरहरूमा वार्षिक कूल लागत :**

- न्यूनतम : रु. ४५,०५,००० (डलर ५३,०००)
- अधिकतम : रु. ७०,२०,००० (डलर ७८,०००)

**लुकेका खर्चहरू :**

**सुरुवाती खर्चहरू :**

- भिसा प्रक्रिया : रु. २,५०,००० - रु. ४,००,०००
- हवाई टिकट : रु. ८०,००० - रु. १,५०,०००।-
- सुरुवाती सेटअप : ३,००० - ५,००० डलर

**आपतकालीन खर्च :**

- मेडिकल इमर्जेन्सी : ५०० - २,००० डलर
- भिसा नवीकरण : ६५० - १,६०० डलर
- कोर्स परिवर्तन शुल्क : ५०० - १,५०० डलर

**सामाजिक र मानसिक स्वास्थ्य :**

- मानसिक स्वास्थ्य सेवा : १०० - २०० डलर प्रतिसेसन
- नेपाली समुदायका कार्यक्रमहरू : ५० - २०० डलर प्रतिमहिना

**लागत बचतका उपायहरू :**

**१. आवासमा बचत**

- साझा आवास रोज्ने
- शहरबाट टाढा बस्ने
- विश्वविद्यालयको आवास प्राथमिकता दिने

**२. खानामा बचत**

- घरमै खाना पकाउने
- किनमेल गर्ने
- सेल र डिस्काउन्टको फाइदा उठाउने

### ३. यातायातमा बचत

- साइकल प्रयोग गर्ने
- स्टुडेन्ट डिस्काउन्ट कार्ड प्रयोग गर्ने
- हिँड्ने दूरीमा आवास रोज्ने

### ४. अन्य बचत उपायहरू

- सेकेन्ड ह्यान्ड सामान किन्ने
- स्टुडेन्ट डिस्काउन्ट पोर्टलहरू प्रयोग गर्ने
- फ्री कम्युनिटी इभेन्टहरूमा सहभागी हुने

अस्ट्रेलियामा अध्ययनको वास्तविक लागत धेरै नेपाली विद्यार्थी र अभिभावकहरूले सोचेभन्दा धेरै छ । केवल शिक्षण शुल्क मात्र नभएर जीवनयापनको लागत पनि उत्तिकै महत्त्वपूर्ण छ । यो आर्थिक वास्तविकतालाई बुझेर मात्र सफल र दिगो अध्ययन यात्राको योजना बनाउन सकिन्छ ।

नेपाली परिवारहरूले आफ्नो आर्थिक क्षमता, ऋणको जोखिम र भविष्यको योजनालाई ध्यानमा राखेर मात्र यो निर्णय लिनुपर्छ । अस्ट्रेलियामा सफल हुन पैसा मात्र पर्याप्त छैन, मानसिक तयारी, कडा परिश्रम र वास्तविक अपेक्षाहरू पनि उत्तिकै आवश्यक छन् ।

## अस्ट्रेलियामा नेपालीहरूको औसत आम्दानी :

अस्ट्रेलियामा बसोबास गर्ने नेपालीहरूको आर्थिक अवस्था बुझ्नका लागि उनीहरूको औसत आम्दानीको विश्लेषण गर्नु अत्यन्त महत्त्वपूर्ण छ ।

## विद्यार्थी भिसाधारी नेपालीहरूको आम्दानी :

## न्यूनतम ज्यालादर र कार्य घन्टाको सीमा :

अस्ट्रेलियाको राष्ट्रिय न्यूनतम ज्यालादर सन् २०२४ को जुलाईदेखि प्रतिघन्टा २४.१० डलर (रु. २,१२५) निर्धारण गरिएको छ । विद्यार्थी भिसाधारीहरूलाई सेमेस्टर सञ्चालनको समयमा

साप्ताहिक २० घन्टा र बिदाको समयमा पूर्णकालीन काम गर्ने अनुमति दिइएको हुन्छ । न्यूनतम ज्यालादरका आधारमा गणना गर्दा एक विद्यार्थीले साप्ताहिक २० घन्टा काम गरेमा :

- साप्ताहिक आम्दानी : ४८२ डलर (रु. ४२,५०८)
- मासिक आम्दानी : १,९२८ डलर (रु. १,७०,००३)
- वार्षिक आम्दानी : २५,०६४ डलर (रु. २२,११,१२६) हुन्छ ।

**वास्तविक कार्यक्षेत्र र आम्दानी :**

विभिन्न अनुसन्धान र सर्वेक्षणका आधारमा नेपाली विद्यार्थीको वास्तविक आम्दानी निम्नलिखित क्षेत्रहरूमा देखिएको छ ।

**होटल र रेस्टुरेन्ट क्षेत्र :**

नेपाली विद्यार्थीहरूको सबैभन्दा ठूलो सङ्ख्या होटल र रेस्टुरेन्ट क्षेत्रमा कार्यरत छन् ।

- डिसवासर : १८ - २२ डलर प्रतिघन्टा (रु. १,५८७ - १,९४०)
- किचन ह्यान्ड : २० - २५ डलर प्रतिघन्टा (रु. १,७६४ - २,२०५)
- वेटर/वेट्रेस : २० - २८ डलर प्रतिघन्टा (रु. १,७६४ - २,४६९) + टिप

उदाहरणस्वरूप सिड्नीमा नेपाली रेस्टुरेन्टमा किचन ह्यान्डका रूपमा काम गर्ने विद्यार्थीलाई प्रतिघन्टा २२ डलर (रु. १,९४०) मिल्छ । साप्ताहिक २० घन्टा काम गरेर ४४० डलर (रु. ३८,८०४) कमाउँछन् ।

**सफाइ सेवा क्षेत्र :**

**सफाइ कामदारका रूपमा :**

- कार्यालय सफाइ : २२ - २६ डलर प्रतिघन्टा (रु. १,९४० - २,२९३)

● घर सफाइ : २५ - ३५ डलर प्रतिघन्टा (रु. २,२०५ - ३,०८७)

**खुद्रा बिक्री क्षेत्र :**

● सामान्य सेल्स असिस्टेन्ट : २० - २४ डलर प्रतिघन्टा (रु. १,७६४ - २,११७)

● क्यासियर : २२ - २६ डलर प्रतिघन्टा (रु. १,९४० - २,२९३)

**डेलिभरी सेवा :**

**उबर इट्स, मेन्यूलग जस्ता प्लेटफर्मबाट :**

● औसत आम्दानी : १५ - २५ डलर प्रतिघन्टा (रु. १,३२३ - २,२०५)

● इन्धन र सवारी साधनको खर्च घटाएर नेट आम्दानी कम हुन्छ ।

**अनधिकृत कार्य र यसको जोखिम :**

धेरै नेपाली विद्यार्थीहरूले २० घन्टाको सीमा नाघेर अनधिकृत रूपमा काम गर्छन् । यस्तो अवस्थामा :

● नगद भुक्तानीमा प्रतिघन्टा १५ - २० डलर (रु. १,३२३ - १,७६४)

● हप्तामा ४० - ५० घन्टासम्म काम

● मासिक आम्दानी : २,४०० - ४,००० डलर (रु. २,११,५३६ - ३,५२,५६०)

**स्थायी निवासी र नागरिकहरूको आम्दानी :**
**पूर्णकालीन रोजगारीमा नेपालीहरू :**

स्थायी निवास प्राप्त गरेपछि नेपालीहरूको आम्दानीमा उल्लेखनीय वृद्धि हुन्छ ।

**दक्ष कामदारहरू :**

**निर्माण क्षेत्रमा :**

● ट्रेड्सम्यान : ५०,००० - ७०,००० डलर वार्षिक (रु. ४४,१३,००० - ६,१७,८२०)

● इलेक्ट्रिसियन : ६०,००० - ८०,००० डलर वार्षिक (रु. ५,२९,५६० - ७,०६,०८०)

● प्लम्बर : ५५,००० - ७५,००० डलर वार्षिक (रु. ४,८५,४३० - ६,६१,९५०)

**सेवा क्षेत्रमा :**

● नर्सिङ : ६५,००० - ९०,००० डलर वार्षिक (रु. ५,७३,६९० - ७,९४,२४०)

● आईटी क्षेत्र : ७०,००० - १२०,००० डलर वार्षिक (रु. ६,१७,८२० - १०,५९,६८०)

● इन्जिनियरिङ : ८०,००० - १४०,००० डलर वार्षिक (रु. ७,०६,०८० - १२,३५,६४०)

**व्यावसायिक क्षेत्रमा नेपालीहरू :**

धेरै नेपालीहरूले आफ्नै व्यवसाय सुरु गरेका छन् ।

● नेपाली रेस्टुराँ : वार्षिक टर्नओभर २००,००० - ५००,००० डलर (रु. १,७६,५२,००० - ४,४,१३,०००)

● मनी ट्रान्सफर एजेन्सी : वार्षिक नाफा ५०,००० - १५०,००० डलर (रु. ४४,१३,००० - १,३२,३९,०००)

● इन्टरनेट क्याफे र शिक्षा परामर्श : वार्षिक आम्दानी ३०,००० - ८०,००० डलर (रु. २६,४७,८०० - ७,०६,०८०)

**आम्दानीमा प्रभाव पार्ने कारकहरू :**

**भौगोलिक स्थान :**

● सिड्नी र मेलबर्न : उच्च ज्यालादर तर उच्च जीवनयापन खर्च

● एडिलेड र पर्थ : मध्यम ज्यालादर र कम जीवनयापन खर्च

● क्षेत्रीय शहरहरू : कम ज्यालादर तर धेरै कम जीवनयापन खर्च

**शिक्षा र सीप :**

● उच्च शिक्षा प्राप्त नेपालीहरूको औसत आम्दानी : ६०,००० - १००,००० डलर वार्षिक

● प्राविधिक सीप भएकाहरूको आम्दानी : ५०,००० - ८०,००० डलर वार्षिक

● सामान्य श्रमिकहरूको आम्दानी : ३५,००० - ५०,००० डलर वार्षिक

**भाषिक दक्षता :**

अङ्ग्रेजी भाषामा दक्ष नेपालीहरूले २० - ३०% बढी ज्यालादर पाउने गरेको देखिएको छ ।

**चुनौती र समस्याहरू :**

**कम ज्यालादरमा काम :**

धेरै नेपाली विद्यार्थीहरू र पार्टटाइम कामदारहरू 'क्यास इन ह्यान्ड' मा काम गर्न बाध्य हुन्छन्, जसमा उनीहरूले न्यूनतम कानुनी ज्यालादर (जसले सन् २०२४ मा कर कटौतीपूर्व २३.२३ डदर प्रतिघन्टा हो) भन्दा कम पारिश्रमिक पाउँछन् । यस्ता कामहरू सामान्यतया रेस्टुराँ, क्याफे, क्लिनिङ र कन्स्ट्रक्सन जस्ता क्षेत्रहरूमा हुने गर्छन्, जहाँ श्रमिकहरूले आवाज उठाउन डराउँछन् । किनभने उनीहरूको भिसा स्थिति वा रोजगारी गुम्ने डर हुन्छ ।

**नगद भुक्तानीमा शोषण :**

हातहातै पारिश्रमिक पाउने खालको कामका कारण तलब औपचारिक प्रणालीमा नआएकाले श्रमिकले सुपर एन्युएसन, छुट्टी र

बीमाजस्ता सुविधा गुमाउँछन् । कोही नेपाली विद्यार्थीले हप्तामा ३०-३५ घन्टा काम गरे पनि तलब बैङ्कमा देखिँदैन, जसले कर फाइलिङ, भिसा नवीकरण वा घरभाडामा असर पार्छ ।

**ओभरटाइमको उचित भुक्तानी नपाउने :**

कर्मचारीले ८ घन्टाभन्दा बढी काम गर्दा वा सप्ताहान्तमा काम गर्दा १.५ - २ डलर थप ज्यालादर पाउनुपर्ने भए पनि धेरै नेपालीले यो सुविधा पाउँदैनन् । उनीहरूलाई सामान्य कामकै दरमा धेरै घन्टा काम गराइन्छ, जुन अस्वस्थ र अन्यायपूर्ण अभ्यास हो ।

**कार्यक्षेत्रमा सुरक्षाको अभाव :**

क्लिनिङ वा कन्स्ट्रक्सन जस्ता क्षेत्रमा काम गर्ने धेरै नेपालीहरूले प्रशिक्षण नपाईकनै जोखिमपूर्ण ठाउँमा काम गर्नुपर्ने हुन्छ । सुरक्षा उपकरणहरूको अभाव, लापरवाही वा न्यूनतम जानकारीले दुर्घटनाको सम्भावना उच्च बनाउँछ । कतिपय घटनाहरूमा त चोटपटक हुँदा पनि क्षतिपूर्ति पाइँदैन ।

**करको बोझ :**

**ज्यालादरबाट कर कटौती :**

अस्ट्रेलियामा विदेशी विद्यार्थीहरूलाई पनि कर तिर्नुपर्छ र उनीहरूको वार्षिक आम्दानी १८,२०० डलरभन्दा बढी छ भने त्यसमाथिको आम्दानीमा १९% देखि ३०% सम्म कर लाग्छ । पार्टटाइम काममा भए पनि थोरै आम्दानीले पनि कर कटौती गरिन्छ, जुन तलब कम भएका लागि ठूलो आर्थिक बोझ बन्न सक्छ ।

**GST र अन्य अप्रत्यक्ष कर :**

खानपिन, यातायात, वस्त्रजस्ता दैनिक खर्चमा १०% GST (Goods and Services Tax) लाग्ने हुँदा वास्तविक खर्च बढी हुन्छ । नेपालीहरूले जति कम कमाउँछन्, त्यति बढी तिनीहरूको खर्चमा अप्रत्यक्ष करको असर पर्दछ ।

**सुपर एन्युएसन :**

कसैको मासिक आम्दानी ४५० डलरभन्दा बढी छ भने रोजगारदाताले तलबको कम्तीमा ११% ‘super annuation’ खातामा जम्मा गर्नुपर्छ । यो पैसा उनीहरूको रिटायरमेन्टका लागि हो, जुन विदेशी विद्यार्थीहरूका लागि तत्काल प्रयोग गर्न नमिल्ने पैसा हो । यसले तलब कम भइसकेपछि अझ ‘available income’ घटाउँछ ।

**सामाजिक सुरक्षा र अधिकार :**

**दुर्घटना बीमाको अभाव :**

अनौपचारिक क्षेत्रमा काम गर्ने नेपालीहरूले कार्यस्थलमा दुर्घटना भई घाइते हुँदा न त उपचार खर्च पाउँछन्, न कुनै कानुनी सहयोग । यस्ता घटनाहरूमा उनीहरूले आफ्नो खर्च आफैँ बेहोर्नुपर्ने हुन्छ । कैयौँ घटना रिपोर्ट नै नगरिने, डर र कानुनी ज्ञानको अभावका कारण हुन्छ ।

**बिरामी बिदाको सुविधा नपाउने :**

औपचारिक कार्यकरार भएकाले अधिकांश नेपाली श्रमिकलाई बिरामी बिदा वा तलबी बिदा जस्ता सुविधा हुँदैन । सामान्य ज्वरो वा चोट लाग्दा पनि काम नगरेमा आम्दानी गुम्छ र यसले उनीहरूलाई बिरामी अवस्थामा पनि काम गर्न बाध्य पार्दछ ।

**मालिकबाट शोषण :**

नेपाली श्रमिकहरूले आफ्नो हक वा श्रम कानुनबारे थाहा नपाएकाले केही मालिकले तिनीहरूको डरको फाइदा उठाउँछन् । बेलुकी ढिलोसम्म काम गराउने, तलब समयमा नदिने वा डर देखाएर करारपत्रमा सही नगराउने जस्ता शोषण हुने गरेका छन् ।

अस्ट्रेलियामा नेपालीहरूको आम्दानी उनीहरूको भिसाको स्थिति, सीप, शिक्षा र कार्यक्षेत्रमा निर्भर गर्छ । विद्यार्थी भिसाधारीहरूले मासिक १,५०० - ३,००० डलर (रु. १,३२,३९० - २,६४,७८०) सम्म आम्दानी गर्न सक्छन् भने स्थायी बासिन्दाहरूले

वार्षिक ५०,००० - १००,००० डलर (रु. ४४,१३,००० - ८८,२६,०००) सम्म कमाउन सक्छन् । यद्यपि यो आम्दानी आकर्षक देखिन्छ, तर यसमा जीवनयापनको उच्च खर्च र करको बोझलाई ध्यानमा राख्नुपर्छ ।

●

# रेमिट्यान्स

अस्ट्रेलियामा बस्ने नेपालीहरूले आफ्ना परिवारलाई पठाउने पैसा (रेमिटेयान्स) नेपालको अर्थतन्त्रको मुख्य आधार बनेको छ । यी आर्थिक स्रोतहरूले केवल व्यक्तिगत परिवारको जीवनयात्राको स्तर उन्नति मात्र गरेको छैन, राष्ट्रिय अर्थतन्त्रमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

**नेपालमा रेमिट्यान्स प्रवाहको वर्तमान स्थिति :**

नेपाललाई प्राप्त रेमिट्यान्स सन् २०२३ मा अनुमानित अमेरिकी डलर ११ अर्ब पुगेको छ, जसले देशको कूल गार्हस्थ्य उत्पादनको २६.६ प्रतिशत योगदान गरेको छ । यो मात्रा आधिकारिक विकास सहायता र विदेशी लगानी दुवैको संयुक्त प्रवाहभन्दा बढी छ, जसले रेमिट्यान्सको महत्त्वलाई प्रष्ट पार्छ । विश्व बैङ्कको तथ्याङ्क अनुसार नेपाल विश्वको शीर्ष दश रेमिट्यान्स प्राप्तकर्ता देशहरूमध्ये एक हो ।

यो पुस्तक तयार पार्दाको दर अनुसार प्रत्येक अस्ट्रेलियन डलरले ८९.६७६ नेपाली रुपियाँ पाइन्छ । यो बलियो विनिमय दरले अस्ट्रेलियामा काम गर्ने नेपालीहरूलाई आफ्ना परिवारलाई आर्थिक सहयोग गर्न सक्षम बनाएको छ । अस्ट्रेलियन डलरको स्थिरताले दीर्घकालीन वित्तीय योजना बनाउनमा समेत सहायता गरेको छ ।

**रेमिट्यान्स पठाउने माध्यमहरू :**

अस्ट्रेलियामा बस्ने नेपालीहरूले विभिन्न माध्यमबाट आफ्ना परिवारलाई पैसा पठाउँछन् । यी माध्यमहरूलाई मुख्यतः औपचारिक र अनौपचारिक गरी दुई भागमा विभाजन गर्न सकिन्छ । औपचारिक माध्यमहरूमा परम्परागत बैङ्किङ सेवा, विशेषीकृत रेमिट्यान्स कम्पनीहरू र आधुनिक डिजिटल प्लेटफर्महरू पर्छन् ।

परम्परागत बैङ्किङ माध्यम अन्तर्गत अस्ट्रेलियाका मुख्य बैङ्कहरूले रेमिट्यान्स सेवा प्रदान गर्छन् । यी बैङ्कहरूले प्रत्येक लेनदेनमा २० - ३० डलर (रु. १,७९४ - २,६९१) शुल्क लिन्छन् । कारोबार पूरा हुन सामान्यतः ३ - ५ कार्यदिन लाग्छ । यो सेवा सुरक्षित छ, तर शुल्कको दर अपेक्षाकृत उच्च रहेको छ ।

विशेषीकृत रेमिट्यान्स सेवाहरूमा वेस्टर्न युनियन, मनिग्राम, जस्ता कम्पनीहरू छन्, जसले तुलनात्मक रूपमा कम शुल्कमा सेवा प्रदान गर्छन् । यी कम्पनीहरूले ८ - १५ डलर (रु. ७१७ - १,३४६) शुल्क लिन्छन् र २४ - ४८ घन्टामा पैसा पुऱ्याउने व्यवस्था गरेका छन् । यी सेवाहरूको विश्वसनीयता र गतिका कारण नेपाली समुदायले व्यापक रूपमा प्रयोग गरेको छ ।

आधुनिक डिजिटल प्लेटफर्महरूमा वाइज (पहिले ट्रान्सफर वाइज), वर्ल्ड रेमिट लगायतका कम्पनीहरूले सबैभन्दा कम शुल्कमा सेवा प्रदान गर्छन् । यी प्लेटफर्महरूले ३ - ८ डलर (रु. २६९ -७१७) मात्रै शुल्क लिन्छन् र वास्तविक समयको विनिमय दर प्रयोग गर्छन् । यी सेवाहरूको पारदर्शिता र लागत प्रभावकारिताले युवा नेपालीहरूमाझ लोकप्रियता पाएको छ ।

घरमा बाँकी रहेका बालबालिकाहरूको निजी शिक्षामा खर्च कम गर्नुपरेको अवस्थाले तिनीहरूको भविष्यमा नकारात्मक प्रभाव पारेको छ । यसले नेपालको मानव संसाधन विकासमा दीर्घकालीन हानि पुऱ्याएको छ ।

उदाहरण दिनुपर्दा एकजनाले आफ्ना छोरालाई अस्ट्रेलिया पठाउन ऋण लिएका थिए । तिनले घरजग्गा धितो राखेर र सुनका गहनाहरू बेचेर रकम जुटाएका थिए । मासिक ब्याज तिर्नुपर्ने अवस्थामा छोराले पठाएको रकमले थोरै ब्याज तिर्न मात्र पुग्छ ।

यस्तै अर्का कृषक परिवारले आफ्ना दुई छोरालाई अस्ट्रेलिया पठाउन ८% मा ऋण लिएका थिए । छोराहरूले पठाएको रेमिट्यान्सले ऋणको ब्याज तिर्न मात्र पुग्छ, सावाँ घट्दैन ।

**समाधानका दिशाहरू :**

यो समस्याको समाधानका लागि बहुआयामिक दृष्टिकोण अपनाउनु आवश्यक छ ।

- वित्तीय साक्षरता : विदेश जाने खर्च र जोखिमबारे यथार्थपरक जानकारी ।

- सरकारी नीति : कम ब्याजदरमा शैक्षिक ऋण उपलब्ध गराउने व्यवस्था ।
- वैकल्पिक रोजगारी : स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्ने नीति ।

नेपाली परिवारहरूमा विदेश जाने ऋणको दीर्घकालीन प्रभाव निकै गम्भीर छ । यसले आर्थिक सङ्कट मात्र सिर्जना नगरी सामाजिक र सांस्कृतिक संरचनामा समेत परिवर्तन ल्याएको छ । गरिबी घटेको भनिए पनि विदेश जाने ऋणको बोझले नयाँ प्रकारको आर्थिक चुनौती सिर्जना गरेको छ । यसको दीर्घकालीन समाधानका लागि व्यापक नीतिगत सुधार आवश्यक छ ।

●

# अस्ट्रेलियालाई फाइदा, नेपाललाई घाटा

**दिमागको पलायन र दक्ष युवाको विदेश प्रवास :**

नेपालबाट अस्ट्रेलियामा हुने दक्ष जनशक्तिको पलायन आजको युगमा महत्त्वपूर्ण विषय बनेको छ । यो केवल सङ्ख्यागत प्रवासनको मात्र विषय नभएर दुई राष्ट्रका बीचमा मानव संसाधनको असन्तुलित वितरणको कथा पनि हो । अस्ट्रेलियाले उच्च शिक्षित र दक्ष नेपाली युवाहरूबाट फाइदा उठाएको छ भने नेपालले आफ्नो सबैभन्दा उत्पादक जनशक्ति गुमाउँदै गएको छ ।

**दक्ष जनशक्ति पलायनको वर्तमान स्थिति :**

नेपालको सामाजिक-आर्थिक विकासमा यो प्रवासनले प्रत्यक्ष असर पारेको छ र विकासका लागि आवश्यक दक्ष जनशक्तिबाट वञ्चित गरेको छ । वर्तमान समयमा नेपालका सर्वोत्तम प्रतिभाहरू अस्ट्रेलियामा योगदान दिइरहेका छन् । तथ्याङ्क अनुसार सन् २०२४ मा ११,००० नेपालीहरूलाई विद्यार्थी भिसा प्रदान गरिएको थियो जुन सन् २०२३ को २३,००० भन्दा उल्लेखनीय रूपमा कम छ । यो घटना भए पनि यसले नेपालको दक्ष जनशक्तिको निरन्तर बहिर्गमनलाई जनाउँछ ।

करिब २७,४५० नेपालीहरू अस्ट्रेलियामा प्रवासी बनेका छन् । यसले अस्ट्रेलियाको बढ्दो श्रम बजारको मागलाई दर्साउँछ । सन् २०२४ मा अस्ट्रेलियाले समुद्रपारि प्रवासनबाट ४,४६,००० मानिसको लाभ प्राप्त गरेको छ, जसमा नेपालीहरूको योगदान महत्त्वपूर्ण छ ।

नेपालका उच्च शिक्षित युवाहरूले अस्ट्रेलियामा विभिन्न क्षेत्रमा काम गरिरहेका छन् । तीमध्ये इन्जिनियरिङ, सूचना प्रविधि, नर्सिङ, कुकरी, अकाउन्टिङ र व्यापार व्यवस्थापन प्रमुख क्षेत्रहरू हुन् । तर यी सबै क्षेत्रमा नेपाललाई नै तत्कालै दक्ष जनशक्ति आवश्यक परेको

छ । कोभिड-१९ पूर्व र पछिको तुलनामा नेपालले एसियाली देशहरूमध्ये प्रवासी कामदारहरूको बहिर्गमनमा सबैभन्दा उच्च प्रतिशत वृद्धि अनुभव गरेको छ, जसले यो समस्याको गम्भीरतालाई झल्काउँछ ।

**शिक्षाको निवेश र फाइदा प्राप्तकर्ता :**

नेपालमा एक इन्जिनियरिङ स्नातक तयार गर्नका लागि औसतमा रु. १५,००,००० देखि २०,००,००० सम्म खर्च लाग्छ । यो रकम सरकारी अनुदान, पारिवारिक लगानी र व्यक्तिगत खर्चको संयोजन हो । तर यो शिक्षामा गरिएको लगानीको फाइदा अस्ट्रेलियाले लिइरहेको छ ।

यसले 'मानव पुँजी स्थानान्तरण' को स्पष्ट उदाहरण प्रस्तुत गर्छ, जहाँ विकासशील देशहरूले शिक्षा र प्रशिक्षणमा लगानी गर्छन्, तर विकसित देशहरूले त्यसको आर्थिक फाइदा उठाउँछन् ।

उदाहरणका लागि नेपालको विश्वविद्यालयको इन्जिनियरिङ सङ्कायबाट स्नातक गरेको एक युवाले अस्ट्रेलियामा वार्षिक ७०,००० देखि ९०,००० डलर (रु. ५८,८०,००० देखि ७५,६०,०००) सम्म कमाउन सक्छ । यो आम्दानीले अस्ट्रेलियाको कर प्रणालीमा योगदान दिन्छ र त्यहाँको आर्थिक विकासमा सहयोग गर्छ ।

अस्ट्रेलियामा एक दक्ष कामदारले वार्षिक कर तिर्ने रकम औसतमा १५,००० देखि २५,००० डलर (रु. १२,६०,००० देखि २१,००,०००) सम्म हुन्छ । यो रकम अस्ट्रेलियाको सरकारी खजानामा जम्मा हुन्छ र त्यहाँका सार्वजनिक सेवाहरूमा प्रयोग हुन्छ ।

**स्वास्थ्य क्षेत्रमा प्रभाव :**

नेपालको स्वास्थ्य क्षेत्रमा नर्सिङ पेशामा काम गर्ने दक्ष जनशक्तिको अभाव छ । कृषि र पशु चिकित्सा स्नातकहरूको विदेश पलायन प्रतिदिन बढ्दै गएको छ । यसले दक्ष जनशक्तिको कमी सिर्जना गरेको छ ।

यही अवस्था नर्सिङ क्षेत्रमा पनि देखिएको छ । नेपालमा तयार भएका नर्सहरूले अस्ट्रेलियामा वार्षिक ६५,००० देखि ८०,००० डलर (रु. ५४,६०,००० देखि ६७,२०,०००) सम्म कमाउन सक्छन् । तर नेपालमा नर्सको तलब मासिक रु. २५,००० देखि ३५,००० मात्र हुन्छ । यो फरकले नेपालका स्वास्थ्य संस्थाहरूमा योग्य नर्सिङ स्टाफको अभाव सिर्जना गरेको छ । विशेष गरी ग्रामीण क्षेत्रका अस्पतालहरूमा दक्ष नर्सिङ स्टाफको अभावले जनताको स्वास्थ्य सेवामा प्रत्यक्ष असर पारेको छ ।

**सूचना प्रविधि क्षेत्रमा प्रभाव :**

नेपालका दक्ष सूचना प्रविधि पेशाकर्मीहरूमा देखिएको प्रतिभा पलायनको अवस्था विशेष रूपमा चिन्ताजनक छ । नेपालमा तयार भएका सफ्टवेयर इन्जिनियरहरूले अस्ट्रेलियामा ८०,००० देखि १२०,००० डलर (६७,२०,००० देखि १,००,८०,००० रु.) सम्म आम्दानी गर्न सक्छन् । यी पेशाकर्मीहरूले नेपालमा काम गर्दा मासिक ४०,००० देखि ८०,००० रु. मात्र पाउँछन् ।

यो अवस्थाले नेपालको सूचना प्रविधि क्षेत्रको विकासमा अवरोध आएको छ । नेपालमा 'डिजिटल इकोनोमी' विकास गर्न आवश्यक पर्ने प्राविधिक जनशक्तिको अभावले देशको आर्थिक रूपान्तरणमा बाधा पुऱ्याएको छ ।

**शैक्षिक क्षेत्रमा प्रभाव :**

नेपालका उच्च शिक्षित युवाहरूले अस्ट्रेलियामा शैक्षिक क्षेत्रमा पनि काम गरिरहेका छन् । विशेष गरी गणित, विज्ञान र अङ्ग्रेजी भाषाका शिक्षकहरूको माग अस्ट्रेलियामा उच्च छ ।

अस्ट्रेलियामा शिक्षकहरूले वार्षिक ६०,००० देखि ८५,००० डलर (रु. ५०,४०,००० देखि ७१,४०,०००) सम्म कमाउन सक्छन् । नेपालमा उच्च शिक्षित शिक्षकको मासिक तलब ३०,००० देखि ५०,००० रु. मात्र हुन्छ । यो अवस्थाले नेपालको शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको छ ।

**अस्ट्रेलियालाई आर्थिक लाभ :**

अस्ट्रेलियाले नेपालका दक्ष जनशक्तिबाट प्राप्त गरेको आर्थिक लाभ उल्लेखनीय छ । यो लाभ तत्कालको आर्थिक योगदानमा मात्र सीमित छैन, यसले दीर्घकालीन आर्थिक वृद्धिमा पनि महत्त्वपूर्ण योगदान दिन्छ । नेपाली दक्ष कामदारहरूले अस्ट्रेलियाको इनोभेसन इकोनोमी, स्वास्थ्य सेवा र शिक्षा क्षेत्रमा योगदान दिइरहेका छन् ।

एक दक्ष नेपाली कामदारले अस्ट्रेलियामा वार्षिक औसतमा ८,००० देखि १२,००० डलर (६,७२,००० देखि १०,०८,००० रु.) जीएसटी र अन्य करहरू तिर्छ । यसबाहेक तिनीहरूले आवास, खाना, यातायात र अन्य उपभोग्य वस्तुहरूमा खर्च गरेको पैसाले अस्ट्रेलियाको अर्थतन्त्रलाई बलियो बनाएको छ । यो डिजाइन आर्थिक योगदानकारी प्रवासीलाई आकर्षित गर्न गरिएको छ । अस्ट्रेलियाका लागि मुख्य आर्थिक लाभहरू यी हुन् :

- कर राजस्वमा योगदान : नेपाली कामदारहरूले अस्ट्रेलियामा वार्षिक अरबौं डलर कर तिर्छन् ।
- उपभोग खर्च : तिनीहरूको दैनिक उपभोगले स्थानीय व्यापारलाई प्रोत्साहन दिन्छ ।
- सामाजिक सुरक्षा योगदान : पेन्सन र अन्य सामाजिक सुरक्षा कोषमा योगदान ।
- नवप्रवर्तन र उत्पादकता : दक्ष जनशक्तिले अस्ट्रेलियाको प्राविधिक क्षमता बढाएको छ ।

**नेपालको आर्थिक हानि :**

व्यक्तिगत रेमिट्यान्सले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिन्छ, जुन कूल गार्हस्थ्य उत्पादनको २२.८ प्रतिशत र विश्वव्यापी रूपमा उच्चतम अनुपातमध्ये एक हो । तर यो आँकडाले नेपालको आर्थिक हानिको चित्र दिँदैन । नेपालको आर्थिक हानि केवल दक्ष जनशक्तिको कमीमा मात्र सीमित छैन । यो बहुआयामिक हानि हो, जसले नेपालको समग्र विकासमा बाधा पुऱ्याएको छ ।

**उत्पादकत्वमा हानि :**

एक दक्ष इन्जिनियरले नेपालमा काम गरेर वार्षिक ५,००,००० देखि ८,००,००० रु. मूल्य सिर्जना गर्न सक्छ । तर उही व्यक्तिले अस्ट्रेलियामा काम गरेर नेपालको अर्थतन्त्रमा प्रत्यक्ष योगदान दिन सक्दैन । यसले नेपालको कूल कारक उत्पादकत्वमा नकारात्मक प्रभाव पारेको छ ।

**शिक्षा लगानीको हानि :**

नेपालमा एकजना इन्जिनियरिङ स्नातक तयार गर्नका लागि सरकारी अनुदान, व्यक्तिगत लगानी र पारिवारिक खर्च गरी कम्तीमा २५,००,००० रु. लाग्छ । यो लगानीको फाइदा अस्ट्रेलियाले लिइरहेको छ । यसले नेपालको शिक्षा क्षेत्रमा गरिएको सार्वजनिक र निजी दुवै लगानीको प्रतिफल घटाएको छ ।

**नवप्रवर्तन र अनुसन्धानमा हानि :**

नेपालका दक्ष युवाहरूले अस्ट्रेलियामा नवप्रवर्तन र अनुसन्धान कार्यमा योगदान दिइरहेका छन् । तर यी कार्यहरूले नेपालको प्राविधिक विकासमा प्रत्यक्ष योगदान दिन सक्दैन । नेपालमा अनुसन्धान र विकासका क्षेत्रमा आवश्यक मानव संसाधनको अभावले प्राविधिक आत्मनिर्भरतामा बाधा पुऱ्याएको छ ।

पहिलो उदाहरण । एक व्यक्ति नेपालको विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक गर्छ । नेपालमा उसको मासिक तलब ३५,००० रु. हुन्छ । सन् २०२२ मा उसले अस्ट्रेलियामा मास्टर डिग्री पूरा गरेपछि त्यहाँ सिभिल इन्जिनियरका रूपमा काम गर्न थाल्छ । अहिले उसको वार्षिक आम्दानी ८५,००० डलर (७१,४०,००० रु.) हुन्छ । उसको शिक्षामा नेपालमा लगानी भएको रकम लगभग १८,००,००० रु. थियो । तर उसले सिर्जना गरेको आर्थिक मूल्यको फाइदा अस्ट्रेलियाले लिइरहेको छ । उसले अस्ट्रेलियामा वार्षिक १८,००० डलर (१५,१२,००० रु.) कर तिर्छ र अस्ट्रेलियाको विकासमा योगदान दिन्छ । उसले अस्ट्रेलियामा सडक र

पुलको डिजाइन कार्यमा योगदान दिइरहेको छ, जसले अस्ट्रेलियाको पूर्वाधार विकासमा सहयोग गरेको छ ।

दोस्रो उदाहरण । सफ्टवेयर इन्जिनियर एउटी युवती कम्प्युटर साइन्समा स्नातक गरेपछि नेपालमै सफ्टवेयर कम्पनीमा काम गर्दै थिई । उसको मासिक तलब रु. ४५,००० थियो । सन् २०२३ मा उसले अस्ट्रेलियामा मास्टर गरेपछि त्यहीँ सफ्टवेयर डेभलपरका रूपमा काम गर्न थाली । अहिले उसको वार्षिक आम्दानी ९५,००० डलर (रु. ७९,८०,०००) छ । उसको शिक्षामा नेपालमा भएको कूल लगानी १२,००,००० रु. थियो । तर उसले विकास गरेका सफ्टवेयरहरूले अस्ट्रेलियाको प्रविधि क्षेत्रमा योगदान दिइरहेको छ । उसले अस्ट्रेलियामा वार्षिक २२,००० डलर (रु. १८,४८,०००) कर तिर्छे । ऊ अस्ट्रेलियामा फिनटेक क्षेत्रमा काम गरिरहेकी छे र मोबाइल बैङ्किङ एप्लिकेसन विकास गरिरहेकी छे ।

तेस्रो उदाहरण । एउटी युवतीले नेपालमा नर्सिङ स्नातक गरेपछि काठमाडौंको अस्पतालमा काम गरी । उसको मासिक तलब रु. २८,००० थियो । सन् २०२१ मा उसले अस्ट्रेलियाबाट नर्सिङमा स्नातकोत्तर गरेपछि त्यहाँ रजिस्टर्ड नर्सका रूपमा काम गर्न थाली । अहिले उसको वार्षिक आम्दानी ७५,००० डलर (रु. ६३,००,०००) छ । उसको शिक्षामा नेपालमा भएको लगानी रु. ८,००,००० थियो । तर उसले प्रदान गरेको स्वास्थ्य सेवाले अस्ट्रेलियाको स्वास्थ्य प्रणालीमा योगदान दिइरहेको छ । ऊ अस्ट्रेलियामा वार्षिक १६,००० डलर (रु. १३,४४,०००) कर तिर्छे । ऊ अस्ट्रेलियामा इमर्जेन्सी विभागमा काम गरिरहेकी छे र जटिल चिकित्सा अवस्थाहरूको उपचारमा योगदान दिइरहेकी छे ।

**दीर्घकालीन आर्थिक प्रभाव :**

प्रतिभा पलायनको दीर्घकालीन आर्थिक प्रभाव नेपालका लागि विनाशकारी छ । रेमिट्यान्सले राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा महत्त्वपूर्ण योगदान दिए पनि दीर्घकालीन रूपमा यसले मानव कल्याण र राष्ट्रिय आर्थिक वृद्धि घटाउँछ । नेपालले सन् २०२३ मा

लगभग ११ बिलियन अमेरिकी डलर रेमिट्यान्स प्राप्त गरेको छ, तर यो अस्थायी समाधान मात्र हो ।

अर्थशास्त्रीहरूको अनुमान अनुसार नेपालले प्रत्येक वर्ष लगभग ५० अर्ब रुपियाँको आर्थिक उत्पादन गुमाइरहेको छ, किनभने दक्ष जनशक्ति विदेशमा काम गरिरहेको छ । यो रकम नेपालको कूल बजेटको एक चौथाइभन्दा बढी हो । यसले नेपालको आर्थिक विकासको गतिलाई सुस्त बनाएको छ र 'मध्यम आय जाल' मा फस्ने जोखिम बढाएको छ ।

**नेपालका लागि जनशक्ति हानिको क्षेत्रगत विश्लेषण :**

**कृषि क्षेत्रमा प्रभाव :**

नेपालको कृषि क्षेत्रमा आधुनिकीकरण गर्नका लागि आवश्यक पर्ने कृषि इन्जिनियर, कृषि अर्थशास्त्री र कृषि प्रविधिविद्हरूको अस्ट्रेलियामा प्रवासनले नेपालको खाद्य सुरक्षा र कृषि उत्पादकत्वमा नकारात्मक प्रभाव पारेको छ । यी दक्ष जनशक्तिले नेपालमा काम गरेर कृषि क्षेत्रको रूपान्तरणमा योगदान दिन सक्थे ।

**उद्योग क्षेत्रमा प्रभाव :**

नेपालको उद्योग क्षेत्रको विकासका लागि आवश्यक पर्ने मेकानिकल इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर र औद्योगिक व्यवस्थापकहरूको अभावले नेपालको औद्योगिक विकासमा बाधा पुऱ्याएको छ । यसले नेपालको निर्यात क्षमता र रोजगार सिर्जनामा नकारात्मक प्रभाव पारेको छ ।

**समाधानका उपायहरू :**

यो समस्याको समाधानका लागि नेपालले तत्काल कदम चाल्नुपर्छ ।

- **तलब संरचना सुधार** : दक्ष जनशक्तिको लागि प्रतिस्पर्धात्मक तलब व्यवस्था

- **अनुसन्धान र विकास** : स्थानीय स्तरमा नवप्रवर्तनका अवसर सिर्जना
- **उद्यमशीलता प्रोत्साहन** : युवाहरूलाई स्थानीय व्यापार सुरु गर्न प्रेरणा
- **कार्य गर्ने वातावरणमा सुधार** : पेशागत विकासका अवसरहरू सिर्जना

नेपालबाट अस्ट्रेलियामा हुने दक्ष जनशक्तिको पलायन गम्भीर राष्ट्रिय समस्या हो । यसले नेपालको आर्थिक विकासमा बाधा पुऱ्याएको छ भने अस्ट्रेलियालाई सस्तोमा दक्ष जनशक्ति उपलब्ध गराएको छ । यो असन्तुलन कम गर्नका लागि नेपालले आफ्नो आर्थिक नीति, शिक्षा प्रणाली र रोजगार वातावरणमा आमूल परिवर्तन गर्नुपर्छ ।

**अस्ट्रेलियाको अर्थतन्त्रमा श्रमिकको योगदान :**

नेपालका युवाहरूले अस्ट्रेलियाको अर्थतन्त्रमा गरेको योगदान केवल रेमिट्यान्समार्फत मात्र नभएर व्यापक र बहुआयामिक छ । आजको अस्ट्रेलियामा नेपाली मूलका लगभग १,५१,००० भन्दा बढी व्यक्तिहरू बसोबास गरिरहेका छन्, जसमध्ये उल्लेखनीय सङ्ख्या आर्थिक गतिविधिमा सक्रिय छन् । विगत दशकमा नेपालबाट अस्ट्रेलियामा आप्रवासनको दर बढ्दै गएको छ र यसले अस्ट्रेलियाको श्रमबजार र समग्र अर्थतन्त्रमा महत्त्वपूर्ण प्रभाव पारेको छ ।

**श्रमबजारमा प्रत्यक्ष योगदान :**

नेपाली कामदारहरूले अस्ट्रेलियाको विभिन्न क्षेत्रमा आफ्नो सेवा प्रदान गरेर अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । मुख्यतः तीन क्षेत्रमा नेपाली श्रमिकहरूको उच्च उपस्थिति देखिएको छ : आतिथ्य, निर्माण उद्योग र सफाइ सेवा । यी क्षेत्रमा काम गर्दै नेपाली कामदारहरूले औसतमा साप्ताहिक ५०० - ८०० डलर (रु. ५२,००० - ८३,२००) सम्म आम्दानी गरिरहेका छन् ।

अस्ट्रेलियाको व्यापार तथा उद्योग मन्त्रालयका अनुसार नेपाली कामदारहरूले वार्षिक करिब ३.२ अर्ब डलर (रु. ३,३२,८०० करोड) बराबरको आर्थिक गतिविधिमा योगदान पुऱ्याएका छन् । यो योगदान कर भुक्तानी, उपभोग खर्च र स्थानीय सेवाको प्रयोगमार्फत हुन्छ । विशेषत: कोभिड-१९ महामारीको समयमा स्वास्थ्य सेवा र आवश्यक सेवाहरूमा कार्यरत नेपाली श्रमिकहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण थियो ।

**कर प्रणालीमा योगदान :**

नेपाली कामदारहरूले अस्ट्रेलियाको कर प्रणालीमा पुऱ्याएको योगदान केवल साधारण आँकडा मात्र नभएर यसले अस्ट्रेलियाको राजस्व सङ्कलनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । अस्ट्रेलियाको कूल कर राजस्व सन् २०२३-२४ मा ८०१.७ अर्ब डलर पुगेको छ, जुन कूल गार्हस्थ्य उत्पादनको ३०% हो । यसमा नेपाली कामदारहरूको योगदान उल्लेखनीय छ ।

**आयकरको संरचना र नेपाली कामदारको योगदान :**

अस्ट्रेलियाको आयकर प्रणाली प्रगतिशील छ, जहाँ आम्दानी बढ्दै जाँदा कर दर पनि बढ्छ । त्यहाँको कर दर यस्तो छ –

० - १८,२०० डलर : कर दर ०% (ट्याक्स-फ्री थ्रेसहोल्ड)

१८,२०१ - ४५,००० डलर : प्रत्येक डलरमा १६%

४५,००१ - १३५,००० डलर : ४,२८८ डलर + ३०% प्रत्येक डलरमा (४५,००१ भन्दा माथिका)

१३५,००१ - १९०,००० डलर : ३१,२८८ डजर + ३७% प्रत्येक डलरमा (१३५,००१ भन्दा माथिका)

१९०,००१ डलर र माथि : ५१,६३८ डलर + ४५% प्रत्येक डलरमा (१९०,००१ भन्दा माथिका)

नेपाली कामदारहरूले औसतमा वार्षिक ४०,००० डलर (रु. ४१,६०,०००) कमाउने गरेकाले उनीहरूको अधिकांश आम्दानी १६% कर दरमा पर्छ ।

**जीएसटीको योगदान :**

अस्ट्रेलियाको जीएसटी कूल राज्य राजस्वको २३% हो र यो १०% दरमा धेरैजसो वस्तु र सेवाहरूमा लगाइन्छ । नेपाली कामदारहरूले वार्षिक औसतमा ३,५०० डलर (रु. ३,६४,०००) जीएसटी तिर्छन् । यसमा दैनिक उपभोग्य वस्तु, भाडा, यातायात र मनोरञ्जन समावेश छ । उदाहरणका लागि पर्थमा बस्ने नेपालीको मासिक खर्च :

- घर भाडा : १,२०० डलर (रु. १,२४,८००) - जीएसटी छैन
- खाना र दैनिक सामान : ८०० डलर (रु. ८३,२००) - जीएसटी ७३ डलर (रु. ७,५९२)
- पेट्रोल र यातायात : ४०० डलर (रु. ४१,६००) - जीएसटी ३६ डलर (रु. ३,७४४)
- मनोरञ्जन र अन्य : ३०० डलर (रु. ३१,२००) - जीएसटी २७ डलर (रु. २,८०८)

  वार्षिक जीएसटी : १,६३२ डलर (रु. १,६९,७२८)

**अन्य करहरूको योगदान :**

- **सुपर एन्युएसन :** नेपाली कामदारहरूले अनिवार्य रूपमा आफ्नो तलबको ११.५% सुपर एन्युएसन फन्डमा जम्मा गर्छन् । यसले अस्ट्रेलियाको दीर्घकालीन बचत र पुँजी बजारमा योगदान पुऱ्याएको छ ।
- **मेडिकेयर लेभी :** आम्दानीको २% मेडिकेयर लेभी र उच्च आम्दानी भएकाहरूले अतिरिक्त मेडिकेयर लेभी तिर्छन् ।

**राज्य र क्षेत्रीय करहरूमा योगदान :**

- **स्ट्याम्प ड्युटी :** घर खरिद गर्ने नेपालीले औसत २५,००० डलर (रु. २६,००,०००) स्ट्याम्प ड्युटी तिर्छन् ।
- **दर्ता शुल्क :** कार दर्ता र लाइसेन्स शुल्कमार्फत वार्षिक ५०० डलर (रु. ५२,०००) योगदान ।

**समग्र कर योगदानको गणना :**

**नेपाली कामदारहरूको समग्र कर योगदान :**

- आयकर : ४,५०० डलर (रु. ४,६८,०००)
- जीएसटी : २,८०० डलर (रु. २,९१,२००)
- मेडिकेयर लेभी : ८०० डलर (रु. ८३,२००)
- सुपर एन्युएसन : ४,२०० डलर (रु. ४,३७,००)
- अन्य करहरू : ७०० डलर (रु. ७२,८००)

कूल वार्षिक योगदान : १३,००० डलर (रु. १३,५२,०००)

**सार्वजनिक सेवाहरूमा पुनर्लगानी :**

नेपाली कामदारहरूले तिरेको कर निम्नलिखित सार्वजनिक सेवाहरूमा पुनर्लगानी हुन्छ :

- स्वास्थ्य सेवा : ३०%
- शिक्षा : २५%
- पूर्वाधार विकास : २०%
- सामाजिक सुरक्षा : १५%
- अन्य सेवाहरू : १०%

**उपभोग खर्च र स्थानीय अर्थतन्त्रमा प्रभाव :**

नेपालका १८ देखि ३५ वर्षका युवाहरूले अस्ट्रेलियामा काम गरेर कमाएको आम्दानीको ६५% भन्दा बढी स्थानीय उपभोगमा खर्च गर्छन् । यसमा घरभाडा, खाना, यातायात र मनोरञ्जन पर्छन् । यी सबै खर्चले स्थानीय व्यापारीलाई फाइदा पुऱ्याएको छ र रोजगारी सिर्जनामा योगदान पुऱ्याएको छ । एक नेपाली कामदारले खर्च गरेको प्रत्येक डलरले स्थानीय अर्थतन्त्रमा १.४ गुणा प्रभाव पार्छ, १० हजार डलर खर्चले १४ हजार डलरको आर्थिक गतिविधि सिर्जना गर्छ ।

**शिक्षा क्षेत्रमा आर्थिक योगदान :**

नेपाली विद्यार्थीहरूले अस्ट्रेलियाको शिक्षा क्षेत्रमा ठूलो आर्थिक योगदान पुऱ्याएका छन् । हालसम्म अस्ट्रेलियाका विभिन्न शिक्षण

संस्थाहरूमा लगभग ५०,००० नेपाली विद्यार्थीहरू अध्ययनरत छन् । यी विद्यार्थीले वार्षिक औसतमा २५,००० डलर (रु. २६,००,०००) ट्युसन फी र बस्ने खर्चमा १५,००० डलर (रु. १५,६०,०००) खर्च गर्छन् ।

शिक्षाको क्षेत्रमा नेपाली विद्यार्थीहरूको कूल योगदान वार्षिक २ अर्ब डलर (रु. २,०७,२०० करोड) पुगेको छ । यसमा ट्युसन फी, बस्ने खर्च, पुस्तक र शैक्षिक सामग्री, यातायात र अन्य दैनिक खर्चहरू समावेश छन् । शिक्षा निर्यात अस्ट्रेलियाको तेस्रो ठूलो निर्यात उद्योग हो र यसमा नेपाली विद्यार्थीको भूमिका उल्लेख्य छ ।

**श्रमिक अभावको समाधान :**

अस्ट्रेलियाका केही क्षेत्रमा देखिएको श्रमिकको अभाव समाधानमा नेपाली कामदारहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । विशेषतः नर्सिङ, सामुदायिक सेवा र व्यावसायिक शिक्षा जस्ता क्षेत्रहरूमा नेपाली कामदारहरूको माग बढेको छ ।

अस्ट्रेलियाको जनसङ्ख्या वृद्धि दर कम भएको र बुढ्यौली जनसङ्ख्याको समस्या देखिएको परिस्थितिमा नेपाली युवाहरूले श्रमबजारमा आपूर्ति गरेको जनशक्ति अत्यन्त महत्त्वपूर्ण छ । १८ देखि ३५ वर्षका नेपाली युवाहरूले अस्ट्रेलियाको कार्यसक्षम जनशक्तिमा योगदान पुऱ्याएका छन् ।

**उत्पादकत्व र नवाचारमा योगदान :**

नेपाली कामदारको कार्यक्षमता र लगनशीलताको अस्ट्रेलियामा प्रशंसा गर्छन् । विशेष गरी हस्पिटालिटी र निर्माण क्षेत्रमा नेपाली कामदारहरूको प्रतिष्ठा राम्रो छ । यसले उत्पादकता बृद्धि र गुणस्तरीय सेवा प्रदानमा योगदान पुऱ्याएको छ ।

सानो व्यवसाय र उद्यमशीलताको क्षेत्रमा पनि नेपाली समुदायको सक्रियता देखिएको छ । अस्ट्रेलियाका प्रमुख शहरहरूमा नेपाली रेस्टुरेन्ट, पसल र सेवाप्रदायक संस्थाहरूको सङ्ख्या बढेको छ, जसले स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याएको छ ।

**दीर्घकालीन आर्थिक प्रभाव :**

नेपाली आप्रवासीहरूले अस्ट्रेलियाको दीर्घकालीन आर्थिक विकासमा पनि योगदान पुऱ्याएका छन् । स्थायी बासिन्दा बनेका नेपाली परिवारहरूले घर खरिद, बचत र लगानीमार्फत अर्थतन्त्रमा स्थिरता प्रदान गरेका छन् । यसले रियल इस्टेट बजारमा सकारात्मक प्रभाव पारेको छ । अस्ट्रेलियाको सामाजिक सुरक्षा प्रणालीमा नेपाली कामदारको योगदान पनि उल्लेखनीय छ । युवा जनसङ्ख्या भएका कारण नेपालीहरूले सामाजिक सुरक्षा कोषमा योगदान दिएका छन्, तर यसको प्रयोग कम गरेका छन्, जसले प्रणालीको दिगोपनमा सकारात्मक प्रभाव पारेको छ ।

**चुनौती र सम्भावनाहरू :**

यद्यपि नेपाली कामदारहरूले अस्ट्रेलियाको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्, तर केही चुनौतीहरू पनि छन् । सीमित काम गर्ने घन्टा र अस्थायी भिसा स्टाटसका कारण उनीहरूको पूर्ण क्षमताको उपयोग हुन सकेको छैन । भविष्यमा नेपाली कामदारहरूको योगदान अझ बढाउन सकिने क्षेत्रहरूमा सूचना प्रविधि, स्वास्थ्य सेवा र व्यावसायिक शिक्षा प्रमुख छन् । उचित नीति र कार्यक्रमहरू ल्याइयो भने नेपाली कामदारहरूको आर्थिक योगदान अझ बढ्न सक्छ ।

समग्रमा नेपाली श्रमिकहरूले अस्ट्रेलियाको अर्थतन्त्रमा बहुआयामिक योगदान पुऱ्याएका छन् । कर भुक्तानी, उपभोग खर्च, शिक्षा क्षेत्रमा लगानी, श्रमिक अभावको समाधान र उत्पादकता वृद्धिमार्फत यो योगदान अत्यन्त महत्त्वपूर्ण छ । यसले दुवै देशबीचको आर्थिक सहयोग र सम्बन्धलाई मजबुत बनाए पनि नेपालमा मानव संसाधनको क्षति निम्त्याएको छ ।

**आर्थिक विकासमा अन्तर :**

नेपाल र अस्ट्रेलियाबीचको आर्थिक विकासको अन्तर अत्यन्त गहिरो छ । यो अन्तर तथ्याङ्कीय मात्र नभएर संरचनागत, नीतिगत र

ऐतिहासिक कारकहरूमा आधारित छ । आजको विश्वमा अस्ट्रेलिया विकसित अर्थतन्त्र हो भने नेपाल अझै अल्पविकसित देशको सूचीमा रहेको छ । यो असमानताले नेपालका युवाहरूलाई आप्रवासनतर्फ उन्मुख बनाएको छ र अस्ट्रेलियाले यसको फाइदा उठाएको छ ।

**कूल गार्हस्थ्य उत्पादनमा फरक :**

दुई देशको कूल गार्हस्थ्य उत्पादनमा ठूलो अन्तर छ । अस्ट्रेलियाको कूल गार्हस्थ्य उत्पादन सन् २०२४ मा अनुमानित ४१,७८०,३४५,१४४,६७९ डलर पुगेको छ । यसको मतलब अस्ट्रेलियाको अर्थतन्त्र नेपालको भन्दा लगभग ११.५ गुणा ठूलो छ । प्रतिव्यक्ति आम्दानीको हिसाबले यो अन्तर अझ बढी छ । अस्ट्रेलियाको प्रतिव्यक्ति आम्दानी ६७,५०० डलर (रु. ७०,२०,०००) छ भने नेपालको प्रतिव्यक्ति आम्दानी रु. १,५०,००० (१,४४३ डलर) मा सीमित छ । अर्थात् एक अस्ट्रेलियाली नागरिकले औसतमा एक नेपाली नागरिकको भन्दा ४६ गुणा बढी आम्दानी गर्छ ।

**आर्थिक वृद्धिदरको तुलना :**

नेपालको आर्थिक वृद्धिदर सन् २०२४ मा ३.९% थियो र २०२५ मा ४.९% हुने प्रक्षेपण छ । यसको विपरीत अस्ट्रेलियाको कूल गार्हस्थ्य उत्पादन वृद्धिदर सन् २०२५ को पहिलो त्रैमासिकमा वार्षिक आधारमा १.३% थियो । नेपालको वृद्धिदर बढी देखिन्छ, तर यसको आधार अत्यन्त सानो छ । अस्ट्रेलियाले २% वृद्धि गर्छ भने यसले ३५.६ बिलियन डलर (रु. ३,७०,२४० करोड) नयाँ मूल्य थप्छ । तर नेपालले ५% वृद्धि गरे पनि मात्र ४७.७ बिलियन अमेरिकी डलर (रु. ६३,२८० करोड) मूल्य थप हुन्छ ।

**उद्योग र सेवाको संरचनामा अन्तर :**

**अस्ट्रेलियाको आर्थिक संरचना :**

अस्ट्रेलियाको अर्थतन्त्र सेवा क्षेत्रमा आधारित छ, जसले कूल गार्हस्थ्य उत्पादनको ६९% योगदान पुऱ्याउँछ । यसमा वित्तीय सेवा,

शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक सेवाहरू समावेश छन् । उद्योग क्षेत्रले २५% र कृषि क्षेत्रले मात्र ३% योगदान पुऱ्याउँछ । अस्ट्रेलियाका मुख्य उद्योगहरूमा खनिज उत्खनन, पुनर्निर्माण, निर्माण र ऊर्जा उत्पादन समावेश छन् । फलाम, कोइला, सुन र प्राकृतिक ग्यासको निर्यातले अस्ट्रेलियालाई विश्वको प्रमुख कच्चा पदार्थ आपूर्तिकर्ता बनाएको छ ।

**नेपालको आर्थिक संरचना :**

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले ३१.७% कूल गार्हस्थ्य उत्पादन योगदान पुऱ्याउँछ र ६५% जनसङ्ख्यालाई रोजगारी दिन्छ । यो संरचना अत्यन्त पारम्परिक छ र उत्पादकत्व कम छ । औद्योगिक क्षेत्रले मात्र १४% र सेवा क्षेत्रले ५४% योगदान पुऱ्याउँछ । नेपालको औद्योगिक विकास अत्यन्त ढिलो छ । मुख्य उद्योगहरूमा कपडा उत्पादन, खाद्य प्रशोधन, सिमेन्ट र हस्तकला उत्पादन मात्र सीमित छ । यसको निर्यात क्षमता अत्यन्त कमजोर छ ।

**अस्ट्रेलियाको डिजिटल अर्थतन्त्र :**

अस्ट्रेलियाले डिजिटल अर्थतन्त्र निर्माणमा उल्लेखनीय प्रगति गरेको छ । सूचना प्रविधि क्षेत्रले कूल गार्हस्थ्य उत्पादनको ८.५% योगदान पुऱ्याउँछ । अस्ट्रेलियामा 5g नेटवर्कको विस्तार, कृत्रिम बौद्धिकता (एआई) को प्रयोग र फिनटेक सेवाहरूको व्यापक प्रयोग भएको छ । शिक्षा क्षेत्रमा अस्ट्रेलियाले विश्वस्तरीय गुणस्तर कायम गरेको छ । विश्वविद्यालयहरूले अनुसन्धान र नवप्रवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसले अस्ट्रेलियालाई ज्ञानमा आधारित अर्थतन्त्र बनाउन मद्दत गरेको छ ।

**नेपालको प्रविधिगत चुनौती :**

नेपालमा डिजिटल अर्थतन्त्रको विकास अत्यन्त ढिलो छ । इन्टरनेट प्रवेश दर ६७% छ, तर गुणस्तर कम छ । सूचना प्रविधि क्षेत्रले कूल गार्हस्थ्य उत्पादनको मात्र २.५% योगदान पुऱ्याउँछ ।

शिक्षा क्षेत्रमा नेपालको स्थिति कमजोर छ । उच्च शिक्षामा गुणस्तरको अभाव, अनुसन्धान र विकासमा कम लगानी र दक्ष जनशक्तिको अभावले नेपालको प्रविधिगत विकासमा बाधा पुऱ्याएको छ ।

**अस्ट्रेलियाको श्रमबजार :**

अस्ट्रेलियाको श्रमबजार अत्यन्त सङ्गठित र नियमित छ । न्यूनतम तलब २३.२३ डलर (रु. २,४१६) प्रति घन्टा छ । पूर्णकालिक कामदारहरूले साप्ताहिक औसत ३८ घन्टा काम गर्छन् र बेरोजगारी दर ३.७% छ । अस्ट्रेलियामा कामदारहरूको अधिकार सुरक्षित छ । वार्षिक बिदा, बिरामी बिदा, सुत्केरी बिदा र सुपर एन्युएसन जस्ता सुविधाहरू उपलब्ध छन् ।

**नेपालको श्रमबजारको चुनौती :**

नेपालको श्रमबजारमा अनौपचारिक रोजगारीको प्रभुत्व छ । कूल कामदारहरूको ८५% अनौपचारिक क्षेत्रमा काम गर्छन् । न्यूनतम तलब रु. १७,३०० (१६६ डलर) प्रतिमहिना छ । यो अस्ट्रेलियाको एक दिनको न्यूनतम तलबभन्दा कम हो ।

**अस्ट्रेलियाको जीवनस्तर :**

अस्ट्रेलियाको मानव विकास सूचकाङ्क ०.९५१ छ, जुन विश्वमा पाँचौं स्थानमा छ । औसत आयु ८३ वर्ष छ । स्वास्थ्य सेवा सार्वजनिक र गुणस्तरीय छ । प्रत्येक नागरिकले जन्मदेखि मृत्युसम्म स्वास्थ्य सेवा प्राप्त गर्छ । शिक्षा क्षेत्रमा अस्ट्रेलियाको साक्षरता दर ९९% छ । प्राथमिकदेखि उच्च शिक्षासम्म गुणस्तरीय शिक्षा प्रणाली छ । सामाजिक सुरक्षा प्रणाली व्यापक छ ।

**नेपालको जीवनस्तर :**

नेपालको मानव विकास सूचकाङ्क ०.६०२ छ, जुन विश्वमा १४२ औं स्थानमा छ । औसत आयु ७१ वर्ष छ । स्वास्थ्य सेवामा

पहुँचको कमी छ । ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा पुग्न सकेको छैन । शिक्षा क्षेत्रमा साक्षरता दर ६७% छ । गुणस्तरीय शिक्षाको अभाव छ । सामाजिक सुरक्षा प्रणाली कमजोर छ ।

**अस्ट्रेलियाको पूर्वाधार :**

अस्ट्रेलियाको पूर्वाधार विकास विश्वस्तरीय छ । राष्ट्रिय राजमार्ग प्रणाली उन्नत छ । प्रत्येक शहरमा सार्वजनिक यातायात व्यवस्थित छ । विद्युत् आपूर्ति ९९.९% विश्वसनीय छ । दूरसञ्चार क्षेत्रमा अस्ट्रेलियाले उन्नत नेटवर्क विस्तार गरेको छ । प्रत्येक घरमा हाइ-स्पीड इन्टरनेटको पहुँच छ । बन्दरगाह, विमानस्थल र रेल यातायात विश्वस्तरीय छ ।

**नेपालको पूर्वाधार चुनौती :**

नेपालको पूर्वाधार विकास अत्यन्त कमजोर छ । सडक सञ्जाल अपूर्ण छ । विद्युत् आपूर्ति अस्थिर छ । लोडसेडिङ समस्या समाधान भए पनि वितरण प्रणाली कमजोर छ । दूरसञ्चार क्षेत्रमा इन्टरनेटको गुणस्तर कम छ । ग्रामीण क्षेत्रमा पहुँच सीमित छ । विमानस्थल र बन्दरगाहको सुविधा अपर्याप्त छ ।

**अस्ट्रेलियाको वित्तीय प्रणाली :**

अस्ट्रेलियाको वित्तीय प्रणाली विश्वस्तरीय छ । चार प्रमुख बैङ्कहरूले बजारमा प्रभुत्व जमाएका छन् । ऋण प्राप्त गर्न सजिलो छ । घर खरिद गर्नका लागि ३० वर्षे ऋण उपलब्ध छ । पूँजी बजार विकसित छ । 'अस्ट्रेलियन सेक्युरिटिज एक्सचेन्ज' एसिया प्रशान्त क्षेत्रको प्रमुख स्टक एक्सचेन्ज हो । कर्पोरेट बन्ड, सरकारी बन्ड आदिको व्यापक प्रयोग छ ।

**नेपालको वित्तीय प्रणाली :**

नेपालको वित्तीय प्रणाली सीमित छ । २८ वाणिज्य बैङ्कहरू र ६६ विकास बैङ्कहरू छन्, तर सेवाको गुणस्तर कम छ । ऋण प्राप्त

गर्न कठिन छ । ब्याजदर उच्च छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) सानो छ । मार्केट क्यापिटलाइजेसन कूल गार्हस्थ्य उत्पादनको ३५% मात्र छ । कर्पोरेट बन्डको बजार विकसित छैन ।

**रेमिट्यान्सको निर्भरता :**

नेपालको सबैभन्दा ठूलो कमजोरी रेमिट्यान्समाथिको निर्भरता हो । नेपाल रेमिट्यान्समा अत्यधिक निर्भर छ, जुन कूल गार्हस्थ्य उत्पादनको ३०% सम्म पुग्छ । यसले स्थानीय उत्पादन र उद्यमशीलतालाई हतोत्साहित गरेको छ । अस्ट्रेलियाले यसको फाइदा उठाएको छ । नेपालका सबैभन्दा दक्ष र शिक्षित युवाहरू अस्ट्रेलिया गएर त्यहाँको अर्थतन्त्रमा योगदान पुऱ्याइरहेका छन् । यसले नेपालमा मानव पुँजीको हानि निम्त्याएको छ ।

**अस्ट्रेलियाको संस्थागत शक्ति :**

अस्ट्रेलियाको संस्थागत शासन बलियो छ । भ्रष्टाचार धारणा सूचकाङ्कमा अस्ट्रेलिया १२ औं स्थानमा छ । नीति निर्माण र कार्यान्वयन प्रभावकारी छ । 'रिजर्भ बैङ्क अफ अस्ट्रेलिया' स्वतन्त्र छ । मुद्रास्फीति नियन्त्रणमा छ । नीतिगत स्थिरता र पूर्वानुमान गर्न सकिने वातावरण छ ।

**नेपालको संस्थागत कमजोरी :**

नेपालको संस्थागत शासन कमजोर छ । भ्रष्टाचार धारणा सूचकाङ्कमा १२६ औँ स्थानमा छ । नीति निर्माण र कार्यान्वयनमा कमी छ । राजनीतिक अस्थिरताले आर्थिक नीतिमा निरन्तरता ल्याउन सकेको छैन । नेपाल राष्ट्र बैङ्कको स्वतन्त्रता सीमित छ ।

नेपाल र अस्ट्रेलियाबीचको आर्थिक विकासको अन्तर बहुआयामिक र गहिरो छ । कूल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आम्दानी, जीवनस्तर, पूर्वाधार, प्रविधि र संस्थागत शासन सबै क्षेत्रमा अस्ट्रेलिया नेपालभन्दा धेरै अगाडि छ । यो अन्तरले नेपालका युवाहरूलाई आप्रवासनतर्फ आकर्षित गरेको छ ।

अस्ट्रेलियाले नेपालका दक्ष जनशक्ति प्राप्त गरेर आफ्नो अर्थतन्त्रलाई बलियो बनाएको छ भने नेपालले आफ्नो सबैभन्दा बहुमूल्य सम्पत्ति मानव पुँजी गुमाएको छ । यो असन्तुलित आदानप्रदानले नेपालको दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पारेको छ ।

नेपालले संरचनागत सुधार, पूर्वाधार विकास, शिक्षाको गुणस्तर सुधार र संस्थागत शासन बलियो बनाउन सकेन भने यो अन्तर निरन्तर बढ्दै जानेछ । दीर्घकालीन समाधान नेपालको आन्तरिक क्षमता विकासमा मात्र छ ।

●

# दुई पहिचानको दोधारमा

**अस्ट्रेलियामा नेपालीहरूको पहिचान सङ्कट :**

अस्ट्रेलियामा बस्ने नेपालीहरूको सङ्ख्या द्रुत गतिमा बढ्दै गएको छ । सन् २०२१ को जनगणना अनुसार १,३८,४६३ मानिसहरूले नेपाली वंशका रूपमा आफूलाई चिनाए, जुन कूल जनसङ्ख्याको ०.५४% हो । यो सङ्ख्या सन् २०१६ को ६२,८०६ बाट झन्डै दोब्बर भएको छ । सन् २०२३ मा के अनुमान गरिएको थियो भने लगभग २७,४५० भन्दा बढी नेपालीहरू अस्ट्रेलियामा आप्रवासी भएका छन् । यो तीव्र वृद्धिले नेपाली समुदायमा जटिल सामाजिक र सांस्कृतिक परिवर्तनको प्रक्रिया सुरु गरेको छ ।

अस्ट्रेलियामा बसोबास गर्ने नेपालीहरूको सबैभन्दा महत्त्वपूर्ण चुनौती भनेको आफ्नो पहिचानको सङ्कटसँग जुध्नु हो । यो सङ्कट विशेष गरी युवाहरूमा गहिरो छ । उनीहरू आफूलाई न त पूर्ण रूपमा नेपाली भन्न सक्छन् न त पूर्ण रूपमा अस्ट्रेलियन । यो द्विविधाले केवल व्यक्तिगत स्तरमा मात्र सीमित नभएर पारिवारिक, सामाजिक र आर्थिक क्षेत्रमा समेत प्रभाव पारेको छ ।

**नेपालीपन र अस्ट्रेलियन जीवनशैलीको बीचमा पहिचानको द्वन्द्व :**

नेपालबाट अस्ट्रेलिया पुग्ने धेरैजसो युवाहरू आफ्नो सांस्कृतिक पहिचान कायम राख्न चाहन्छन्, तर एकै समयमा नयाँ वातावरणमा सफल हुनका लागि स्थानीय संस्कृतिलाई अपनाउन पनि बाध्य हुन्छन् । यो प्रक्रियामा धेरै युवाहरूले आफूलाई दुई संस्कृतिका बीचमा अलमलिएको अनुभव गर्छन् ।

उदाहरणका लागि अस्ट्रेलियामा काम गर्ने व्यक्ति घरमा आमाबुबासँग बोल्दा नेपाली हुन्छ, कामको ठाउँमा र विश्वविद्यालयमा अस्ट्रेलियन बन्ने कोसिस गर्छ । त्यसैले ऊ वास्तवमा को हो, उसैलाई थाहा हुँदैन ।

यो पहिचानको सङ्कट तब झन् गहिरो हुन्छ, जब नेपालीहरूले अस्ट्रेलियन समाजमा आफ्नो स्थान खोज्ने प्रयास गर्छन् । अस्ट्रेलियाको बहुसांस्कृतिक नीति भए पनि व्यावहारिक जीवनमा नेपालीहरूले भाषा, रङ्ग र सांस्कृतिक भिन्नताका कारण भेदभाव अनुभव गर्छन् । उदाहरणका लागि त्यहाँ नर्सिङ पढ्दै गरेकी युवती अस्पतालमा प्राक्टिकल गर्न जाँदा केही रोगीहरू उसको अङ्ग्रेजी उच्चारणका कारण उसलाई कम सक्षम ठान्छन् ।

**सांस्कृतिक मूल्यमान्यताको टकराव :**

नेपाली समुदायमा परिवारको महत्त्व र अभिभावकलाई आदर गर्ने परम्परागत धारणा अस्ट्रेलियाको व्यक्तिवादी संस्कृतिसँग बाझिन्छ । नेपालमा हुर्किएका युवाहरू आफ्ना निर्णयहरू परिवारको सल्लाह र सहमतिमा गर्ने गर्छन्, तर अस्ट्रेलियामा उनीहरूलाई स्वतन्त्र निर्णय गर्न प्रोत्साहित गरिन्छ । यो विरोधाभासले धेरै युवाहरूलाई मानसिक तनावमा राख्छ ।

यसको एउटा उदाहरण विवाह र प्रेमसम्बन्धको मामला हो । नेपालमा परिवारबाट मागी विवाह गरिदिने परम्परा छ, तर अस्ट्रेलियामा प्रेम विवाह सामान्य छ । यसले नेपाली युवाहरूलाई द्विविधामा पार्छ । कुनै युवा अस्ट्रेलियन केटीलाई मन पराउँछ भने उसको नेपाली परिवारले त्यसलाई राम्रो मान्दैन । उनीहरू नेपाली केटीसँग विवाह गराइदिन चाहन्छन् । तर यो स्थिति केटाका लागि निकै कष्टकर हुन्छ ।

**भाषाको समस्या र सांस्कृतिक सञ्चार :**

भाषाको मुद्दा नेपालीहरूको पहिचान सङ्कटको अर्को महत्त्वपूर्ण आयाम हो । हाल अस्ट्रेलियामा ५७,००० नेपाली विद्यार्थी अध्ययन गरिरहेका छन् । तीमध्ये धेरैजसोले अङ्ग्रेजी भाषामा कमजोरी महसुस गर्छन् । भाषाको कमजोरीले उनीहरूलाई शैक्षिक क्षेत्रमा मात्र नभई सामाजिक र व्यावसायिक क्षेत्रमा समेत पछाडि धकेल्छ । कहिलेकाहीँ उनीहरूले आफ्नो मातृभाषा नेपालीमा बोल्न लाज

मान्छन्, तर अङ्ग्रेजीमा पूर्ण रूपमा आफूलाई अभिव्यक्त गर्न पनि सक्दैनन् ।

केही नेपालीहरू सार्वजनिक स्थानमा नेपाली बोल्न डराउँछन् । उनीहरूलाई लाग्छ मानिसहरू उनीहरूलाई अलग दृष्टिले हेर्छन् । तर उनीहरूको अङ्ग्रेजी पनि राम्रो छैन । त्यसैले उनीहरू कुनै पनि भाषामा पूर्ण रूपमा सहज छैनन् ।

**धार्मिक र सांस्कृतिक अभ्यासको चुनौती :**

नेपाली समुदायका धार्मिक र सांस्कृतिक अभ्यासहरू अस्ट्रेलियन वातावरणमा जारी राख्न कठिनाइ छ । हिन्दू धर्मका मुख्य चाडपर्वहरू जस्तै दशैं, तिहार र होली मनाउन नेपालीहरूले आफैँ प्रयास गर्नुपर्छ । प्रमुख शहरहरूमा नेपाली समुदायका मन्दिर र सांस्कृतिक केन्द्रहरू छन्, तर सबै नेपालीको त्यहाँ पहुँच छैन ।

कामका कारण छुट्टी लिन नसक्दा धेरै नेपालीहरूले आफ्ना महत्त्वपूर्ण चाडपर्वहरू मनाउन सक्दैनन् । सन् २०२४ देखि विद्यार्थीहरूले २४,५०५ डलर (लगभग २१,००,००० रु.) प्रतिवर्ष जीवनयापन खर्चको प्रमाण देखाउनुपर्छ, जसले गर्दा धेरै विद्यार्थीहरूलाई आंशिक काम गर्न बाध्य बनाउँछ । यो आर्थिक दबाबले उनीहरूलाई आफ्ना सांस्कृतिक गतिविधिहरूमा समय दिन कठिनाइ पार्छ ।

**खाना र जीवनशैलीको अनुकूलन :**

नेपाली खाना र जीवनशैलीलाई अस्ट्रेलियामा कायम राख्न नेपालीहरूलाई निकै सङ्घर्ष गर्नुपर्छ । नेपाली खानाका मुख्य सामग्रीहरू जस्तै दाल, भात र तरकारी सजिलैसँग पाइन्छ, तर गुणस्तर र स्वादमा फरक छ । धेरै नेपालीहरूले अस्ट्रेलियन खानालाई आफ्नो दैनिक भोजनमा समावेश गर्नुपर्छ, जसले उनीहरूको सांस्कृतिक पहिचानमा प्रभाव पार्छ ।

अस्ट्रेलियन मानिसहरूले खाना खाने तरिका र समय नेपालीहरूभन्दा धेरै फरक छ । नेपालीले अस्ट्रेलियामा पिज्जा, बर्गर

बनाउन त सिक्छन्, तर घरमा फर्केर दालभात खान्छन् । उनीहरूलाई दुई संसारमा बाँचिरहेको जस्तै लाग्छ ।

**दुई पुस्ताको द्वन्द्व :**

नेपाली अभिभावकहरू आफ्ना छोराछोरीलाई नेपाली संस्कृति र मूल्यमान्यता सिकाउन चाहन्छन्, तर छोराछोरी अस्ट्रेलियन समाजमा घुलमिल हुन चाहन्छन् । यस्तो पुस्तागत द्वन्द्वले परिवारहरूमा तनाव सिर्जना गर्छ । केही युवाहरूले आफ्नो नेपाली नाम बदलेर अस्ट्रेलियन नाम राख्छन् वा आफ्नो उच्चारण परिवर्तन गर्छन् ।

छोराछोरीले नेपाली बोल्दा उसका साथीहरूले बुझ्दैनन् भनेर घरमा पनि अङ्ग्रेजीमा बोल्न थालेपछि बाबुआमालाई लाग्छ हामी आफ्नो संस्कृति गुमाउँदैछौं ।

**रोजगारी र व्यावसायिक पहिचान :**

अस्ट्रेलियामा नेपालीहरू मुख्यतः सफाइ, खाना पकाउने र निर्माण कार्यमा काम गर्छन् । रोजगारीमा शोषण, कम पारिश्रमिक र कार्यक्षेत्रमा यौन उत्पीडन जस्ता समस्याहरू नेपाली समुदायमा देखिएका छन् । यी समस्याहरूले नेपालीहरूको आत्मसम्मान र व्यावसायिक पहिचानमा नकारात्मक प्रभाव पारेको छ ।

धेरै नेपालीहरूले आफ्नो शिक्षा र सीपको तुलनामा कम स्तरको काम गर्नुपर्छ । नेपालमा इन्जिनियर भइसकेको व्यक्तिले अस्ट्रेलियामा सफाइ कामदारका रूपमा काम गरेको पनि पाइन्छ । नेपालको डिग्रीले त्यहाँ मान्यता नपाउँदा त्यसले नेपालीको आत्मविश्वासमा ठूलो धक्का दिन्छ ।

**सामुदायिक सहयोग र एकता :**

यी सबै चुनौतीहरू भए पनि नेपाली समुदायले अस्ट्रेलियामा एक-अर्कालाई सहयोग गर्ने प्रयास गरेको छ । विभिन्न शहरहरूमा नेपाली सामुदायिक सङ्गठन र सांस्कृतिक समूहले नेपालीहरूलाई आफ्नो पहिचान कायम राख्न मद्दत गरेका छन् । यी सङ्गठनहरूले

दशैं, तिहार, होली र अन्य सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरेर नेपालीहरूलाई एकै ठाउँमा भेला हुने अवसर प्रदान गरेका छन् ।

उनीहरूले नेपाली युवाहरूलाई आफ्नो सांस्कृतिक जरा नबिर्सन र एकै समयमा अस्ट्रेलियन समाजमा सफलतापूर्वक एकीकरण हुन मद्दत गर्ने प्रयास गरिरहेका छन् । यो सन्तुलन कायम राख्न सजिलो छैन, तर असम्भव पनि छैन ।

अस्ट्रेलियामा नेपालीहरूको पहिचान सङ्कट जटिल र बहुआयामिक मुद्दा हो । यस सङ्कटले व्यक्तिगत स्तरमा मात्र नभएर सामाजिक, सांस्कृतिक र आर्थिक स्तरमा समेत प्रभाव पारेको छ । नेपालीहरूले आफ्नो सांस्कृतिक पहिचान कायम राख्दै अस्ट्रेलियन समाजमा सफलतापूर्वक एकीकरण हुन सक्ने तरिकाहरू खोज्नुपर्छ । यसका लागि व्यक्तिगत प्रयासका साथसाथै सामुदायिक सहयोग र सरकारी नीतिहरूको पनि आवश्यकता छ ।

यो पहिचान सङ्कटको समाधान एकै दिनमा सम्भव छैन, तर सही दिशामा लागे भने र सबै पक्षको सहयोग पाए भने मात्रै नेपालीहरू आफ्नो पहिचान कायम राख्दै अस्ट्रेलियामा सफल जीवन बिताउन सक्छन् ।

**परम्परा र पश्चिमी मूल्यमान्यताको सन्तुलन :**

अस्ट्रेलियामा बसोबास गर्ने नेपालीहरूको सामना गर्नुपर्ने सबैभन्दा जटिल चुनौती भनेको आफ्ना पारम्परिक मूल्यमान्यतालाई कायम राख्दै पश्चिमी संस्कृतिको सकारात्मक पक्षहरूलाई आत्मसात गर्नु पनि हो । यो प्रक्रिया व्यक्तिगत, पारिवारिक, सामुदायिक र सामाजिक स्तरमा निरन्तर चलिरहेको सङ्घर्ष हो । नेपालीहरूले आफ्नो जरालाई नबिर्सेर कसरी नयाँ वातावरणमा सफलतापूर्वक अनुकूलन गर्न सक्छन्, यो प्रश्न आज अत्यन्त प्रासङ्गिक भएको छ ।

अस्ट्रेलियामा नेपाली समुदाय द्रुत गतिमा बढ्दै गएको छ र सन् २०२४ सम्मको तथ्याङ्क अनुसार लगभग ७०,००० नेपाली मूलका मानिसहरू अस्ट्रेलियामा बसोबास गरिरहेका छन् । यीमध्ये अधिकांश युवाहरू शिक्षाको सिलसिलामा आएका छन् र उनीहरूले

आफ्नो पहिलो पुस्ताको आप्रवासीका रूपमा दुई फरक संस्कृतिको बीचमा सन्तुलन खोज्नुपर्ने चुनौतीको सामना गरिरहेका छन् ।

**पारिवारिक मूल्यमान्यता र व्यक्तिगत स्वतन्त्रताको सङ्घर्ष :**

नेपाली समाजमा पारिवारिक एकता र सामूहिकताको संस्कृति गहिरो छ । अभिभावकहरूको सम्मान, ठूलाबडाको आदर र पारिवारिक निर्णयमा सबैको सहभागिता नेपाली मूल्यमान्यताका आधारभूत स्तम्भहरू हुन् । तर अस्ट्रेलियन समाजमा व्यक्तिगत स्वतन्त्रता र आत्मनिर्भरतालाई प्राथमिकता दिइन्छ । यो विरोधाभासले नेपाली युवाहरूलाई गहिरो द्वन्द्वमा राख्छ ।

अस्ट्रेलियनहरू भन्छन् म १८ वर्षको भएपछि आफ्नो निर्णय आफैँ गर्न सक्छु । तर नेपाली परिवारले चाहन्छ विवाह, करियर र जीवनका सबै महत्त्वपूर्ण निर्णयहरूमा परिवारसँग सल्लाह गर्नुपर्छ । यो त दुई संसारमा बाँचिरहेको जस्तै हुन्छ ।

नेपाली परिवारमा बच्चाहरूले १८ वर्षको उमेर पुगेपछि पनि आफ्ना अभिभावकका साथ बस्ने र उनीहरूको हेरचाह गर्ने परम्परा छ । तर अस्ट्रेलियामा युवाहरूले आफ्नो घर छोडेर स्वतन्त्र जीवन बिताउने चलन छ । यो सांस्कृतिक भिन्नताले नेपाली परिवारहरूमा दुई पुस्ताबीचको सङ्घर्ष सिर्जना गरेको छ ।

**विवाह र प्रेम सम्बन्धमा सांस्कृतिक द्वन्द्व :**

विवाहको मामिलामा नेपाली र अस्ट्रेलियन संस्कृतिको बीचमा ठूलो भिन्नता छ । नेपालमा मागी विवाह र अन्तर्जातीय विवाहका विषयमा आफ्नै खालको सोच छ । तर अस्ट्रेलियामा प्रेमविवाह, अन्तर्जातीय विवाह र अन्तर्धर्म विवाह सामान्य छ ।

कतिपय नेपाली युवा विदेशी केटीसँग डेटिङ गर्छन् । उनीहरू विवाह गर्न पनि चाहन्छन् । तर नेपाली परिवारले त्यसलाई स्वीकार गर्दैन । परिवारको भनाइ हुन्छ हाम्रो संस्कृति बुझ्ने नेपाली केटीसँग विवाह गर्नुपर्छ । अन्ततः उनीहरू त्यो सम्बन्ध तोड्छन् ।

यस्तो समस्या महिलाको हकमा अझै गम्भीर छ । नेपाली समाज महिलाहरूको यौन स्वतन्त्रता मन पराउँदैन । तर अस्ट्रेलियामा महिलाहरूलाई यौन स्वतन्त्रता दिइएको छ । यो सांस्कृतिक भिन्नताले नेपाली महिलाहरूलाई विशेष कष्ट दिन्छ ।

**धार्मिक अभ्यास र धर्मनिरपेक्षताको सन्तुलन :**

धर्मका विषयमा नेपाली र अस्ट्रेलियन समाजको दृष्टिकोणमा फरक छ । नेपालमा धर्म दैनिक जीवनको अविभाज्य अङ्ग हो । हिन्दू, बौद्ध र अन्य धर्मका अनुयायीहरूले आफ्नो धार्मिक अभ्यासलाई निरन्तरता दिन्छन् । तर अस्ट्रेलियामा धर्मनिरपेक्षता र व्यक्तिगत छनोटलाई प्राथमिकता दिइन्छ ।

मेलबोर्नमा पढ्दै गरेको एक नेपाली युवा प्रत्येक दिन पूजा गर्छ र मन्दिर जान्छ । उसका अस्ट्रेलियन साथीहरू त्यसलाई रुचिपूर्वक हेर्छन् । कहिलेकाहीँ उनीहरूले सोध्छन् ऊ किन यति धेरै समय धर्ममा बिताउँछ । उनीहरू भन्छन् जीवनमा धर्मभन्दा अन्य कुराहरू महत्त्वपूर्ण छन् ।

अस्ट्रेलियामा धार्मिक सहिष्णुता भए पनि व्यावहारिक जीवनमा धार्मिक अभ्यास गर्न कठिनाइ छ । उदाहरणका लागि नेपालीहरूमा बिहान सबेरै पूजा गर्ने, व्रत बस्ने र धार्मिक चाडपर्वमा काम नगर्ने परम्परा छ । तर अस्ट्रेलियामा कामको दबाब र समयको अभावले यी अभ्यासहरू कायम राख्नमा कठिनाइ छ ।

**खाना संस्कृति र स्वास्थ्य चेतना :**

खाना संस्कृतिका विषयमा नेपाली र अस्ट्रेलियन समाजमा उल्लेखनीय भिन्नता छ । नेपालमा दाल, भात, तरकारी र मसलेदार खाना मुख्य आहार हो । तर अस्ट्रेलियामा फास्ट फुड र सुविधाजनक खाना (कन्टिनेन्टल फुड) को संस्कृति छ ।

पर्थमा कुकरी कोर्स पढ्दै गरेको एक युवकले त्यहाँ नेपाली खाना पकायो । तर उसको अस्ट्रेलियन प्रशिक्षक भन्छ नेपाली

खानामा तेल र नुन धेरै छ । उनीहरू पोषणका बारेमा छुट्टै कुरा सिकाउँछन् । त्यसैले ऊ दुई तरिकाको खाना पकाउँछ ।

यो खाना संस्कृतिको मिश्रणले नेपालीहरूलाई स्वास्थ्य र पोषणका विषयमा थप सचेत बनाएको छ । धेरै नेपाली परिवारले आफ्नो परम्परागत खानामा अस्ट्रेलियन खाना पद्धतिलाई मिसाउने प्रयास गरेका छन् ।

**कार्य संस्कृति र पेशागत मूल्यमान्यता :**

कार्यक्षेत्रमा नेपाली र अस्ट्रेलियन मूल्यमान्यताहरूका बीचमा महत्त्वपूर्ण भिन्नता छ । नेपालमा मानवता र व्यक्तिगत सम्बन्धका आधारमा पनि काम हुन्छ । तर अस्ट्रेलियामा कामप्रतिको लगाव, योग्यता तथा काम र जीवनशैलीबीचको सन्तुलनलाई प्राथमिकता दिइन्छ ।

नेपालमा सधैँ काम गर्छन्, छुट्टी लिन डराउँछन् । अस्ट्रेलियामा बिरामी बिदा र वार्षिक छुट्टी लिनुपर्छ भनेर हाकिमले नै भन्छ । उनीहरू भन्छन् कामभन्दा स्वास्थ्य र पारिवारिक जीवन महत्त्वपूर्ण छ ।

अस्ट्रेलियामा कार्यक्षेत्रमा महिला-पुरुष समानता र यौन सम्बन्धी विशेष नियमहरू छन् । त्यसले नेपाली कामदारहरूलाई आफ्नो व्यवहार र मानसिकता परिवर्तन गर्न बाध्य बनाएको छ । धेरै नेपाली पुरुषले महिला सहकर्मीहरूसँग काम गर्दा सुरुमा असहजता महसुस गरेका छन् ।

**शिक्षा पद्धति र सिकाइ संस्कृति :**

शिक्षा क्षेत्रमा नेपाली र अस्ट्रेलियन पद्धतिमा ठूलो फरक छ । नेपालमा शिक्षकको अनुशासन र एकतर्फी सिकाइको संस्कृति छ । अस्ट्रेलियामा अन्तर्क्रियात्मक सिकाइ, छलफल र आलोचनात्मक सोचलाई प्रोत्साहन दिइन्छ ।

विद्यार्थीहरू नेपालमा शिक्षकको कुरा सुन्छन्, प्रायः प्रश्न गर्दैनन् । तर अस्ट्रेलियामा प्रोफेसरहरू प्रश्न गर्न र बहस गर्न

प्रोत्साहित गर्छन् । कसैलाई यो अनादरजनक पनि लाग्न सक्छ, तर त्यो पनि सिकाइको एउटा तरिका हो ।

## सामाजिक सञ्जाल र मित्रता :

सामाजिक सम्बन्धका विषयमा नेपाली र अस्ट्रेलियन संस्कृतिमा फरक छ । नेपालमा गहिरो र दीर्घकालीन मित्रताको संस्कृति छ । तर अस्ट्रेलियामा क्षणिक मित्रता र नेटवर्किङको संस्कृति छ ।

नेपालीका साथीहरू अस्ट्रेलियन नै भए पनि उनीहरूको मित्रता सतही छ । उनीहरू पार्टी र आफ्नो मजाका लागि मित्रता गर्छन् । तर नेपालमा मित्रताको अर्थ सबै कुराको साझेदारी हो ।

## आर्थिक मूल्यमान्यता र बचत :

आर्थिक व्यवहारका विषयमा पनि नेपाली र अस्ट्रेलियन संस्कृतिमा भिन्नता छ । नेपालमा बचत र सामूहिक आर्थिक जिम्मेवारीको संस्कृति छ । तर अस्ट्रेलियामा क्रेडिट कार्ड, ऋण र व्यक्तिगत आर्थिक स्वतन्त्रताको संस्कृति छ ।

अस्ट्रेलियनहरू हप्ताको अन्त्यमा २००-३०० डलर (लगभग १७,००० - २५,००० रु.) खर्च गर्छन् । उनीहरू भन्छन् जीवनको आनन्द लिनुपर्छ । तर नेपालीहरू हरेक डलर बचत गर्छन्, किनभने उनीहरूले नेपालमा पैसा पठाउनुपर्छ ।

## मानसिक स्वास्थ्य र सामाजिक सहयोग :

मानसिक स्वास्थ्यका विषयमा नेपाली र अस्ट्रेलियन दृष्टिकोणमा महत्त्वपूर्ण भिन्नता छ । नेपालमा मानसिक स्वास्थ्यको समस्यालाई विशेष मानिन्छ । तर अस्ट्रेलियामा मानसिक स्वास्थ्यको हेरचाह सामान्य स्वास्थ्य सेवाको अङ्ग मानिन्छ ।

कतिपय नेपाली विद्यार्थीले अस्ट्रेलियामा डिप्रेसन र चिन्ताको समस्या भोगेका हुन्छन् । अस्ट्रेलियामा उनीहरू सल्लाह लिन्छन् । तर नेपाली परिवार डिप्रेसनलाई मानसिक कमजोरीको चिह्न ठान्छन् ।

परम्परा र पश्चिमी मूल्यमान्यताको सन्तुलन बनाउनु नेपाली समुदायका लागि निरन्तर प्रक्रिया हो । यो प्रक्रिया कहिलेकाहीँ कष्टकर र जटिल हुन्छ, तर असम्भव छैन । मुख्य कुरा दुवै संस्कृतिका सकारात्मक पक्षहरूलाई चिनेर तिनलाई आफ्नो जीवनमा सन्तुलित रूपमा अपनाउनु हो । नेपालीहरूले आफ्नो सांस्कृतिक गर्व र पहिचान कायम राख्दै अस्ट्रेलियन समाजमा सफल भएका धेरै उदाहरणहरू छन् । यी कथाले भावी पुस्तालाई प्रेरणा दिन्छन् र दुई संस्कृतिका बीचमा सन्तुलन बनाउन सकिने प्रमाणित गर्छन् ।

**अस्ट्रेलियामा नेपाली समुदाय, चाडपर्व र सामाजिक समूहहरू :**

अस्ट्रेलियामा नेपाली समुदायको उपस्थिति र प्रभावमा पछिल्लो दशकमा उल्लेखनीय वृद्धि देखिएको छ । यो वृद्धि केवल सङ्ख्यामा मात्र नभएर सांस्कृतिक गतिविधिहरू, सामाजिक सञ्जालहरू र सामुदायिक सङ्गठनहरूमा पनि देखिएको छ । अस्ट्रेलियामा बसोबास गर्ने नेपालीहरूले आफ्ना परम्परागत मूल्यमान्यताहरू र चाडपर्वहरूलाई जीवित राख्दै नयाँ वातावरणमा अनुकूलन गर्ने प्रयासमा विभिन्न सामुदायिक संस्थाहरूको स्थापना गरेका छन् ।

**सामुदायिक सङ्ख्या र भौगोलिक वितरण :**

अस्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्सको सन् २०२१ को जनगणना अनुसार अस्ट्रेलियामा नेपाली मूलका मानिसहरूको सङ्ख्या १,३८,४६३ पुगेको छ, जुन कूल जनसङ्ख्याको ०.५४ प्रतिशत हो । यो आँकडा सन् २०१६ को जनगणनामा रहेको ६२,८०६ भन्दा दोब्बरभन्दा बढी हो । पछिल्लो ५ वर्षमा नेपाली जनसङ्ख्यामा ६७,७५२ को वृद्धि भएको छ, जुन १२३.७ प्रतिशत बढी हो ।

भिक्टोरिया राज्यमा सबैभन्दा बढी नेपालीहरूको बसोबास रहेको छ । मेलबर्नको उत्तर र उत्तर-पश्चिमी क्षेत्रहरूमा नेपाली समुदायका धेरै मानिसहरू बस्छन् । मेर्री-बेक शहरमा (पहिले मोरल्यान्ड) भिक्टोरियामा सबैभन्दा ठूलो नेपाली समुदाय छ, जहाँ

३,८६२ मानिसहरू बस्छन् । ह्युम शहरमा ३,१८४ मानिसहरू छन् । न्यु साउथ वेल्समा पनि सिड्नी र वरपरका क्षेत्रहरूमा नेपालीहरूको महत्त्वपूर्ण उपस्थिति छ । विशेष गरी ह्यारिस पार्क, बल्याकट्टा, पार्रामाट्टा र ब्ल्याकटाउन जस्ता क्षेत्रहरूमा नेपाली समुदायका दोकान, रेस्टुरेन्ट र सामुदायिक केन्द्र देख्न सकिन्छ । यी क्षेत्रहरूमा नेपाली भाषामा साइनबोर्ड र नेपाली खाना पकाउने सामग्रीहरू सहजै उपलब्ध छन् ।

**मुख्य चाडपर्वहरू र सांस्कृतिक कार्यक्रमहरू :**

अस्ट्रेलियामा नेपाली समुदायले आफ्ना परम्परागत चाडपर्व ठूलो उत्साहका साथ मनाउँछन् । सबैभन्दा महत्त्वपूर्ण चाडपर्वमा दशैँ, तिहार, होली, शिवरात्री र तीज पर्छन् ।

**दशैँ :**

दशैँ नेपालीहरूको सबैभन्दा ठूलो चाड हो । अस्ट्रेलियामा यसको उत्सव विशेष रूपमा भव्य हुन्छ । सन् २०२४ मा अस्ट्रेलियामा दशैँ उत्सव अक्टोबर १३ मा मनाइएको थियो । मेलबर्नमा डान्डेनङ पार्क र सिड्नीमा फेयरफिल्ड पार्कमा हजारौँ नेपालीहरू भेला भएर दशैँ मनाउने गर्छन् । यी कार्यक्रममा परम्परागत नेपाली खाना, सांस्कृतिक नृत्य र साङ्गीतिक कार्यक्रमको आयोजना गरिन्छ ।

क्यान्टरबरी बान्क्सटाउन क्षेत्रमा क्याम्प्सी पुस्तकालयमा दशैँ सन् २०२४ कार्यक्रम आयोजना गरिएको थियो । यस्ता कार्यक्रममा नेपाली पारम्परिक पोशाक लगाएका बालबालिकादेखि बुढाबुढीसम्म सहभागी हुन्छन् । दशैँको टीका कार्यक्रममा परिवारका जेठा व्यक्तिले कान्छालाई टीका र जमरा लगाइदिने परम्परा कायम राखिएको छ ।

**तिहार वा दीपावली :**

तिहार अर्थात् दीपावली नेपालीहरूको दोस्रो ठूलो चाड हो । ह्युम दीपावाली मेला २०२४ क्रेगीबर्न भिक्टोरियामा आयोजना

गरिएको थियो । यस कार्यक्रममा नेपाली, भारतीय र अन्य दक्षिण एसियाली समुदायले संयुक्त रूपमा सहभागिता जनाउँछन् । तिहारका पाँच दिनहरूमा विभिन्न पशुपक्षीको पूजा गर्ने, गाई-गोरुको पूजा गर्ने र भाइटीकाको कार्यक्रम गर्ने गरेर मनाइन्छ ।

**अन्य सांस्कृतिक कार्यक्रमहरू :**

होलीजस्ता रङ्गीन चाडहरूमा अस्ट्रेलियाका पार्कहरूमा नेपाली युवाहरूले ठूलो सङ्ख्यामा भाग लिन्छन् । तीज पर्वमा नेपाली महिलाहरूले रातो साडी लगाएर सामूहिक नृत्य र गीत गाउने कार्यक्रम आयोजना गर्छन् । डीटी फेस्ट २०२४ नेपाली संस्कृतिको जीवन्त उत्सव थियो, जसमा व्यापारीहरू, कलाकारहरू, सङ्गीतकारहरू र नर्तकहरूको मिश्रण थियो ।

**सामाजिक सङ्गठन र सामुदायिक समूह :**

अस्ट्रेलियामा नेपाली समुदायको सामाजिक सङ्गठनमा विविधता देखिन्छ । यी सङ्गठनहरूले सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने, नयाँ आप्रवासीहरूलाई सहयोग गर्ने र नेपाली भाषा र संस्कृतिलाई जीवित राख्ने काम गर्छन् ।

**राज्यस्तरीय सङ्गठनहरू :**

प्रत्येक अस्ट्रेलियाली राज्यमा नेपाली समुदायका आधिकारिक सङ्गठनहरू छन् । न्यू साउथ वेल्समा नेपाली अस्ट्रेलिया इन्कर्पोरेसन र नेपाली कम्युनिटी अफ एनएसडब्ल्यू जस्ता सङ्गठनले सामुदायिक कार्यक्रम आयोजना गर्छन् । भिक्टोरियामा रहेका नेपाल अस्ट्रेलिया एसोसिएसन अफ भिक्टोरिया र नेपाली कम्युनिटी अफ भिक्टोरिया जस्ता सङ्गठनहरूले सक्रिय भूमिका खेल्छन् । यी सङ्गठनहरूले वार्षिक सदस्यता शुल्क लिएर सांस्कृतिक कार्यक्रमको आयोजना गर्छन् । सामान्यतया वार्षिक सदस्यता शुल्क २० - ५० डलर (२,००० - ५,००० रु.) सम्म हुन्छ । यी सङ्गठनले नेपाली भाषा कक्षा, सांस्कृतिक कार्यक्रम र सामाजिक सेवा प्रदान गर्छन् ।

**धार्मिक सङ्गठन :**

नेपाली हिन्दू समुदायका लागि विभिन्न मन्दिरहरू र धार्मिक संस्थाहरू छन् । सिड्नीमा श्री मन्दिर, पार्रामाट्टा हिन्दू टेम्पल र भगवान् शिव मन्दिर जस्ता ठाउँहरूमा नेपालीहरूले नियमित रूपमा पूजाआजा गर्छन् । मेलबर्नमा श्री गणेश मन्दिर र भारतीय सांस्कृतिक केन्द्रहरूमा नेपालीहरूको सहभागिता रहन्छ ।

बौद्ध नेपालीहरूका लागि अस्ट्रेलियाका विभिन्न शहरहरूमा बौद्ध मन्दिर र ध्यान केन्द्रहरू छन् । यी ठाउँहरूमा बुद्धजयन्ती, धम्मशिक्षा र ध्यान अभ्यास कार्यक्रमहरूको आयोजना गरिन्छ ।

**युवा सङ्गठनहरू :**

नेपाली युवाहरूले आफ्ना छुट्टै सङ्गठन स्थापना गरेका छन् । नेपाली युथ अस्ट्रेलिया, नेपाली स्टुडेन्ट्स एसोसिएसन अफ अस्ट्रेलिया जस्ता समूहले युवाहरूको सामाजिक सञ्जाल बनाउने र सीप विकास कार्यक्रमहरू आयोजना गर्छन् । यी सङ्गठनले मुख्यतया सामाजिक सञ्जालमार्फत सञ्चालन हुन्छन् र नियमित रूपमा पिकनिक, बार्बेक्यू र सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्छन् ।

**व्यावसायिक सङ्गठनहरू :**

नेपालका व्यावसायिक व्यक्तिहरूले आफ्ना छुट्टै सङ्गठनहरू स्थापना गरेका छन् । नेपाली प्रोफेसनल्स अस्ट्रेलिया, नेपाली एकाउन्टेन्ट्स अस्ट्रेलिया र नेपाली इन्जिनियर्स अस्ट्रेलिया जस्ता सङ्गठनहरूले व्यावसायिक विकास कार्यक्रमहरू आयोजना गर्छन् । यी सङ्गठनहरूले नेटवर्किङ कार्यक्रम, सेमिनार र व्यावसायिक सल्लाह-सेवा प्रदान गर्छन् ।

**मिडिया र सञ्चार माध्यमहरू :**

अस्ट्रेलियामा नेपाली समुदायका आफ्ना मिडिया र सञ्चार माध्यमहरू छन् । एसबीएस नेपाली सबैभन्दा लोकप्रिय र

विश्वसनीय मिडिया हो । यसले नेपाली भाषामा दैनिक समाचार, सूचना र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्छ । यसले अस्ट्रेलियाका नेपालीहरूका लागि अस्ट्रेलियाली कानुन, स्वास्थ्य सेवा र सामाजिक सेवाहरूको जानकारी नेपाली भाषामा प्रदान गर्छ ।

विभिन्न अनलाइन प्लेटफर्महरूमा नेपाली समुदायका आफ्ना फेसबुक ग्रुप, युट्युब च्यानल र वेबसाइटहरू छन् । 'नेपालीज इन अस्ट्रेलिया' फेसबुक ग्रुपमा १,२९,००० भन्दा बढी सदस्यहरू छन्, जसबाट दैनिक जानकारी आदानप्रदान, रोजगारी खोज्ने र सामाजिक काममा सहयोग हुन्छ ।

## सामुदायिक सेवा र सहयोग :

नेपाली समुदायका सङ्गठनले नयाँ आप्रवासीहरूलाई 'सेटलमेन्ट सर्भिस' प्रदान गर्छन् । यसमा घर खोज्ने, काम खोज्ने, बैङ्क खाता खोल्ने र सरकारी सेवा प्राप्त गर्ने सहयोग हुन्छ । धेरै सङ्गठनहरूले 'इन्टरप्रेटर सर्भिस' पनि प्रदान गर्छन् ।

विपदको समयमा नेपाली समुदायले उल्लेखनीय एकता देखाउँछ । सन् २०१५ को भूकम्पको समयमा अस्ट्रेलियाका नेपालीले लाखौं डलर सहयोग सङ्कलन गरे । यस्ता कार्यक्रमहरूमा फन्डरेजिङ कार्यक्रम आयोजना गरी ५००,००० डलर (रु. ५ करोड) भन्दा बढी रकम सङ्कलन गरिएको थियो ।

## चुनौती र समस्या :

अस्ट्रेलियामा नेपाली समुदायका विभिन्न चुनौतीहरू छन् । पहिलो पुस्ताका नेपालीहरूले भाषाको समस्या र सांस्कृतिक भिन्नताका कारण कठिनाइ महसुस गर्छन् । दोस्रो पुस्ताका नेपालीहरूले पहिचानको सङ्कट महसुस गर्छन् । किनकि उनीहरूलाई अस्ट्रेलियाली संस्कृति र नेपाली संस्कृतिका बीचमा सन्तुलन बनाउन गाह्रो हुन्छ ।

सामुदायिक सङ्गठनहरूमा कहिलेकाहीँ व्यक्तिगत र राजनीतिक मतभेदहरू देखिन्छन् । यसले सङ्गठनको काममा बाधा पुऱ्याउँछ र

सामुदायिक एकतामा प्रभाव पार्छ । केही सङ्गठनमा पारदर्शिता र जवाफदेहिताको अभाव देखिन्छ ।

**भविष्यका सम्भावनाहरू :**

अस्ट्रेलियामा नेपाली समुदायको भविष्यका बारेमा अब विचार गर्नुपर्छ । बढ्दो जनसङ्ख्या, शिक्षित युवाहरूको उपस्थिति र बलियो सामुदायिक सङ्गठनले नेपाली संस्कृति र पहिचानलाई जीवित राख्ने कामलाई निरन्तरता दिनेछ । दोस्रो र तेस्रो पुस्ताका नेपालीहरूले अस्ट्रेलियाली समाजमा महत्त्वपूर्ण योगदान दिनेछन् भने आफ्ना परम्परागत मूल्यमान्यताहरूलाई पनि संरक्षण गरिरहनेछन् ।

सामुदायिक सङ्गठनहरूले डिजिटल प्रविधिको प्रयोग गरेर नयाँ पुस्ताका नेपालीहरूलाई आकर्षित गर्ने र संलग्न गराउने काम गरिरहेका छन् । अनलाइन नेपाली भाषा कक्षा, भर्चुअल सांस्कृतिक कार्यक्रम र सामाजिक सञ्जालमार्फत सञ्चालन हुने गतिविधिले समुदायिक सहभागितालाई बढाउनेछ ।

नेपाली समुदायको सामाजिक र आर्थिक अवस्थामा सुधार हुँदै गएको छ । धेरै नेपालीहरूले व्यावसायिक क्षेत्रमा उच्च पद हासिल गरेका छन् र सामुदायिक नेतृत्वमा सक्रिय भूमिका खेलिरहेका छन् । यसले नेपाली समुदायको समग्र छविमा सुधार ल्याउनेछ र अस्ट्रेलियाली समाजमा नेपालीको स्थान मजबुत बनाउनेछ ।

अस्ट्रेलियामा नेपाली समुदायको यात्रा चुनौतीपूर्ण भएको छ तर सफलताका कथाहरू पनि प्रेरणादायी छन् । सामुदायिक एकता, सांस्कृतिक संरक्षण र नयाँ वातावरणमा अनुकूलनको त्यस्ता कथाले अन्य आप्रवासी समुदायका लागि मार्गदर्शन प्रदान गर्छन् ।

●

# विदेश जाने सपनालाई फर्केर हेर्दा

**नेपाल फर्किनेहरूका कथा :**

अस्ट्रेलियाबाट नेपाल फर्किनेहरूका कथाहरू जति विविधतापूर्ण छन्, त्यति नै जटिल र भावनात्मक छन् । यी कथाहरूले सफलता र असफलता, आशा र निराशा, सपना र वास्तविकताका बीचको द्वन्द्वलाई झल्काउँछन् । केही नेपालीहरू सफल भएर गर्वका साथ फर्किएका छन् भने अरूलाई परिस्थितिको दबाबमा पारेर वा कानुनी बाध्यताका कारण फर्किनुपरेको छ । यी दुवै प्रकारका अनुभवहरूले नेपालीहरूको अस्ट्रेलिया यात्राको पूर्ण चित्र प्रस्तुत गर्छन् ।

**व्यावसायिक सफलतापछि फिर्ता :**

धेरै नेपालीले अस्ट्रेलियामा व्यावसायिक लक्ष्य हासिल गरेपछि स्वेच्छिक रूपमा नेपाल फर्किने निर्णय गरेका छन् । यीमध्ये धेरैले अस्ट्रेलियामा 'परमानेन्ट रेसिडेन्सी' (पीआर) पाएका वा नागरिकता प्राप्त गरेर पनि आफ्नो मातृभूमिमा योगदान दिन चाहेका छन् ।

एकजना युवा मेलबर्नमा एकाउन्टिङ अध्ययन गरेर सफल चार्टर्ड एकाउन्टेन्ट बनेका थिए । उनी अस्ट्रेलियामा सात वर्ष बिताएर ४५,००० डलर (४५ लाख रु.) वार्षिक आम्दानी गर्ने स्थितिमा पुगेका थिए । तर उनले नेपाल फर्किने निर्णय गरे र नेपालमा आफ्नो कन्सल्टेन्सी फर्म स्थापना गरे । उनका अनुसार अस्ट्रेलियामा उनी सफल थिए तर नेपालमा फर्केर आफ्नो देशको विकासमा योगदान दिने अवसर उनले पाए ।

यस्तै अर्को उदाहरण पनि छ । एउटी युवतीले सिड्नीमा नर्सिङ अध्ययन गरेर ५ वर्षसम्म रजिस्टर्ड नर्सका रूपमा काम गरिन् । उनले ७५,००० डलर (७५ लाख रु.) वार्षिक आम्दानी गर्दै आफ्नो परिवारलाई आर्थिक सहयोग गरिन् । तर नेपाल फर्केर उनी निजी अस्पतालमा सिनियर नर्सका रूपमा काम गर्न थालिन् ।

**पारिवारिक दायित्वका कारण फिर्ता :**

धेरै नेपालीहरूले आफ्ना परिवारका सदस्यहरूको हेरचाह गर्न नेपाल फर्कने निर्णय गरेका छन् । विशेष गरी बुढा आमाबाबुको स्वास्थ्य समस्या र पारिवारिक व्यवसायको जिम्मेवारी लिन फर्कने उदाहरणहरू छन् ।

एक युवा मेलबर्नमा इन्जिनियरिङ अध्ययन गरेर सिभिल इन्जिनियरका रूपमा काम गरिरहेका थिए । उनले आठ वर्षमा ३२०,००० डलर (३.२ करोड रु.) कमाए र पीआर पनि पाए । तर उनका बुबाको स्वास्थ्य बिग्रिएपछि उनले नेपाल फर्कने निर्णय गरे । उनले नेपालमै कन्स्ट्रक्सन कम्पनी सुरु गरेका छन् ।

**शिक्षामा योगदान गर्न फिर्ता :**

केही नेपालीहरू अस्ट्रेलियामा प्राप्त गरेका उच्च शिक्षाको अनुभव र सीप लिएर नेपालको शिक्षा क्षेत्रमा योगदान दिन फर्किएका छन् । ती व्यक्तिहरू विभिन्न विश्वविद्यालयमा प्रोफेसर र लेक्चररका रूपमा काम गरिरहेका छन् ।

एउटी युवतीले सिड्नी विश्वविद्यालयबाट पीएचडी गरेर तीन वर्षसम्म पोस्ट-डक्टोरल रिसर्च गरिन् र नेपालकै विश्वविद्यालयमा एसोसिएट प्रोफेसरका रूपमा काम गर्न नेपाल फर्किने निर्णय गरिन् । उनका अनुसार अस्ट्रेलियामा पैसा थियो, तर नेपालमा फर्केर आफ्ना विद्यार्थीहरूलाई सिकाउँदको सन्तुष्टि बेग्लै हुन्छ ।

**भिसा उल्लङ्घनका कारण फिर्ता :**

अस्ट्रेलियाली सरकारले विद्यार्थी भिसाका नियमहरू कडा बनाएसँगै भिसा उल्लङ्घन गर्ने नेपालीहरूको सङ्ख्या बढेको छ । काम गर्ने घन्टाको सीमा उल्लङ्घन गर्ने, अध्ययनमा ध्यान नदिने र 'कोर्स प्रोग्रेस' राम्रो नभएकाले भिसा रद्द हुने घटना बढेका छन् ।

एक युवाले मेलबर्नमा कुकरी कोर्स गरिरहेका थिए, तर अध्ययनमा ध्यान नदिएर रेस्टुरेन्टमा काम गर्न बढी समय बिताए । उनले हप्तामा २० घन्टाको सीमा उल्लङ्घन गरेर ४० घन्टासम्म

काम गरे । जब यो कुरा 'डिपार्टमेन्ट अफ होम अफेयर्स' लाई थाहा भयो, उनको भिसा रद्द गरियो । उनलाई सन् २०२४ मा जबर्जस्ती नेपाल फर्काइयो र उनलाई तीन वर्षसम्म अस्ट्रेलिया प्रवेश गर्न प्रतिबन्ध लगाइयो ।

**आर्थिक समस्याका कारण फिर्ता :**

धेरै नेपालीहरू आर्थिक समस्याका कारण अस्ट्रेलिया छोड्न बाध्य भएका छन् । विशेष गरी कोभिड-१९ महामारीको समयमा धेरै नेपालीहरूले काम गुमाएका थिए ।

एक युवा सिड्नीमा कमर्सियल कुकरी विषयको अध्ययन गरिरहेका थिए । उनका बुबाले ३५,००० डलर (३५ लाख रु.) ऋण लिएर उनको अध्ययन खर्च बेहोरेका थिए । तर कोभिड-१९ को समयमा उनको पार्ट-टाइम काम गुम्यो र उनले ट्युसन फी तिर्न सकेनन् । उनको कोर्स इन्रोलमेन्ट रद्द भएपछि उनको भिसा पनि रद्द भयो र उनले नेपाल फर्कनुपरेको थियो ।

**स्वास्थ्य समस्याका कारण फिर्ता :**

केही नेपालीहरूले गम्भीर स्वास्थ्य समस्याका कारण अस्ट्रेलिया छोड्न बाध्य भएका छन् । अस्ट्रेलियामा स्वास्थ्य सेवा महँगो भएकाले धेरै नेपालीहरूले उपचारका लागि नेपाल फर्कने निर्णय गरेका छन् ।

एक युवा मेलबर्नमा इन्फर्मेसन टेक्नोलोजी अध्ययन गरिरहेका थिए । उनलाई अचानक 'मेन्टल हेल्थ' को समस्या भयो र उनलाई थेरापी र काउन्सिलिङको आवश्यकता पर्‍यो । यी सेवाको लागत १५० - २०० डलर (१५,००० - २०,००० रु.) प्रतिसेसन थियो । त्यो उनका लागि किफायती थिएन । त्यसैले उनले नेपाल फर्केर उपचार गराए ।

**नयाँ नीतिहरूको प्रभाव :**

सन् २०२४ मा अस्ट्रेलियाली सरकारले अन्तर्राष्ट्रिय विद्यार्थीका लागि नयाँ नियम लागू गरेपछि नेपाली विद्यार्थीका लागि अस्ट्रेलिया

जाने अवसर कम भएको छ । भिसा आवेदन दिनेहरूको सङ्ख्या चार महिनाको अवधिमा ५० प्रतिशतभन्दा बढी घटेको छ ।

**जेनुइन स्टुडेन्ट टेस्ट :**

अस्ट्रेलियाली सरकारले जेनुइन स्टुडेन्ट टेस्ट लागू गरेपछि धेरै नेपाली विद्यार्थीहरूको भिसा अस्वीकार भएको छ । यो परीक्षणमा विद्यार्थीहरूले उनीहरूको मुख्य उद्देश्य अध्ययन गर्नु हो, काम गर्नु होइन भन्ने प्रमाणित गर्नुपर्छ ।

**आर्थिक आवश्यकताको बढोत्तरी :**

अस्ट्रेलियाली सरकारले विद्यार्थीका लागि आर्थिक आवश्यकता बढाएको छ । अहिले विद्यार्थीहरूले वर्षमा कम्तीमा २९,७१० डलर (रु. २९.७ लाख) को आर्थिक क्षमता देखाउनुपर्छ । यो रकम पहिलेको तुलनामा १७ प्रतिशत बढी छ । यी नयाँ नीतिका कारण धेरै नेपालीहरूले अस्ट्रेलिया जाने योजना रद्द गरेका छन् र पहिलेदेखि नै त्यहाँ रहेका केहीले फर्कने निर्णय गरेका छन् ।

**असफल भएर फर्किनेहरू :**

सफलतापूर्वक फर्किनेहरूले अस्ट्रेलियामा ५०,००० - १००,००० डलर (रु. ५० लाख - १ करोड) सम्म बचत गरेका हुन्छन् । यी व्यक्तिहरूले नेपालमा आफ्ना व्यवसायहरू स्थापना गरेका छन् वा उच्च पदहरूमा नियुक्ति पाएका छन् । उनीहरूको मासिक आम्दानी १ देखि ३ लाख रुपियाँसम्म हुन्छ ।

**असफल भएर फर्किनेहरू :**

जबर्जस्ती, आर्थिक वा अन्य समस्याका कारण फर्किनेहरूको अवस्था चुनौतीपूर्ण छ । यस्ता व्यक्तिहरूलाई अस्ट्रेलिया जान लिएको ऋण तिर्न सकेका हुँदैनन् र नेपालमा रोजगारी खोज्न कठिनाइ पनि हुन्छ । उनीहरूले अस्ट्रेलियामा गरेको खर्च फिर्ता गर्न कम्तीमा पाँच वर्ष लाग्छ ।

**सफल भएर फर्किनेहरूको सामाजिक स्थिति :**

सफलतापूर्वक फर्किनेहरूलाई कुनै-कुनै समाजमा सम्मान र प्रशंसा मिल्छ । उनीहरूलाई 'अस्ट्रेलिया रिटर्न' भनेर चिनिन्छ र उनीहरूको सल्लाह मागिन्छ । त्यस्ता व्यक्तिहरूले अस्ट्रेलियामा सिकेका नयाँ प्रविधि र कार्यशैली नेपालमा ल्याएका हुन्छन् ।

**असफल भएर फर्किनेहरूको सामाजिक चुनौती :**

जबर्जस्ती फर्किनेहरूले आर्थिक दबाब सहन्छन् । उनीहरूलाई 'फेल केस' भनेर चिनिन्छ र उनीहरूको आत्मविश्वासमा कमी आउँछ । त्यस्ता व्यक्तिहरू मानसिक स्वास्थ्यको समस्या भोग्छन् । उनीहरूलाई पुनः आफ्नो पहिचान बनाउन कठिनाइ हुन्छ ।

**सरकारी नीति र सहयोग :**

नेपाल सरकारले फर्किनेहरूका लागि 'स्किल रिकग्निसन' कार्यक्रम सुरु गरेको छ । तर यो कार्यक्रम अझै प्रभावकारी भएको छैन । धेरै फर्किनेहरूले अस्ट्रेलियामा प्राप्त गरेका डिग्रीहरू नेपालमा मान्यता दिलाउन कठिनाइ भएको छ ।

**आवश्यक सुधारहरू :**

नेपाल सरकारले स्वदेश फर्किनेहरूका लागि निम्न कुराहरू गर्नु आवश्यक छ :

- विदेशी डिग्रीहरूलाई छिटो मान्यता दिने प्रक्रिया
- फर्किनेहरूका लागि उद्यमशीलता कार्यक्रम
- मानसिक स्वास्थ्य सेवाहरूमा पहुँच
- सीपमा आधारित रोजगारी कार्यक्रम

**निष्कर्ष :**

अस्ट्रेलियाबाट फर्किनेका कथाहरू नेपालीको विदेश यात्राको जटिलतालाई दर्साउँछन् । सफल भएर फर्किनेहरूले नेपालको

विकासमा योगदान दिइरहेका छन् भने असफल भएर फर्किनेहरूले चुनौतीको सामना गरिरहेका छन् । यी दुवै अनुभवले भविष्यमा अस्ट्रेलिया जाने नेपालीहरूलाई महत्त्वपूर्ण पाठ सिकाउँछन् ।

फर्किनेहरूका कथाले के देखाउँछन् भने विदेश यात्रा आर्थिक सफलताको कुरा मात्र नभएर व्यापक सामाजिक, मानसिक र व्यक्तिगत परिवर्तनको यात्रा पनि हो । सफलता र असफलता दुवै अनुभवहरूले व्यक्ति र समाजलाई सिकाउँछन् र भविष्यका लागि मार्गदर्शन प्रदान गर्छन् ।

**परिवर्तित अपेक्षाहरू :**

अस्ट्रेलियाबाट फर्किने नेपालीहरूको कथा केवल यात्राको समाप्ति मात्र नभएर नयाँ सङ्घर्षको सुरुवात पनि हो । वर्षौंको कडा परिश्रम, विदेशी जीवनशैली र आर्थिक स्वतन्त्रताको अनुभवपछि नेपाल फर्किने व्यक्तिहरूले आफ्ना अपेक्षाहरू र वास्तविकताका बीचको खाडल महसुस गर्छन् ।

**सपना र वास्तविकताको द्वन्द्व :**

अस्ट्रेलियामा बसेर नेपालका बारेमा सोचिएको र वास्तवमा आएर भेटिएको नेपालबीचको अन्तर धेरै फर्किएकाहरूका लागि निराशाजनक साबित हुन्छ । अस्ट्रेलियामा न्यूनतम मजदुरी २१.३८ डलर प्रतिघन्टा (लगभग रु. २,१००) कमाउने व्यक्तिले नेपाल फर्केपछि त्यस्तो आम्दानी पाउने सम्भावना न्यून हुन्छ । सन् २०२४-२५ को पहिलो चरणमा रेमिट्यान्स घटेर जीडीपीको १२.४ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्षको १२.९ प्रतिशतबाट कम हो । यसले फर्किने व्यक्तिहरूको आर्थिक स्थितिमा पार्ने प्रभावलाई सङ्केत गर्दछ ।

कुनै नेपाली युवक अस्ट्रेलियाको निर्माण क्षेत्रमा काम गरेर वार्षिक ६५,००० डलर (लगभग रु. ६५ लाख) कमाउने गर्थ्यो । नेपाल फर्केपछि उसले निजी कम्पनीमा मासिक रु. ४५,००० मा काम सुरु गऱ्यो । ऊ अस्ट्रेलियामा एक दिनमा जति कमाउँथ्यो,

नेपालमा एक महिनामा त्यति नै कमाउँछ । यस्तो आम्दानीको तुलनाले धेरै फर्किएकाहरूमा आर्थिक असन्तुष्टि सिर्जना गर्दछ । तर खर्चको अनुपात हेऱ्यो भने कमाइमा भिन्नता देखिँदैन ।

**व्यावसायिक चुनौती र सीपको मूल्याङ्कन :**

अस्ट्रेलियामा प्राप्त गरेका सीपहरू र योग्यताहरू नेपालमा उत्पादक रूपमा प्रयोग गर्न नसक्नुमा फर्किएकाहरूले कठिनाइ अनुभव गर्छन् । त्यहाँको 'टेक्निकल एन्ड फर्दर एजुकेसन' बाट प्राप्त गरेका प्रमाणपत्रहरूले नेपालमा पूर्ण मान्यता नपाउने र स्थानीय बजारमा ती सीपहरूको माग नहुने समस्या छ । कोभिड-१९ को महामारीपछि नेपालमा ४७०,९७८ प्रवासी कामदारहरू फर्किएका थिए ।

नेपाल फर्किएकाहरूले अस्ट्रेलियामा हस्पिटालिटी, कुकिङ र क्लिनिङ सेवामा काम गरेका हुन्छन् । तर नेपालमा यस्ता सेवाहरूको बजार सीमित छ र पारिश्रमिक कम छ । एक फर्किएका व्यक्तिले भने, "त्यहाँ म कमर्सियल कुकिङमा डिप्लोमा गरेर होटलमा शेफको काम गर्थे । यहाँ आएर होटलमा खाना बनाउने काम त पाइन्छ तर तलब रु. २५,००० मात्र पाइन्छ ।"

**सामाजिक र सांस्कृतिक अनुकूलन :**

अस्ट्रेलियामा वर्षौं बसेर फर्किएका व्यक्तिहरूले सामाजिक र सांस्कृतिक पुनर्अनुकूलनमा कठिनाइ महसुस गर्छन् । त्यहाँको स्वतन्त्र जीवनशैली, व्यक्तिगत स्वतन्त्रता र कार्यसंस्कृतिमा बानी परेका व्यक्तिहरूले नेपालको पारम्परिक सामाजिक संरचनामा समायोजन गर्न कठिनाइ पाउँछन् । विशेष गरी महिलाहरूको हकमा यो समस्या झन् जटिल हुन्छ ।

एउटी युवतीले अस्ट्रेलियामा 'एजेड केयर' मा काम गरेर आर्थिक स्वतन्त्रता प्राप्त गरेकी थिइन् । नेपाल फर्केपछि उनले समाजको नजरमा परिवर्तन महसुस गरिन् । "त्यहाँ म आफ्नो गाडी चलाएर काममा जान्थेँ, सेयर फ्लेटमा बस्थेँ । यहाँ आएर सबैले

सोध्छन् - 'अब बिहे कहिले गर्ने ? घर कहिले बसाल्ने ?' मेरो व्यक्तिगत स्वतन्त्रता कम भएको जस्तो लाग्छ ।", उनी भन्छिन् ।

## आर्थिक पुनर्स्थापनाका बाधाहरू :

फर्किएकाहरू नेपालमा व्यवसाय सुरु गर्न चाहन्छन्, तर विभिन्न बाधाहरूका कारण सफल हुन सक्दैनन् । कम्प्लेक्स लाइसेन्स प्रक्रिया, भ्रष्टाचार र बजारको अनिश्चितताले उनीहरूका उद्यमशीलता योजनाहरू अवरुद्ध हुन्छन् । अस्ट्रेलियामा बचत गरेर ल्याएको रु. ५० लाखदेखि रु. १ करोडसम्मले नेपालमा केही गर्न सकिन्छ भन्ने सोचेर आएकाहरू यहाँको वातावरण देखेर निराश हुन्छन् ।

## स्वास्थ्य र मानसिक स्वास्थ्यका समस्याहरू :

फर्किएकाहरूमा मानसिक स्वास्थ्यका समस्याहरू पनि देखिन्छन् । अस्ट्रेलियामा मानसिक स्वास्थ्य सेवाको पहुँच भएका व्यक्तिहरूले नेपालमा त्यस्तो सेवा नपाएर कठिनाइ महसुस गर्छन् । अवसाद, चिन्ता र सामाजिक अलगाव जस्ता समस्याहरू सामान्य छन् ।

अस्ट्रेलियामा कडा शारीरिक परिश्रम गरेका व्यक्तिहरूमा जोर्नी दुखाइ, मांसपेशी समस्या र अन्य स्वास्थ्य समस्याहरू देखिन्छन् । नेपालमा यस्ता समस्याहरूको उपचार महँगो हुन्छ र बीमा नभएकाले आर्थिक बोझ बढ्छ ।

## सरकारी नीति र सहयोगको अभाव :

नेपाल सरकारका तर्फबाट फर्किएका प्रवासी कामदारहरूका लागि व्यवस्थित पुनर्एकीकरण नीति भए पनि व्यावहारिक कार्यान्वयनमा कमी छ । वैदेशिक रोजगार ऐनले कानुनी आधार प्रदान गरेको भए पनि यसको प्रभावकारी कार्यान्वयन भएको छैन । स्थानीय निकायहरूमा फर्किएकाहरूको तथ्याङ्क नै नभएकाले उनीहरूलाई लक्षित सेवा प्रदान गर्न कठिनाइ छ ।

फर्किएका प्रवासी कामदारहरूको सीप प्रोफाइल बनाउने अध्ययनले उनीहरूलाई रोजगार, स्व-उद्यमिता, निजी क्षेत्र र सहयोगी परियोजनाहरूमा कसरी पुनर्एकीकरण गर्न सकिन्छ भन्ने कुरा बुझ्न मद्दत गर्छ । तर यस्ता अध्ययनहरूको निष्कर्ष कार्यान्वयनमा ढिलाइ भएको छ ।

**सफलताका केही उदाहरणहरू :**

सबै फर्किएकाहरूको कथा निराशाजनक छैन । केही व्यक्तिहरूले अस्ट्रेलियामा प्राप्त गरेका सीप र पुँजी प्रयोग गरेर नेपालमा सफल उद्यम स्थापना गरेका छन् । कसैले अस्ट्रेलियामा आईटी क्षेत्रमा काम गरेर फर्केपछि नेपालमा डिजिटल मार्केटिङ कम्पनी स्थापना गरेका छन् । कसैले अस्ट्रेलियामा हस्पिटालिटी म्यानेजमेन्टको अनुभव लिएर नेपाल फर्केपछि बुटिक होटल सञ्चालन गरेका छन् ।

**भविष्यका चुनौती र सुझावहरू :**

फर्किएकाहरूको सफल पुनर्एकीकरणका लागि निम्न कुराहरू आवश्यक छन् :

- **सीप पहिचान र मान्यता** : अस्ट्रेलियामा प्राप्त सीपहरूको औपचारिक पहिचान र नेपालमा मान्यता दिने व्यवस्था ।
- **वित्तीय सहायता** : उद्यमशीलताका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउने ।
- **मानसिक स्वास्थ्य सेवा** : पुनर्अनुकूलनका समयमा परामर्श सेवा प्रदान गर्ने ।
- **नेटवर्किङ प्लेटफर्म** : फर्किएकाहरूको बीचमा जानकारी साझाकरण र सहयोगका लागि मञ्च निर्माण ।

अस्ट्रेलियाबाट फर्किएका नेपालीहरूको पुनर्एकीकरण जटिल प्रक्रिया हो । त्यसमा आर्थिक, सामाजिक र मानसिक चुनौती छन् । उनीहरूका परिवर्तित अपेक्षाहरू र नेपालको वास्तविकताबीचको

सन्तुलन कायम गर्न व्यक्तिगत, पारिवारिक र राज्यस्तरमा सक्रिय प्रयास आवश्यक छ ।

**सिकेका पाठहरू र बदलिँदा कथाहरू :**

अस्ट्रेलियामा बसेका नेपालीहरूको यात्रा केवल सफलता र असफलताको मात्र कथा नभएर गहिरो आत्मचिन्तन र जीवनका महत्त्वपूर्ण पाठहरूको सङ्ग्रह पनि हो । समयका साथमा उनीहरूका दृष्टिकोण, प्राथमिकता र आकाङ्क्षाहरू परिवर्तन हुन्छन् ।

**बिछोडका पीडा र पछुताउने क्षणहरू :**

अस्ट्रेलियामा बसेका धेरै नेपालीहरू आफ्ना परिवारका सदस्यहरूका महत्त्वपूर्ण क्षणहरू गुमाएकोमा पछुताउने गर्छन् । यो केवल भावनात्मक सम्बन्धको कुरा मात्र नभएर व्यक्तिगत पहिचान र सामाजिक सम्बन्धको गहिरो मुद्दा हो । कतिपय व्यक्तिहरू आफ्ना बुबाआमाको मृत्यु भएको खबर पाएका बेला विमानको टिकट १,२०० डलर (रु. १,२०,०००) मा किन्नुपर्ने भएकाले तत्काल नेपाल जान नसकेको दुःखका साथ सम्झन्छन् । आफ्ना बुबाआमाको अन्तिम दर्शन गर्न नपाउनु उनीहरूको जीवनको सबैभन्दा ठूलो पछुतो हो ।

अस्ट्रेलियामा बसेका १३०,००० भन्दा बढी नेपालीहरूमध्ये धेरैले यस्तै भावनात्मक सङ्कटको अनुभव गरेका छन् । विशेष गरी कोभिड-१९ महामारीको समयमा सीमा बन्द हुँदा यो समस्या झन् गम्भीर बनेको थियो । धेरैले आफ्ना आमाबुबाको बिरामी अवस्थामा सेवा गर्न नसकेकोमा, छोराछोरीको जन्मदिनमा उपस्थित हुन नसकेकोमा र पारिवारिक उत्सवहरूमा भाग लिन नसकेकोमा पछुताउने गर्छन् ।

सिड्नीमा बसेकी एउटी महिलाले आफ्नी आमाको स्वास्थ्य बिग्रिएको खबर पाएपछि काम छोडेर नेपाल जाने निर्णय गरिन् । उनले त्यहाँ २,५०० डलर (रु. २,५०,०००) मासिक कमाइरहेकी थिइन्, तर आमाको स्वास्थ्यभन्दा महत्त्वपूर्ण केही छैन भनेर उनी

नेपाल फर्किन् । उनका जस्ता निर्णयहरूले दीर्घकालीन आर्थिक योजना प्रभावित गरे पनि पारिवारिक मूल्यको महत्त्व बुझाउँछन् ।

## आर्थिक सफलता र व्यक्तिगत खुसीको द्वन्द्व :

धेरै नेपालीहरू अस्ट्रेलियामा आर्थिक सफलता हासिल गरे पनि व्यक्तिगत खुशी र जीवनको गुणस्तरमा प्रश्न उठाउने गर्छन् । मेलबर्नमा आईटी कम्पनीमा काम गरिरहेका व्यक्ति वार्षिक ८५,००० डलर (रु. ८५ लाख) कमाउने गरे पनि आफूले एक्लोपनको अनुभव गरेको बताउँछन् । "पैसा त धेरै छ तर खुशी छु भन्न सक्दिनँ । नेपालमा रु. ५०,००० मासिक तलबमा काम गर्दा पनि साथीहरूसँग बसेर चिया पिउने बेलामा बढी खुसी लाग्थ्यो,' उनले भने ।

यस्तो भावना मुख्यतः सामाजिक सम्बन्धको अभाव र सांस्कृतिक पहिचानको सङ्कटबाट उत्पन्न हुन्छ । अस्ट्रेलियामा बसेका नेपालीहरूले आफ्ना बच्चाहरूलाई नेपाली भाषा र संस्कृति सिकाउन कठिनाइ अनुभव गरेका छन् । ब्रिस्बेनमा बसेका युवाले आफ्नो ८ वर्षको छोरो नेपाली भाषा बोल्न जान्दैन भनेर चिन्ता व्यक्त गरे ।

## करियर र शिक्षामा सिकेका पाठहरू :

अस्ट्रेलियामा बसेका नेपालीहरूले करियर र शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण पाठहरू सिकेका छन् । हाल नेपाली विद्यार्थीहरूका लागि अवसरहरू पनि बढेका छन् । तर धेरैले शिक्षा र करियरका बारेमा आफ्ना प्रारम्भिक अपेक्षाहरू गलत भएको स्वीकार गरेका छन् ।

कुकिङ कोर्स गरेर नेपाल फर्केका कतिपयले त्यो डिग्रीको मूल्य नेपालमा कम भएको महसुस गरेका छन् । कुकिङ कोर्स गरेर नेपाल फर्केपछि होटल खोलेर ठूलो कमाइ गर्ने सोच भएका युवाहरूले नेपालको बजार फरक पाएका छन् । उनीहरूले व्यावसायिक सीपभन्दा व्यावसायिक सञ्जाल र स्थानीय बजारको ज्ञान बढी महत्त्वपूर्ण भएको बुझेका छन् ।

नर्सिङ पढेका युवतीहरू भने फरक अनुभव गर्छन् । नर्सिङ महान् पेशा हो । अस्ट्रेलियामा यसको सम्मान त छ, तर काम धेरै

कठिन छ, विशेष गरी 'एजेड केयर' मा । शारीरिक र मानसिक रूपमा यो काम चुनौतीपूर्ण छ र यसका लागि मजबुत मानसिक तयारी आवश्यक छ ।

**मानसिक स्वास्थ्य र एक्लोपनका पाठहरू :**

अस्ट्रेलियामा बसेका गैरशरणार्थी आप्रवासीहरूमा चिन्ता, अवसाद र मानसिक तनावको दर बढी देखिएको छ । नेपालीहरूमा पनि यस्तो समस्या व्यापक रूपमा देखिन्छ । धेरैले सुरुमा मानसिक स्वास्थ्यको महत्त्व बुझेका थिएनन् तर अनुभवले उनीहरूलाई यसको आवश्यकता सिकाएको छ ।

अस्ट्रेलियामा काम गरिरहेका केही युवाले पहिलो दुई वर्ष जीपीएसको परामर्श लिएर मानसिक स्वास्थ्य सेवा प्रयोग गरे । उनीहरू नेपालमा हुँदा यस्ता कुरा सोच्दैनथे । उनीहरू मानसिक स्वास्थ्यको हेरचाह शारीरिक स्वास्थ्यजत्तिकै महत्त्वपूर्ण भएको पाठ सिकेको बताउँछन् ।

सामाजिक एक्लोपनको समस्या विशेष गरी एकल आप्रवासीहरूमा बढी देखिन्छ । सुरुमा उनीहरू सोच्थे काम र पैसा नै सबै कुरा हो । तर साँच्चै खुसी हुनका लागि सामाजिक सम्बन्ध र सामुदायिक सहयोग आवश्यक छ ।

**समयसँगै बदलिँदो प्राथमिकता :**

अस्ट्रेलियामा बसेका नेपालीका प्राथमिकता समयका साथमा परिवर्तन हुन्छन् । सुरुमा पैसा कमाउन र रेमिट्यान्स पठाउन मात्र केन्द्रित रहेका व्यक्तिहरू पछि जीवनको गुणस्तर, स्वास्थ्य र पारिवारिक सम्बन्धलाई प्राथमिकता दिन थाल्छन् । पहिले हप्तामा ६० घन्टा काम गर्थे भने अहिले कामको सन्तुलन बुझेका छन् ।

यस्तो परिवर्तनले उनीहरूको भविष्यका योजनामा पनि प्रभाव पारेको छ । धेरैले सुरुमा नेपाल फर्कने योजना बनाएका भए पनि पछि कसैले अस्ट्रेलियाकै नागरिकता लिने निर्णय गरेका छन्, कसैले अस्ट्रेलिया र नेपाल दुवैमा समय बिताउने योजना बनाएका छन् ।

**नयाँ पुस्ताका लागि सल्लाह :**

अनुभवी नेपालीहरू नवागन्तुकहरूका लागि महत्त्वपूर्ण सल्लाह दिने गरेका छन् । उनीहरू भन्छन् – अस्ट्रेलिया आउनुभन्दा पहिले नै स्पष्ट योजना बनाउनुपर्छ । कुन कोर्स पढ्ने, कुन क्षेत्रमा काम गर्ने, कति वर्ष बस्ने भन्ने कुरा पहिले नै सोच्नुपर्छ । उनीहरूका मुख्य सल्लाह यी हुन् :

- वास्तविक अपेक्षा राख्नु : अस्ट्रेलियामा सफलता रातारात आउँदैन ।
- स्वास्थ्यलाई प्राथमिकता दिनु : शारीरिक र मानसिक स्वास्थ्यको हेरचाह गर्नु आवश्यक छ ।
- स्थानीय संस्कृति सिक्नु : अस्ट्रेलियन संस्कृति र कार्यशैलीलाई बुझ्नु जरुरी छ ।
- आपतकालीन फन्ड राख्नु : अप्रत्याशित परिस्थितिका लागि बचत गर्नु महत्त्वपूर्ण छ ।

**भविष्यमा फर्कने योजना र द्विविधा :**

धेरै नेपालीहरू अस्ट्रेलियामा बसेर सफल भए पनि नेपाल फर्कने बारेमा द्विविधामा छन् । कानुनी रूपमा अस्ट्रेलियन नागरिकता पाएका व्यक्तिहरूले पनि भावनात्मक रूपमा नेपाललाई आफ्नो घर मान्छन् । यो द्विविधा विशेषतः निवृत्त भएको समयमा बढी देखिन्छ ।

अस्ट्रेलियामा सुपर-एनुएसन र पेन्सन राम्रो छ । तर धेरै नेपालीले बुढेसकालमा नेपालमा बसेर बाँच्ने इच्छा छ । अस्ट्रेलियाको पेन्सन र नेपालको बसाइ सम्बन्धी निर्णय धेरै कठिन निर्णय हो । यस्तो द्विविधाले धेरै नेपालीहरूलाई दुवै देशमा सम्पत्ति राख्न र समय बाँडेर बस्ने योजना बनाउन प्रेरणा दिएको छ ।

अस्ट्रेलियामा बसेका नेपालीहरूको कथा निरन्तर परिवर्तन हुने गतिशील प्रक्रिया हो । सुरुमा आर्थिक सुधारका लागि मात्र आएका व्यक्तिहरूले पछि जीवनका विभिन्न आयाम व्यक्तिगत विकास, पारिवारिक सम्बन्ध, सामाजिक योगदान र सांस्कृतिक पहिचानको

महत्त्व बुझेका छन् । उनीहरूको पछुतो मुख्यतः पारिवारिक क्षणहरू गुमाउनु, सामाजिक सम्बन्धको कमी र सांस्कृतिक पहिचानको सङ्कट वरिपरि केन्द्रित छन् । तर उनीहरूले सिकेका पाठहरू व्यावसायिक सीप, मानसिक स्वास्थ्यको महत्त्व, बहुसांस्कृतिक वातावरणमा बस्ने क्षमताले उनीहरूलाई अझ परिपक्व र सन्तुलित व्यक्तित्व बनाएको छ ।

यी अनुभवले नेपालबाट अस्ट्रेलिया जाने भावी पुस्ताका लागि मार्गदर्शनको काम गर्छन् । यसले उनीहरूलाई केवल आर्थिक सपना देखेर नभई जीवनका सबै आयामलाई ध्यानमा राखेर आप्रवासनको निर्णय लिन मद्दत गर्छ ।

●

# नेपालको भविष्य

**बसाइसराइ नेपालको संरचनागत समस्याको खुलासा :**

नेपालबाट अस्ट्रेलिया र अन्य देशहरूमा हुने बसाइसराइ व्यक्तिगत निर्णय मात्र नभएर हाम्रो मुलुकका गहिरो संरचनागत समस्याहरूको प्रतिबिम्बन हो । यी समस्याहरूले हाम्रा युवाहरूलाई मुलुक छोडेर विदेश जान बाध्य तुल्याउँछ । आजको सन्दर्भमा यस समस्याको गम्भीरता र व्यापकता झनै स्पष्ट रूपमा देख्न सकिन्छ ।

**बेरोजगारी र रोजगारी सङ्कट :**

नेपालमा बेरोजगारीको समस्या विशेष गरी युवाहरूका बीचमा गम्भीर चुनौतीका रूपमा देखिएको छ । सन् २०२४ मा नेपालमा युवा बेरोजगारी दर २०.८२ प्रतिशत पुगेको थियो, जुन विश्वको औसत १६.०८ प्रतिशतभन्दा धेरै बढी छ । यो तथ्याङ्कले नेपालको सबैभन्दा उत्पादक जनसङ्ख्या समूहको पाँच भागको एक भाग बेरोजगार रहेको देखाउँछ ।

युवा बेरोजगारीको यो उच्च दर नेपालको शिक्षा प्रणाली र रोजगारी सिर्जनाका नीतिहरूको बीचमा रहेको गम्भीर असङ्गतिलाई देखाउँछ । हरेक वर्ष हजारौं युवाहरूले विभिन्न तहको शिक्षा पूरा गरे पनि तिनीहरूका लागि उपयुक्त रोजगारीको अवसर सिर्जना हुन सकेको छैन । यसले युवाहरूलाई अस्ट्रेलियाजस्ता देशहरूमा अध्ययन र कामका लागि जान प्रेरणा दिन्छ ।

नेपालको समग्र बेरोजगारी दर वृद्धि भएको हुनाले यसले देशको आर्थिक संरचनामा रहेको कमजोरीलाई प्रष्ट पार्छ ।

**आर्थिक निर्भरता र वैदेशिक आयको महत्त्व :**

नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको भूमिकाले मुलुकको आर्थिक संरचनामा रहेको गम्भीर असन्तुलनलाई देखाउँछ । सन् २०२३ मा

नेपालले लगभग ११ बिलियन अमेरिकी डलर रेमिट्यान्स प्राप्त गरेको थियो, जुन देशको कूल गार्हस्थ्य उत्पादनको २६.६ प्रतिशत बराबर हो । यो विकास सहायता र प्रत्यक्ष विदेशी लगानीको संयुक्त रकमभन्दा बढी छ ।

यो तथ्याङ्कले नेपालको अर्थतन्त्र कत्तिको मात्रामा विदेशमा काम गर्ने नेपालीहरूको आयमा निर्भर छ भन्ने कुरालाई स्पष्ट पार्छ । नेपालमा रेमिट्यान्सको कूल गार्हस्थ्य उत्पादनमा योगदान विश्वको औसत ५.१३ प्रतिशतभन्दा पाँच गुणा बढी छ, जसले मुलुकको आर्थिक संरचनाको एकतर्फीपनलाई देखाउँछ ।

हामी १५,००० डलर (रु. १२,७५,०००) प्रतिवर्ष कमाउने नेपाली कामदारको उदाहरण लिऊँ, जसले घरमा ८,००० डलर (रु. ६,८०,०००) पठाउँछ, यसले दुई वर्षको नेपाली न्यूनतम पारिश्रमिक बराबरको आम्दानी हुन्छ । यो उदाहरणले नेपालको आन्तरिक आर्थिक संरचनाको कमजोरीलाई स्पष्ट पार्छ ।

**शिक्षा प्रणालीको गुणस्तर र प्रासङ्गिकता :**

नेपालको शिक्षा प्रणालीमा रहेका संरचनागत समस्याहरूले युवालाई विदेश जान बाध्य तुल्याउँछ ।

हाम्रो शिक्षा प्रणाली सैद्धान्तिक ज्ञानमा केन्द्रित छ र व्यावहारिक सीप विकासमा कमजोर छ । विश्वविद्यालयले दिने डिग्रीको गुणस्तर र बजारमा तिनको मागबीचको अन्तर निरन्तर बढ्दै गएको छ ।

उदाहरणार्थ काठमाडौंमा 'बिजनेस स्टडिज' मा स्नातक गरेको नेपाली विद्यार्थी ३५,००० डलर (रु. २९,७५,०००) तिरेर अस्ट्रेलियामा कुकरी कोर्स गर्न जान्छ । यसले नेपालको शिक्षा प्रणालीले व्यावहारिक सीप विकासमा दिएको ध्यानको कमीलाई देखाउँछ ।

नेपालमा उद्योगसँग जोडिएको शिक्षा र कौशल विकासका कार्यक्रमहरूको अभाव छ । यसले गर्दा युवाहरूले रोजगारीको ग्यारेन्टी हुने शिक्षाका लागि विदेश जान बाध्य भएका छन् ।

**राजनीतिक अस्थिरता र नीतिगत निरन्तरताको अभाव :**

नेपालमा राजनीतिक अस्थिरताले दीर्घकालीन आर्थिक नीति निर्माण र कार्यान्वयनमा बाधा पुऱ्याएको छ । बारम्बार सरकार परिवर्तनले गर्दा कुनै पनि नीतिले निरन्तरता पाउन सकेको छैन । यसले व्यापार र उद्योगमा अनिश्चितता सिर्जना गरेको छ । युवाहरूले नेपालमा आफ्नो भविष्य निर्माणका लागि स्थिर नीतिगत वातावरण र दीर्घकालीन योजनाको अभावलाई महसुस गर्छन् । अस्ट्रेलियाजस्ता देशहरूमा स्थिर राजनीतिक प्रणाली र स्पष्ट नीतिगत दिशाले युवाहरूलाई त्यहाँ बसोबास गर्न आकर्षित गर्छ ।

**पूर्वाधार विकासको कमी :**

नेपालको पूर्वाधार विकासको अवस्थाले आर्थिक गतिविधिहरूमा बाधा पुऱ्याएको छ । सडक, विद्युत्, सञ्चार र इन्टरनेट जस्ता आधारभूत पूर्वाधारहरूको कमीले उद्योग र व्यापार विकासमा बाधा पुऱ्याएको छ ।

- विद्युत् सङ्कट : नेपालमा उद्योग सञ्चालनका लागि नियमित विद्युत् आपूर्ति नहुनु ।
- यातायात समस्या : कच्चा माल र तयार सामानको ढुवानीमा कठिनाइ ।
- डिजिटल पूर्वाधार : तीव्र इन्टरनेट र डिजिटल सेवाहरूको अभाव ।

यी समस्याले गर्दा नेपालमा आधुनिक उद्योगहरूको विकास हुन नसकी युवालाई रोजगारीको अवसर प्रदान गर्न सकिएको छैन ।

**सामाजिक दबाब र मानसिकता :**

नेपाली समाजमा विदेश जानुलाई सफलताको मापदण्डका रूपमा हेर्ने मानसिकताले पनि बसाइसराइलाई बढावा दिएको छ । परिवार र समुदायका तर्फबाट युवाहरूमाथि विदेश जान दबाब सिर्जना गर्ने प्रवृत्ति बढेको छ । यो मानसिकताले गर्दा युवाहरूले

नेपालमा उपलब्ध सीमित अवसरलाई पनि गम्भीरताका साथ लिन सकेका छैनन् । तिनीहरू आफ्ना परिवारको अपेक्षा पूरा गर्न र सामाजिक प्रतिष्ठा प्राप्त गर्न विदेश जान बाध्य भएका छन् । नेपालबाट अस्ट्रेलिया र अन्य देशमा हुने बसाइसराइले हाम्रो मुलुकका गहिरो संरचनागत समस्या उजागर गरेको छ । यी समस्याको समाधान नगरी बसाइसराइलाई रोक्न खोज्नु व्यावहारिक होइन । यी समस्याको पहिचान गरेर दीर्घकालीन समाधानका उपाय खोज्नु आवश्यक छ ।

बसाइसराइको प्रवृत्तिले नेपालको आर्थिक संरचनाको एकतर्फीपन, शिक्षा प्रणालीको अव्यावहारिकता, राजनीतिक अस्थिरता र पूर्वाधार विकासको कमी जस्ता समस्याहरू देखाएको छ । यी समस्याको समाधान नेपालको समग्र विकासका लागि आवश्यक छ ।

**स्थानीय रोजगारीको आवश्यकता :**

नेपालबाट अस्ट्रेलिया र अन्य देशमा हुने श्रम बसाइसराइको मूल कारण नेपालमा स्थानीय रोजगारी र गुणस्तरीय शिक्षाको अभाव हो । यस समस्याको समाधान गर्न नेपालमै आकर्षक रोजगारीका अवसर सिर्जना गर्नुपर्छ र शिक्षा प्रणालीलाई बजारको माग अनुसार सुधार गर्नुपर्छ ।

**वर्तमान स्थिति :**

नेपालमा युवाहरूको बेरोजगारीको समस्या गम्भीर छ । सन् २०२४ मा नेपालमा युवाहरूको बेरोजगारी दर २०.८२ प्रतिशत पुगेको छ, सन् २०२३ मा २०.३६ प्रतिशत थियो । यस्तो अवस्थामा युवाहरूले विदेशी रोजगारीलाई एक मात्र विकल्पका रूपमा हेर्नु स्वाभाविक हो । नेपालको शिक्षा प्रणाली अझै पनि परम्परागत र सैद्धान्तिक ज्ञानमा केन्द्रित छ । नेपालले आफ्नो आम्दानीको स्तरको आधारमा शिक्षाको हकका लागि आवश्यक पर्ने कुराको ८३.५ प्रतिशत मात्र पूरा गरिरहेको छ । यसले देखाउँछ कि हाम्रो शिक्षा प्रणालीमा महत्त्वपूर्ण सुधारको आवश्यकता छ ।

**रोजगारी सिर्जनाका प्राथमिकताहरू :**

**औद्योगिक क्षेत्रको विकास :**

नेपालले आफ्नो कृषि र पर्यटन क्षेत्रमा भएको प्राकृतिक सम्पदाको उपयोग गरेर औद्योगिक विकासलाई प्रवर्द्धन गर्नुपर्छ । कृषि उत्पादनको प्रशोधन उद्योगले हजारौँ युवाहरूलाई रोजगारी दिन सक्छ । काठमाडौंमा मध्यम फलफूल प्रशोधन उद्योगले ३०० - ५०० युवाहरूलाई प्रत्यक्ष रोजगारी दिन सक्छ । तिनीहरूले मासिक रु. ३५,००० देखि ८०,००० सम्म कमाउन सक्छन् । यो अस्ट्रेलियामा पार्टटाइम कामबाट पाइने आम्दानीसँग तुलनीय छ ।

**प्रविधि क्षेत्रको विकास :**

सूचना प्रविधि क्षेत्रमा नेपालको ठूलो सम्भावना छ । फ्रिल्यान्सिङ, सफ्टवेयर डेभलपमेन्ट र डिजिटल मार्केटिङजस्ता क्षेत्रमा काम गरेर नेपाली युवाहरूले घरमै बसेर महिनामा रु. ५०,००० देखि रु. २,००,००० सम्म कमाउन सक्छन् । यसका लागि उच्च स्तरको अङ्ग्रेजी र प्राविधिक सीप चाहिन्छ, जुन उचित शिक्षा र तालिमबाट विकास गर्न सकिन्छ ।

**पर्यटन र सेवा क्षेत्र :**

नेपालको पर्यटन उद्योगमा अझै अपार सम्भावना छ । होटल व्यवस्थापन, गाइड सेवा, एडभेन्चर टुरिजम र पर्यटन सेवाका क्षेत्रमा दक्ष युवाहरूले राम्रो आम्दानी गर्न सक्छन् । अनुभवी ट्रेकिङ गाइडले मासिक रु. ८०,००० देखि रु. १,५०,००० सम्म कमाउन सक्छ ।

**शिक्षा प्रणालीमा गर्नुपर्ने आवश्यक सुधारहरू :**

**व्यावसायिक शिक्षामा जोड :**

नेपालको शिक्षा प्रणालीमा सबैभन्दा ठूलो समस्या भनेको यसले बजारको माग अनुसार दक्ष जनशक्ति तयार गर्न सकेको छैन ।

नेपालले प्राविधिक र व्यावसायिक शिक्षा प्रणालीलाई पुनर्निर्माण गर्नु आवश्यक छ । किनभने रेमिट्यान्सले नेपालको अर्थतन्त्रमा प्रमुख भूमिका खेलिरहेको छ । हामीले निम्नलिखित क्षेत्रहरूमा व्यावसायिक शिक्षालाई जोड दिनुपर्छ :

- **स्वास्थ्य सेवा :** नर्सिङ, फिजियोथेरापी र मेडिकल टेक्नोलोजी
- **निर्माण :** इलेक्ट्रिसियन, प्लम्बर र कार्पेन्टर
- **सूचना प्रविधि :** प्रोग्रामिङ, डिजिटल मार्केटिङ र डेटा एनालिसिस
- **कृषि प्रविधि :** आधुनिक कृषि प्रविधि र जैविक खेती

**भाषा शिक्षाको सुधार :**

अङ्ग्रेजी भाषाको दक्षता विदेशी रोजगारीका लागि आवश्यक छ । यसको अर्थ हामीले नेपाली भाषा र संस्कृतिलाई बेवास्ता गर्नुपर्छ भन्ने होइन । त्रिभाषिक शिक्षानीति (नेपाली, अङ्ग्रेजी र स्थानीय भाषा) अपनाएर हामी युवाहरूलाई बहुसांस्कृतिक वातावरणमा काम गर्न सक्षम बनाउन सक्छौँ ।

**प्रयोगात्मक शिक्षा :**

सिद्धान्तभन्दा व्यावहारिक शिक्षामा जोड दिनुपर्छ । इन्टर्नसिप कार्यक्रम, प्रोजेक्ट वर्क र उद्योगसँगको साझेदारी बढाउनुपर्छ ।

**सरकारी नीतिगत सुधारहरू :**

**शिक्षा बजेटमा वृद्धि :**

नेपाल सरकारले शिक्षा क्षेत्रमा बजेट विनियोजन बढाउनुपर्छ । हाल नेपालले शिक्षामा कूल गार्हस्थ्य उत्पादनको करिब ५ प्रतिशत मात्र खर्च गरिरहेको छ, जुन अन्तर्राष्ट्रिय मापदण्डभन्दा कम छ । शिक्षा बजेटमा कम्तीमा २० प्रतिशत वृद्धि गरेर निम्नलिखित क्षेत्रहरूमा लगानी गर्नुपर्छ :

- **शिक्षक तालिम :** गुणस्तरीय शिक्षकहरूको तयारी
- **प्राविधिक शिक्षा :** ल्याब र उपकरणहरूको व्यवस्था
- **छात्रवृत्ति कार्यक्रम :** गरिब र प्रतिभाशाली विद्यार्थीहरूका लागि

**उद्यमशीलता प्रवर्द्धन :**

युवाहरूलाई रोजगारी खोज्नेभन्दा रोजगारी सिर्जनाकर्ता बनाउनुपर्छ । यसका लागि :

- **स्टार्टअप इन्क्युबेटर :** नयाँ व्यवसायहरूका लागि प्राविधिक र आर्थिक सहायता ।
- **सहज ऋण व्यवस्था :** युवा उद्यमीहरूका लागि न्यूनतम ब्याजदरमा ऋण ।
- **कर छुट :** नयाँ व्यवसायहरूका लागि प्रारम्भिक वर्षहरूमा कर छुट ।

**वास्तविक उदाहरणहरू :**

**सफल नेपाली उद्यमी :**

एक युवाले स्थानीय तरकारी र फलफूल प्रशोधन गरेर एउटा कम्पनी स्थापना गरेको छ । उसले ५० जना युवाहरूलाई रोजगारी दिएको छ र प्रत्येक कामदारले मासिक रु. ४०,००० देखि ७०,००० सम्म कमाउँछन् । यो कम्पनीले अब भारत र चीनमा पनि आफ्ना उत्पादनहरू निर्यात गर्न थालेको छ ।

एउटा निजी कलेजले आईटी र होटल व्यवस्थापनको कोर्स सुरु गरेको छ । त्यहाँ ९० प्रतिशतभन्दा बढी विद्यार्थीहरूले कोर्स पूरा गरेपछि नै काम पाउँछन् । यस कलेजले स्थानीय होटल र आईटी कम्पनीहरूसँग सम्झौता गरेको छ । काठमाडौं विश्वविद्यालयका कतिपय विषय पढेकाहरूले तुरुन्तै रोजगारी पाउँछन् ।

## चुनौती र समाधान :

### राजनीतिक अस्थिरता :

नेपालको राजनीतिक अस्थिरताले दीर्घकालीन योजना बनाउन कठिन छ । यसका लागि शिक्षा र रोजगार नीतिलाई पार्टीगत राजनीतिभन्दा माथि राखेर राष्ट्रिय सहमतिका आधारमा अघि बढाउनुपर्छ ।

### पूर्वाधार विकास :

गाउँ र शहरबीचको 'डिजिटल डिभाइड' घटाउनुपर्छ । इन्टरनेट र विद्युतको पहुँच सबै ठाउँमा पुऱ्याउनुपर्छ ताकि युवाहरूले घरबाटै काम गर्न सकून् ।

### मानसिकता परिवर्तन :

विदेश जानु नै सफलताको चिह्न हो भन्ने मानसिकतालाई परिवर्तन गर्नुपर्छ । स्थानीय सफल उद्यमीहरूको कथा प्रचार गरेर युवाहरूलाई प्रेरणा दिनुपर्छ ।

नेपालमा स्थानीय रोजगारी र शिक्षा सुधारको आवश्यकता अत्यावश्यक छ । हामीले व्यावसायिक शिक्षामा जोड दिएर, उद्योग-शिक्षा साझेदारी बढाएर र उद्यमशीलतालाई प्रोत्साहन दिएर युवाहरूलाई स्थानीय स्तरमा नै राम्रो रोजगारीको अवसर उपलब्ध गराउन सक्यौं भने बाध्यताका कारण हुने श्रम बसाइसराइ घट्न सक्छ । यो काम सरकार, निजी क्षेत्र र नागरिक समाजको सहकार्यबाट मात्र सम्भव छ ।

### नीतिगत सिफारिसहरू :

नेपालबाट अस्ट्रेलिया र अन्य देशहरूमा हुने श्रम बसाइसराइको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न व्यापक नीतिगत सुधारहरू आवश्यक छन् । यी सिफारिसहरू नेपाल सरकार, निजी क्षेत्र र अन्तर्राष्ट्रिय सहयोगीहरूको समन्वित प्रयासबाट मात्रै

सम्भव छन् । नेपालको नेट माइग्रेसन दर ४.४ प्रतिहजार जनसङ्ख्या (सन् २०२४ को अनुमान) का आधारमा के स्पष्ट हुन्छ भने नेपालले मानव संसाधन गुमाउने क्रम जारी छ ।

## तत्काल कार्यान्वयन गर्नुपर्ने नीतिहरू :

### रेमिट्यान्स व्यवस्थापन र लगानी नीति :

विदेशी रोजगारीका लागि बसाइसराइ देशको आम्दानीको मुख्य स्रोत भएको छ । किनभने प्रवासी कामदारहरूले प्रत्येक वर्ष करिब अमेरिकी डलर ४ बिलियन घर पठाउँछन्, जुन सन् २०१८ मा नेपालको कूल गार्हस्थ्य उत्पादनको २८% थियो । यो विशाल आर्थिक स्रोतलाई उत्पादक क्षेत्रमा लगानी गर्न सरकारले निम्न कदमहरू चाल्नुपर्छ :

सरकारले 'रेमिट्यान्स इन्भेस्टमेन्ट फन्ड' स्थापना गरेर रेमिट्यान्सको एक निश्चित प्रतिशतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाउनुपर्छ । यस फण्डमा जम्मा गरिने पैसालाई कृषि प्रशोधन, सूचना प्रविधि र पर्यटन क्षेत्रमा व्यापारिक ऋणका रूपमा प्रवाह गर्न सकिन्छ । कुनै परिवारले मासिक रु. ५०,००० रेमिट्यान्स प्राप्त गर्छ भने तिनीहरूले १० प्रतिशत रु. ५,००० यस फन्डमा जम्मा गर्दा उनीहरूलाई कर छुटका साथै फन्डको नाफाको हिस्सा पनि प्राप्त हुन्छ ।

रेमिट्यान्स लागत नेपालमा कम भएको छ र यो प्रवृत्ति जारी छ । अब डिजिटल रेमिट्यान्स सेवालाई व्यापक बनाउनुपर्छ । सन् २०२२ मा ९० प्रतिशत नेपाली वयस्कहरूले विभिन्न औपचारिक वित्तीय उत्पादनहरू प्रयोग गरेका छन् । यसले डिजिटल वित्तीय सेवाको पहुँच बढिरहेको देखाउँछ ।

### श्रम कूटनीति र द्विपक्षीय सम्झौता :

नेपाल सरकारले गन्तव्य देशहरूसँग द्विपक्षीय श्रम सम्झौता गरेर नेपाली कामदारहरूको अधिकार र सुरक्षा सुनिश्चित गर्नुपर्छ ।

सरकारले आर्थिक कूटनीतिको नीति अपनाएर विदेशी रोजगारीलाई बढावा दिन सक्रिय भूमिका खेल्नुपर्छ ।

नेपाल सरकारले नेपाली युवालाई अस्ट्रेलिया नै पठाउने हो भने अस्ट्रेलियासँग 'स्किल्ड वर्कर माइग्रेसन पार्टनरसिप' सम्झौता गरेर युवाहरूलाई व्यावसायिक तालिम दिई सिधै पीआरका लागि योग्य बनाउन सकिन्छ । यस सम्झौता अन्तर्गत नेपालमा नै अस्ट्रेलियाको मापदण्ड अनुसार नर्सिङ, इन्जिनियरिङ र आईटी क्षेत्रमा तालिम दिएर युवाहरूलाई प्रवासका लागि तयार पार्न सकिन्छ । यसले स्टुडेन्ट भिसाको माध्यमबाट हुने शोषणलाई कम गर्छ र सिधै कुशल कामदारका रूपमा प्रवेश गर्ने अवसर प्रदान गर्छ ।

नेपाल सरकारले अस्ट्रेलियन सरकारसँग 'वर्किङ होलिडे भिसा' का लागि वार्ता गर्नुपर्छ । यो कार्यक्रमले ३५ वर्षसम्मका नेपाली युवाहरूलाई एक वर्षसम्म अस्ट्रेलियामा काम गर्न र यात्रा गर्न अनुमति दिन्छ । यसले युवाहरूलाई ठूलो आर्थिक जोखिम नलिई अस्ट्रेलियाको अनुभव प्राप्त गर्न मद्दत गर्छ ।

**प्रस्थान गर्नुपूर्वको शिक्षा र सचेतना कार्यक्रम :**

सुरक्षित प्रवास, प्रवासका घरेलु विकल्पहरू र अन्य राम्रा अभ्यासहरूको जानकारी असमान रूपमा वितरण भएको वा उपलब्ध नभएको कारणले प्रवासी र सम्भावित प्रवासीहरूमा प्रवास गर्नुअघि र पछिको जानकारीको अभाव हुन्छ । नेपाली युवालाई अस्ट्रेलिया नै पठाउने हो भने यस समस्यालाई सम्बोधन गर्न निम्नलिखित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ :

सरकारले 'प्रि-डिपार्चर ओरिएन्टेसन प्रोग्राम' अनिवार्य बनाउनुपर्छ । यो कार्यक्रम कम्तीमा ४० घन्टाको हुनुपर्छ र यसमा अस्ट्रेलियाको कानुन, श्रम अधिकार, बैङ्किङ प्रणाली, स्वास्थ्य सेवा र सामाजिक सुरक्षाका बारेमा विस्तृत जानकारी दिनुपर्छ । यस कार्यक्रममा अस्ट्रेलियाबाट फर्केका नेपालीहरूलाई वक्ताका रूपमा सहभागी गराएर वास्तविक अनुभव साझा गर्न लगाउनुपर्छ ।

गाउँ र टोल स्तरमा 'माइग्रेसन काउन्सिलिङ सेन्टर' स्थापना गरेर स्थानीय युवाहरूलाई प्रवासका विकल्प र जोखिमहरूका बारेमा जानकारी दिनुपर्छ । यी केन्द्रहरूमा वित्तीय साक्षरता कार्यक्रम पनि सञ्चालन गरेर युवाहरूलाई प्रवासको लागत-फाइदाको हिसाब गर्न सिकाउनुपर्छ । कुनै युवाले अस्ट्रेलिया जानका लागि रु. २५ लाख खर्च गर्छ भने उसले त्यही पैसाले नेपालमा के व्यवसाय गर्न सक्छ र त्यसको फाइदा के हुन्छ भन्ने तुलनात्मक विश्लेषण गर्नुपर्छ ।

## मध्यमकालीन संरचनागत सुधारहरू :

### श्रम बजार सूचना प्रणाली :

नेपालमा श्रम बजारको तथ्याङ्क र सूचना प्रणाली कमजोर छ । सरकारले 'नेसनल लेबर मार्केट इन्फर्मेसन सिस्टम' स्थापना गरेर निम्नलिखित कामहरू गर्नुपर्छ :

वास्तविक समयमा रोजगारीका अवसर, तलब दर र कौशलको मागका बारेमा जानकारी उपलब्ध गराउनुपर्छ । यो प्रणालीले निजी क्षेत्रका कम्पनीहरूले आफ्ना रिक्त पदहरूको जानकारी अनिवार्य रूपमा अपडेट गर्ने व्यवस्था मिलाउनुपर्छ । साथै, यसले युवाहरूलाई आफ्नो कौशल र योग्यता अनुसार उपयुक्त रोजगारीका अवसरहरू खोज्न मद्दत गर्छ । विदेशी रोजगारीका लागि आवेदन दिने व्यक्तिहरूको विस्तृत डाटाबेस तयार गरेर तिनीहरूको शैक्षिक योग्यता, कौशल र अनुभवका आधारमा उचित गन्तव्य देश र रोजगारी सुझाव दिनुपर्छ । यो डाटाबेसले फर्केका प्रवासीहरूको कौशल र अनुभवको पनि रेकर्ड राख्नुपर्छ ताकि उनीहरूलाई स्वदेशमा नै उचित रोजगारीमा जोड्न सकियोस् ।

### वित्तीय समावेशीकरण र डिजिटल बैङ्किङ :

रेमिट्यान्स लागत घटाउन र वित्तीय समावेशीकरण सुधार गर्नमा वित्तीय डिजिटलाइजेसनको महत्त्वलाई जोड दिनुपर्छ । यसका लागि निम्नलिखित नीतिहरू अपनाउनुपर्छ :

सरकारले 'डिजिटल वित्तीय समावेशीकरण कार्यक्रम' सुरु गरेर गाउँ-गाउँमा डिजिटल वित्तीय सेवाहरूको पहुँच बढाउनुपर्छ । यो कार्यक्रमले सबै नागरिकहरूलाई निःशुल्क डिजिटल वालेटको सुविधा प्रदान गर्नुपर्छ र उनीहरूलाई डिजिटल वित्तीय सेवाहरूको प्रयोग गर्न सिकाउनुपर्छ । यसले रेमिट्यान्स प्राप्त गर्न र त्यसको उपयोग गर्न सजिलो बनाउँछ ।

'माइक्रो-फाइनान्स फर रिटर्न माइग्रेन्ट्स' कार्यक्रम सुरु गरेर फर्केका प्रवासीहरूलाई सानो व्यवसाय सुरु गर्नका लागि न्यूनतम ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्छ । यो कार्यक्रमले रु. ५ लाख (५,००० डलर) देखि रु. ५० लाख (५०,००० डलर) सम्मको ऋण ३ प्रतिशतको वार्षिक ब्याजदरमा उपलब्ध गराउनुपर्छ । यसका लागि जमानत राखेर नवीन कृषि प्रविधि, सूचना प्रविधि र पर्यटन क्षेत्रमा व्यवसाय गर्न प्रोत्साहन दिनुपर्छ ।

**कौशल विकास र मान्यता प्रणाली :**

नेपालमा कौशल विकास र मान्यता प्रणाली कमजोर छ । यसलाई सुधार गर्नका लागि निम्नलिखित कदमहरू चाल्नुपर्छ :

'नेसनल स्किल्स क्वालिफिकेसन फ्रेमवर्क' स्थापना गरेर नेपालमा प्राप्त कौशल र योग्यताहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार मान्यता दिनुपर्छ । यो प्रणालीले अस्ट्रेलिया, कतार, मलेसिया र अन्य मुख्य गन्तव्य देशहरूको कौशल मापदण्डसँग मेल खाने गरी डिजाइन गरिनुपर्छ । यसले नेपाली कामदारहरूलाई विदेशमा राम्रो तलबमा काम पाउन मद्दत गर्छ ।

गाउँ र नगर स्तरमा 'कम्युनिटी स्किल्स सेन्टर' स्थापना गरेर स्थानीय युवाहरूलाई बजारको माग अनुसार कौशल सिकाउनुपर्छ । यी केन्द्रहरूमा मोबाइल फोन मर्मत, मोटरसाइकल मर्मत, सिलाइकटाइ, केशकर्तन र खाना पकाउने जस्ता व्यावहारिक कौशलको तालिम दिनुपर्छ । यी कौशलले युवाहरूलाई स्वदेशमै आत्मनिर्भर बनाउन मद्दत गर्छ ।

## दीर्घकालीन संस्थागत सुधारहरू :

### विदेशी रोजगारी बोर्डको पुनर्गठन :

विदेशी रोजगारी बोर्डलाई थप सक्षम र पारदर्शी बनाउनुपर्छ । प्रवासी र तिनीहरूका परिवारहरूलाई तिनीहरूको शहरहरूमा निःशुल्क कानुनी सहायता उपलब्ध गराउनुपर्छ । यसका लागि निम्नलिखित सुधारहरू गर्नुपर्छ :

बोर्डको संरचनामा प्रवासी कामदारहरूको प्रतिनिधित्व बढाउनुपर्छ । बोर्डको सदस्यहरूमा कम्तीमा ३० प्रतिशत फर्केका प्रवासीहरू हुनुपर्छ, जसले वास्तविक समस्याहरूका बारेमा प्रत्यक्ष जानकारी दिन सक्छन् । साथै बोर्डमा श्रम अधिकार विशेषज्ञ, मानव-अधिकार कार्यकर्ता र सामाजिक कार्यकर्ताको सहभागिता सुनिश्चित गर्नुपर्छ ।

बोर्डले सबै म्यानपावर एजेन्सीहरूको नियमित अनुगमन गर्नुपर्छ र गैरकानुनी गतिविधिमा संलग्न एजेन्सीहरूलाई कडा कारबाही गर्नुपर्छ । यसका लागि डिजिटल मोनिटरिङ सिस्टम स्थापना गरेर एजेन्सीहरूका गतिविधिहरूको निरन्तर अनुगमन गर्नुपर्छ, जसले अनुमतिभन्दा बढी पैसा लिन्छ वा झूटो प्रलोभन दिन्छ, त्यस्ता एजेन्सीहरूको इजाजत तुरुन्तै रद्द गर्नुपर्छ ।

### सामाजिक सुरक्षा र बीमा प्रणाली :

नेपाली प्रवासीहरूका लागि व्यापक सामाजिक सुरक्षा र बीमा प्रणाली स्थापना गर्नुपर्छ । यसका लागि निम्नलिखित कदमहरू चाल्नुपर्छ –

नेपाली प्रवासी बीमा कार्यक्रम सुरु गरेर विदेश जाने नेपालीको अनिवार्य बीमा गर्नुपर्छ । यो बीमाले स्वास्थ्य समस्या, दुर्घटना, मृत्यु र कानुनी सहायताको खर्च धान्नुपर्छ । बीमाको प्रिमियम सरकार र कामदारले संयुक्त रूपमा तिर्नुपर्छ । वार्षिक रु. १५,००० प्रिमियममा रु. ५० लाखसम्मको बीमा कभरेज उपलब्ध गराउन सकिन्छ । विदेशमा कार्यरत नेपाली कामदारहरूका

बच्चाहरूका लागि शिक्षा छात्रवृत्ति कार्यक्रम सुरु गर्नुपर्छ । यो कार्यक्रमले कामदारको आम्दानीका आधारमा तिनका बच्चाहरूलाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्छ । यसले प्रवासी कामदारलाई आफ्ना बच्चाहरूको भविष्यको चिन्ता नलिई काम गर्न मद्दत गर्छ ।

**फिर्ती र पुनर्एकीकरण कार्यक्रम :**

फर्केका प्रवासीहरूलाई नेपाली समाजमा पुनर्एकीकरण गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । 'रिटर्न माइग्रेन्ट इन्टिग्रेसन प्रोग्राम' सुरु गरेर फर्केका प्रवासीहरूलाई स्वदेशमा व्यवसाय सुरु गर्न सहायता गर्नुपर्छ । यो कार्यक्रमले निःशुल्क व्यावसायिक परामर्श, बजार अनुसन्धान र व्यवसाय योजना तयार गर्न मद्दत गर्नुपर्छ । फर्केका प्रवासीहरूलाई सरकारी जागिरमा आवेदन दिँदा अतिरिक्त अङ्क दिने व्यवस्था मिलाउनुपर्छ ।

डायस्पोरा नेटवर्क स्थापना गरेर विदेशमा बसेका सफल नेपालीहरूलाई स्वदेशमा लगानी गर्न प्रोत्साहन दिनुपर्छ । यो नेटवर्कले नेपालमा नयाँ रोजगारी सिर्जना गर्न र प्रविधि स्थानान्तरण गर्न मद्दत गर्छ । उदाहरणका लागि अस्ट्रेलियामा बसेका नेपाली आईटी विशेषज्ञहरूलाई नेपालमा सफ्टवेयर कम्पनी स्थापना गर्न प्रोत्साहन दिन सकिन्छ ।

**क्षेत्रीय र द्विपक्षीय सहयोग :**

**दक्षिण एसियाली सहयोग :**

दक्षिण एसियाली देशहरूसँग मिलेर 'रिजनल माइग्रेसन कम्प्याक्ट' गठन गरेर सुरक्षित र व्यवस्थित प्रवासलाई प्रवर्द्धन गर्नुपर्छ । यो कम्प्याक्टले निम्नलिखित कामहरू गर्नुपर्छ :

भारत र बङ्गलादेशसँग मिली 'साउथ एसियन लेबर मोबिलिटी पार्टनरसिप' स्थापना गरेर कुशल कामदारहरूको आपसी आदानप्रदान गर्नुपर्छ । यसले नेपाली कामदारहरूलाई भारतमा राम्रो तलबमा काम गर्ने अवसर प्रदान गर्छ र भारतीय कामदारहरूलाई नेपालमा

कौशल स्थानान्तरण गर्न मद्दत गर्छ । श्रीलङ्का र माल्दिभ्ससँग मिलेर पर्यटन क्षेत्रमा कामदारहरूको आदानप्रदान गर्नुपर्छ । यसले नेपाली युवाहरूलाई होटल व्यवस्थापन, पर्यटन गाइड र पर्यटन सेवाको क्षेत्रमा अनुभव प्राप्त गर्न मद्दत गर्छ ।

**अन्तर्राष्ट्रिय सहयोग र साझेदारी :**

नेपालले अन्तर्राष्ट्रिय संस्थाहरूसँग मिलेर प्रवास व्यवस्थापनमा सुधार गर्नुपर्छ । यसका लागि निम्नलिखित कदमहरू चाल्नुपर्छ :

'ग्लोबल कम्प्याक्ट फर सेफ, अर्डर्ली एन्ड रेगुलर माइग्रेसन' का सिद्धान्तहरूलाई नेपालको राष्ट्रिय प्रवास नीतिमा समावेश गर्नुपर्छ । यसले नेपाली कामदारहरूको अधिकार र सुरक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुनिश्चित गर्न मद्दत गर्छ ।

अस्ट्रेलियासँग 'स्किल्स रिकग्निसन म्युचुअल एग्रिमेन्ट' गरेर नेपालमा प्राप्त कौशल र योग्यताहरूलाई अस्ट्रेलियामा मान्यता दिलाउनुपर्छ । यो सम्झौताले नेपाली कामदारहरूलाई अस्ट्रेलियामा आफ्नो योग्यता अनुसार काम पाउन मद्दत गर्छ र कम तलबमा काम गर्नुपर्ने बाध्यता घटाउँछ ।

**व्यावहारिक कार्यान्वयन रणनीति :**

**चरणबद्ध कार्यान्वयन योजना :**

यी नीतिहरूको सफल कार्यान्वयनका लागि चरणबद्ध रूपमा अघि बढ्नुपर्छ । पहिलो चरणमा (६ महिना) तत्काल कार्यान्वयन गर्नुपर्ने नीतिहरू, दोस्रो चरणमा (१-२ वर्ष) मध्यकालीन सुधारहरू र तेस्रो चरणमा (३-५ वर्ष) दीर्घकालीन संस्थागत सुधारहरू गर्नुपर्छ ।

प्रथम चरणमा रेमिट्यान्स इन्भेस्टमेन्ट फन्ड स्थापना, प्रि-डिपार्चर ओरिएन्टेसन प्रोग्राम अनिवार्य बनाउने र डिजिटल वित्तीय समावेशीकरण कार्यक्रम सुरु गर्नुपर्छ । यी कार्यक्रमहरूले तुरुन्तै फाइदा दिन सक्छन् र अन्य सुधारहरूका लागि आधार तयार गर्छन् । द्वितीय चरणमा नेसनल स्किल्स क्वालिफिकेसन फ्रेमवर्क स्थापना,

श्रम बजार सूचना प्रणाली निर्माण र विदेशी रोजगारी बोर्डको पुनर्गठन गर्नुपर्छ । यी संरचनागत सुधारहरूले दीर्घकालीन फाइदा दिन्छन् । तृतीय चरणमा द्विपक्षीय श्रम सम्झौताहरू, डायस्पोरा नेटवर्क स्थापना र क्षेत्रीय सहयोग कार्यक्रमहरू सुरु गर्नुपर्छ । यी कार्यक्रमले नेपालको अन्तर्राष्ट्रिय पहुँच र प्रभाव बढाउन मद्दत गर्छन् ।

**बजेट र संसाधन व्यवस्थापन :**

यी नीतिहरूको कार्यान्वयनका लागि महत्त्वपूर्ण आर्थिक संसाधनहरू चाहिन्छन् । सरकारले राष्ट्रिय बजेटको कम्तीमा ३ प्रतिशत प्रवास व्यवस्थापनमा विनियोजन गर्नुपर्छ । यसका लागि निम्नलिखित स्रोतहरूबाट रकम उठाउन सकिन्छ –

रेमिट्यान्समा लगाइने सेवा शुल्कको २० प्रतिशत हिस्सा प्रवास व्यवस्थापन फण्डमा जम्मा गर्नुपर्छ । यो रकम वार्षिक रु. ५ अर्ब (अस्ट्रेलियन डलर ५० मिलियन) सम्म हुन सक्छ । यो रकमले माइग्रेसन काउन्सिलिङ सेन्टर, स्किल्स सेन्टर र अन्य कार्यक्रमको खर्च धान्न सक्छ । अन्तर्राष्ट्रिय दातृ निकायहरूसँग सहयोग गरेर अतिरिक्त रकम उठाउन सकिन्छ । विश्व बैङ्क, एसियाली विकास बैङ्क, युरोपियन युनियन जस्ता संस्थाहरूले प्रवास व्यवस्थापनका लागि अनुदान र सहुलियत दरमा ऋण उपलब्ध गराउन सक्छन् ।

**निगरानी र मूल्याङ्कन प्रणाली :**

नीतिहरूको प्रभावकारिता नाप्नका लागि बलियो निगरानी र मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्छ । यसका लागि निम्नलिखित सूचकहरू प्रयोग गर्नुपर्छ ।

**मुख्य सूचकहरू :**

- विदेशी रोजगारीका लागि आवेदन दिने व्यक्तिहरूको सङ्ख्यामा वार्षिक परिवर्तन

- रेमिट्यान्सको उत्पादनमूलक उपयोगको प्रतिशत
- फर्केका प्रवासीहरूको स्वदेशमा व्यवसाय सुरु गर्ने दर
- प्रि-डिपार्चर ओरिएन्टेसन प्रोग्राममा सहभागिताको दर
- नेपाली कामदारहरूको विदेशमा औसत तलबमा सुधार

**गुणात्मक सूचकहरू :**

- नेपाली कामदारहरूको काम गर्ने परिस्थितिमा सुधार
- कामदारहरूको अधिकार र सुरक्षामा सुधार
- प्रवासी परिवारहरूको जीवनयात्रामा सुधार
- युवाहरूको प्रवासप्रतिको दृष्टिकोणमा परिवर्तन

प्रत्येक ६ महिनामा यी सूचकहरूको समीक्षा गरेर नीतिहरूमा आवश्यक संशोधन गर्नुपर्छ । यसका लागि साङ्ख्यिकीय डाटा र प्रवासी कामदारहरूको फिडब्याक दुवैको प्रयोग गर्नुपर्छ ।

**सफल नीति कार्यान्वयन :**

फिलिपिन्सले आफ्नो ओभरसिज फिलिपिनो वर्कर प्रोग्राम मार्फत प्रवास व्यवस्थापनमा उल्लेख्य सफलता हासिल गरेको छ । फिलिपिनो कामदारहरूले वार्षिक अमेरिकी डलर ३४ बिलियन रेमिट्यान्स पठाउँछन्, जसको ७० प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी हुन्छ । नेपालले फिलिपिन्सको मोडल अपनाएर आफ्नो रेमिट्यान्स उत्पादक बनाउन सक्छ ।

**द्विपक्षीय सहयोगको सफलता :**

बङ्गलादेश र मलेसियाबीच भएको वर्कर्स मोबिलिटी एग्रिमेन्टले बङ्गलादेशी कामदारहरूको स्थिति सुधार गरेको छ । यो सम्झौताले कामदारहरूको न्यूनतम तलब, काम गर्ने समय र सुरक्षा मापदण्डहरू तोकेको छ । नेपालले अस्ट्रेलियासँग यस्तै सम्झौता गरेर नेपाली कामदारहरूको स्थिति सुधार गर्न सक्छ ।

**प्रविधिको प्रभावकारी उपयोग :**

भारतले प्रवासी भारतीय पोर्टलमार्फत विदेशमा बसेका भारतीयलाई आपसमा जोड्ने र उनीहरूको सीप तथा अनुभवको उपयोग गर्ने गरेको छ । यो पोर्टलमार्फत भारतीयहरूले स्वदेशमा लगानी गर्न र नयाँ व्यवसाय सुरु गर्न सहयोग पाउँछन् । नेपालले पनि नेपाली डायस्पोरा पोर्टल बनाएर यस्तै काम गर्न सक्छ ।

नेपालको प्रवास व्यवस्थापनमा सुधार आवश्यक छ । यी नीतिगत सिफारिसले नेपालबाट हुने प्रवासलाई सुरक्षित, व्यवस्थित र उत्पादक बनाउन मद्दत गर्छन् । तर यी नीतिको सफलता सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारको संयुक्त प्रयासमा निर्भर छ । यी नीतिले नेपाली युवालाई प्रवासका लागि बाध्य पार्नुको सट्टा विकल्प प्रदान गर्नुपर्छ । प्रवास व्यक्तिगत छनोट हुनुपर्छ, बाध्यता होइन । यसका लागि नेपालमै गुणस्तरीय रोजगारी, शिक्षा र जीवनयात्राको अवसर सिर्जना गर्नुपर्छ ।

यी नीतिहरूको कार्यान्वयनले नेपाललाई श्रम निर्यातकर्ता देशबाट कुशल जनशक्तिको केन्द्रमा रूपान्तरण गर्न मद्दत गर्छ । यसले नेपाली युवाहरूलाई विश्वभर सम्मानित व्यक्तिका रूपमा स्थापित गर्छ र नेपालको अन्तर्राष्ट्रिय छविमा सुधार गर्छ ।

●

# प्रवास व्यवस्थापन

**बसाइसराइलाई दिगो र सूचनामा आधारित बनाउने तरिका :**

नेपालबाट अस्ट्रेलियाको यात्रा जटिल निर्णय हो, जसले व्यक्तिगत, पारिवारिक र राष्ट्रिय स्तरमा गहिरो प्रभाव पार्छ । पछिल्ला वर्षहरूमा बसाइसराइको दर बढ्दै गएको छ, चुनौतीहरू पनि बढेका छन् ।

सन् २०२३ मा करिब २३००० नेपाली विद्यार्थीहरूले अस्ट्रेलियाको विद्यार्थी भिसा पाएका थिए, तर सन् २०२४ मा यो सङ्ख्या घटेर ११,००० मा पुगेको छ । नेपाली विद्यार्थीहरूको भिसा अस्वीकृति दर ५०% भन्दा बढी पुगेको छ ।

यी आँकडाहरूले बसाइसराइलाई दिगो र सूचनामा आधारित बनाउने आवश्यकता स्पष्ट पार्छन् ।

दिगो बसाइसराइ भनेको त्यस्तो प्रक्रिया हो, जसले व्यक्तिगत लक्ष्यहरू पूरा गर्दै सामाजिक र आर्थिक लागत न्यूनीकरण गर्छ । यो केवल व्यक्तिगत सफलताको विषय मात्र नभएर सामुदायिक विकास र राष्ट्रिय प्रगतिसँग जोडिएको छ ।

जब बसाइसराइ सूचनामा आधारित हुन्छ, तब व्यक्तिहरूले वास्तविक अपेक्षाहरू राख्छन्, उपयुक्त तयारी गर्छन् र दीर्घकालीन सफलताको सम्भावना बढ्छ ।

**वित्तीय योजना र पारदर्शिता :**

सफल बसाइसराइको पहिलो स्तम्भ वित्तीय योजना हो । अस्ट्रेलियामा अध्ययनको औसत लागत प्रतिवर्ष अस्ट्रेलियन डलर २०,००० देखि ३०,००० (लगभग रु. १७,००,००० देखि २५,५०,०००) सम्म पुग्छ । जीवनयापन खर्चप्रति वर्ष लगभग अस्ट्रेलियन डलर २०,००० (रु. १७,००,०००) को हाराहारीमा आउँछ । यी आँकडाले देखाउँछन् एक विद्यार्थीले न्यूनतम तीन वर्षको

अध्ययनका लागि करिब रु. १,०२,००,००० देखि १,२७,५०,००० सम्म खर्च गर्नुपर्छ ।

धेरै नेपाली परिवारहरूले यो रकम जुटाउन जग्गा, घर र सुनचाँदी धितो राख्छन् वा उच्च ब्याजमा ऋण लिन्छन् । सन् २०२४ को एक अध्ययनले देखाए अनुसार औसतमा एक नेपाली विद्यार्थीले अस्ट्रेलिया जानका लागि रु. ३५,००,००० देखि ४५,००,००० सम्म खर्च गर्छ । यो रकम जुटाउन परिवारहरूले प्रायः १५ - २०% वार्षिक ब्याजमा ऋण लिन्छन् ।

वित्तीय योजनामा निम्नलिखित पक्षहरू समावेश हुनुपर्छ ।

- **वास्तविक लागत गणना :** केवल ट्युसन फी र प्रारम्भिक खर्च मात्र नभएर सम्पूर्ण अध्ययन अवधिको लागत गणना गर्नुपर्छ । यसमा अप्रत्याशित खर्चहरू, जस्तै : स्वास्थ्य समस्या, पारिवारिक आपतकाल र भिसा नवीकरण लागतहरू समावेश हुन्छन् ।
- **ऋण चुक्ता योजना :** अस्ट्रेलियामा आंशिक काम गरेर महिनामा अस्ट्रेलियन डलर १,५०० देखि अस्ट्रेलियन डलर २,००० (रु. १,२७,५०० देखि रु. १,७०,०००) कमाउन सकिन्छ । तर यो रकम मात्र दैनिक खर्च धान्न पर्याप्त छ, ऋण चुक्ता गर्न पर्याप्त छैन । त्यसैले स्नातकपछिको रोजगारी र आम्दानीको वास्तविक अनुमान लगाउनुपर्छ ।
- **आपतकालीन कोष :** अध्ययन अवधिमा अप्रत्याशित परिस्थितिहरूका लागि कम्तीमा छ महिनाको खर्चको बराबर आपतकालीन कोष राख्नुपर्छ ।

## शैक्षिक गुणस्तर र करियर सान्दर्भिकता :

बसाइसराइलाई दिगो बनाउने दोस्रो महत्त्वपूर्ण पक्ष शैक्षिक छनोट र करियर योजना हो । धेरै नेपाली विद्यार्थीले कुकरी, एजेड केयर र सामुदायिक सेवा जस्ता कोर्सहरू छान्छन् । यी सजिला र सस्ता छन् । तर यी कोर्समा रोजगारीको अवसर सीमित छ ।

**कोर्स छनोटमा विचार गर्नुपर्ने कुराहरू :**

नेपालमा आफ्नो शैक्षिक पृष्ठभूमि र रुचिसँग मेल खाने कोर्स छान्नुपर्छ । इन्जिनियरिङ पृष्ठभूमि भएको व्यक्तिले कुकरी कोर्स गर्नु तर्कसङ्गत छैन । अस्ट्रेलियाको श्रम बजार अनुसन्धान गरेर भविष्यमा मागमा रहने सीपहरू पहिचान गर्नुपर्छ । स्वास्थ्य क्षेत्र, प्रविधि र नवीकरणीय ऊर्जा जस्ता क्षेत्रहरूमा दीर्घकालीन अवसरहरू छन् ।

**शैक्षिक संस्थाको छनोट :**

सबै शैक्षिक संस्थाको गुणस्तर समान छैन । दर्ता भएका संस्थाहरू मात्र छान्नुपर्छ । संस्थाको स्नातक रोजगारी दर, उद्योगसँगको सम्बन्ध र पूर्वविद्यार्थीहरूको प्रतिक्रिया अनुसन्धान गर्नुपर्छ ।

**सामाजिक र सांस्कृतिक तयारी :**

बसाइसराइ आर्थिक र शैक्षिक यात्रा मात्र नभएर सामाजिक र सांस्कृतिक परिवर्तनको प्रक्रिया पनि हो । अस्ट्रेलियाको बहुसांस्कृतिक समाज भए पनि नेपाली संस्कृति र अस्ट्रेलियाली संस्कृतिबीच महत्त्वपूर्ण भिन्नता छन् । यी भिन्नताहरूका लागि तयारी गर्नुपर्छ ।

**भाषा सीप विकास :**

दैनिक जीवनमा प्रयोग हुने अङ्ग्रेजी, कार्यक्षेत्रको भाषा र शैक्षिक अङ्ग्रेजी सिक्नुपर्छ । अस्ट्रेलियाली उच्चारण बुझ्ने अभ्यास गर्नुपर्छ ।

**सामाजिक सञ्जाल निर्माण :**

अस्ट्रेलियामा सामाजिक सञ्जाल निर्माण गर्नु महत्त्वपूर्ण छ । नेपाली समुदायका साथै स्थानीय र अन्य अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध बनाउनुपर्छ । विभिन्न सामुदायिक कार्यक्रम, खेलकुद र स्वयंसेवक कार्यक्रमहरूमा सहभागिता जनाउनुपर्छ ।

**मानसिक स्वास्थ्य तयारी :**

बसाइसराइले मानसिक स्वास्थ्यमा प्रभाव पार्छ । घरपरिवारबाट टाढा रहनु, नयाँ वातावरणसँग अनुकूलन हुनका लागि पर्ने दबाब र आर्थिक चिन्ताले गर्दा मानसिक तनाव सिर्जना गर्छ । तसर्थ मानसिक स्वास्थ्य सेवाहरूको जानकारी र सहायता लिने तरिकाहरू सिक्नुपर्छ ।

**सूचना स्रोत र सत्यापन :**

सूचनामा आधारित निर्णय लिनका लागि विश्वसनीय स्रोतहरूबाट जानकारी लिनुपर्छ । धेरै नेपाली विद्यार्थीहरूले गलत जानकारी वा अधुरो जानकारीका आधारमा निर्णय लिएका छन् ।

**आधिकारिक स्रोतहरू :**

अस्ट्रेलियाली सरकारका आधिकारिक वेबसाइटहरूबाट मात्रै जानकारी लिनुपर्छ । यी स्रोतहरूले भिसा आवश्यकताहरू, श्रम अधिकारहरू र शैक्षिक नीतिहरूको सही जानकारी प्रदान गर्छन् । कतिपय वेबसाइटहरूमा भ्रामक कुराहरू पनि राखिएका हुन्छन् । तिनीहरूलाई पत्याउनु हुँदैन ।

**स्वतन्त्र सल्लाह :**

शैक्षिक परामर्शदाता छनोट गर्दा उनीहरूको योग्यता, अनुभव, र विश्वसनीयता जाँच गर्नुपर्छ । दर्ता भएका परामर्शदाताहरू मात्र छान्नुपर्छ । धेरै परामर्शदाताहरूले गलत वा अतिरञ्जित जानकारी दिने गर्छन् ।

**पूर्वविद्यार्थीहरूको अनुभव :**

अस्ट्रेलियामा अध्ययन गरेका नेपाली विद्यार्थीहरूसँग सम्पर्क गरेर वास्तविक अनुभव सुन्नुपर्छ । तर एक व्यक्तिको अनुभवलाई सामान्यीकरण गर्नु हुँदैन । विभिन्न व्यक्तिहरूको अनुभव सुनेर तुलनात्मक विश्लेषण गर्नुपर्छ ।

**परिवार र समुदायको भूमिका :**

बसाइसराइको निर्णयमा परिवार र समुदायको महत्त्वपूर्ण भूमिका छ । धेरै नेपाली युवाहरूले पारिवारिक दबाब र सामाजिक प्रतिष्ठाका कारण विदेश जान्छन् । यो प्रवृत्ति परिवर्तन गर्नुपर्छ ।

**पारिवारिक छलफल :**

बसाइसराइको निर्णय व्यक्तिगत र पारिवारिक दुवै हो । परिवारका सदस्यहरूसँग खुला छलफल गरेर वास्तविक लागत, जोखिम र सम्भावनाहरू साझा गर्नुपर्छ । परिवारको आर्थिक अवस्था र दीर्घकालीन प्रभावका सम्बन्धमा इमानदारीपूर्वक छलफल गर्नुपर्छ ।

**वैकल्पिक विकल्पहरूको मूल्याङ्कन :**

विदेश जानु एक मात्र विकल्प होइन । नेपालमा रहेका अवसरहरू, आन्तरिक पढाइ र उद्यमशीलताका सम्भावनाहरू पनि विचार गर्नुपर्छ । विशेष गरी प्रविधि, पर्यटन र कृषि क्षेत्रमा नेपालमा नयाँ अवसरहरू सिर्जना भइरहेका छन् ।

**सरकारी नीति र नियमन :**

नेपाल सरकारले बसाइसराइलाई दिगो बनाउन नीतिगत सुधारहरू गर्नुपर्छ । हालको नीति मुख्यतः रेमिट्यान्समा केन्द्रित छ, तर दीर्घकालीन राष्ट्रिय हितको विचार गर्नुपर्छ ।

**प्रस्थानपूर्व अभिमुखीकरण :**

सरकारले प्रस्थानपूर्वको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ । यो कार्यक्रमले श्रम अधिकार, सांस्कृतिक भिन्नता, वित्तीय व्यवस्थापन र आपतकालीन सहायता बारे जानकारी प्रदान गर्छ ।

**परामर्श सेवा नियमन :**

शैक्षिक परामर्श सेवाहरूलाई कडा नियन्त्रण गर्नुपर्छ । गलत जानकारी दिने वा अतिरञ्जित वाचा गर्ने परामर्शदाताहरूलाई

कारबाही गर्नुपर्छ । मानकीकृत सूचना र पारदर्शी शुल्क संरचना लागू गर्नुपर्छ ।

**दिगो फिर्तीको तयारी :**

सफल बसाइसराइको अन्तिम उद्देश्य दिगो फिर्ती हो । चाहे स्थायी बसोबासका लागि होस् वा नेपाल फर्कने उद्देश्यले होस्, दुवै अवस्थामा दिगो योजना चाहिन्छ ।

**सीप स्थानान्तरण :**

अस्ट्रेलियामा प्राप्त सीप र अनुभवलाई नेपालमा प्रयोग गर्ने योजना बनाउनुपर्छ । धेरै नेपाली विद्यार्थीहरूले उच्च शिक्षा र अनुभव प्राप्त गरेका छन्, तर नेपाल फर्केर त्यसको उपयोग गर्न सकेका छैनन् । उद्यमशीलता, प्रविधि हस्तान्तरण र ज्ञान साझा गर्ने कार्यक्रमहरू चाहिन्छ ।

**सञ्जाल निर्माण :**

अस्ट्रेलिया र नेपाल दुवै देशमा व्यावसायिक सञ्जाल निर्माण गर्नुपर्छ । यो सञ्जालले भविष्यमा व्यापार, लगानी र सहयोगका अवसरहरू सिर्जना गर्छ ।

बसाइसराइलाई दिगो र सूचनामा आधारित बनाउनु जटिल तर आवश्यक प्रक्रिया हो । यसका लागि व्यक्तिगत, पारिवारिक र सामाजिक स्तरमा चेतना र तयारी चाहिन्छ । वित्तीय योजना, शैक्षिक छनोट, सामाजिक तयारी र दिगो फिर्तीको रणनीति मुख्य आधारहरू हुन् ।

नेपालका युवाहरूसँग प्रतिभा र क्षमता छ, तर उनीहरूलाई सही दिशा र सहयोग चाहिन्छ । बसाइसराइ व्यक्तिगत निर्णय हो, तर यसको प्रभाव राष्ट्रिय छ । त्यसैले यो निर्णय जिम्मेवार र सूचनामा आधारित हुनुपर्छ ।

●

# समापन

हाम्रो देश त्यस्तै होस् । कस्तो होस् ? अस्ट्रेलियाजस्तो होस् ? होइन । नेपालजस्तो होस् । नेपालको मौलिक चिनारी यथावत रहेको होस् । गौरव, गरिमा र इतिहासको सम्मान गरिएको होस् ।

नेपालको राजनीति सङ्लो होस्, स्थिर होस् । राजनीतिक नेताहरूमा दूरदृष्टि होस् । छिटो-छिटो सरकारको नेतृत्व फेरिने स्थिति नआओस् । विदेशीको क्रीडाभूमि नबनोस् । सबै देशसँग समदूरीको सम्बन्ध रहोस् । राजनीतिकर्मीले देशलाई माया गरून् । राजनीतिक आन्दोलनले देशलाई थिलथिलो नपारोस् ।

प्रशासन स्वच्छ होस् । भ्रष्टाचार र घुसखोरी नहोस् । कमिसन खाने अवस्था नआओस् । कर्मचारी जनताप्रति उत्तरदायी बनून् । कर्मचारीले हेपिएको र भेदभावमा परेको अनुभव गर्नु नपरोस् ।

उद्योग र कारखानाहरू पर्याप्त होऊन् । देशलाई चाहिने अधिकांश सामग्रीहरू यहीँ उत्पादन गर्न सकियोस् । बढी उत्पादन गरेर विदेशमा बेच्न पाइयोस् ।

कृषि उत्पादन देशभित्रका जनसङ्ख्याका लागि पर्याप्त होस् र अरू देशमा समेत पठाउन सकियोस् ।

रोजगारीका लागि कतै भौँतारिनु नपरोस् । आफ्नो सीप, योग्यता र रुचि अनुसारको रोजगारी पाइयोस् ।

आफूले पढ्न चाहेको विषय आफ्नै देशमा पढ्न पाइयोस् । हाम्रो देशमा धेरै सङ्ख्याका विदेशी विद्यार्थीहरू पढ्न आऊन् । हामीले दिएको उपाधिको प्रमाणपत्रले विश्वको कुनै पनि देशमा इज्जत पाओस् ।

कुनै पनि रोग लाग्यो भने आफ्नै देशमा सजिलै उपचार गर्न पाइयोस् । आर्थिक अभाव, अस्पताल, औषधि या कुशल चिकित्सकको अभावका कारणले कसैले मर्नु नपरोस् ।

कसैले कसैमाथि अन्याय नगरून् । अन्याय भएछ भने पनि न्यायालयले शीघ्र न्याय देओस् ।

यस्ता थुप्रै कुराहरू छन् हाम्रो नेपालमा हुनुपर्ने । यहाँ त अलिअलि लेखिएको मात्रै हो । समग्रमा भन्नुपर्दा हाम्रो देश हामीले खोजेजस्तै र सोचेजस्तै होस्, अरूले खोजेजस्तो र सोचेजस्तो मात्रै नहोस् । हामीले चाहेजस्तो देश बनाउन हामी नै प्रयास गरौँ, अरूको भर नपरौँ । अरू-अरू देशले आफूलाई विकसित बनाउन सक्छन् भने हामीले नसक्ने कुरै छैन ।

हाम्रो देश कुन देशजस्तो होस् ? रुस या जापानजस्तो होस् ? अस्ट्रेलिया या बेलायतजस्तो होस् ? चीन या इन्डियाजस्तो होस् ? अमेरिका या क्यानडाजस्तो होस् ? संयुक्त अरब इमिरेट्सजस्तो होस् ? थाइल्यान्ड, सिङ्गापुर या मलेसियाजस्तो होस् ? नर्वे, जर्मनी या डेनमार्कजस्तो होस् ?

दोहोऱ्याएर भन्छु हाम्रो देश हाम्रैजस्तो होस् । हाम्रो विकास अरूका लागि नमुना बनोस् । अरूको 'मोडेल' हामीले पछ्याउने होइन, हाम्रो 'मोडेल' अरूले पछ्याऊन् । काम गरेर आर्थिक रूपमा अरूभन्दा सबल भयौँ भने हामीलाई कुनै पनि देशले उदाहरण मान्न सक्छन् । अर्थ, राजनीति, कूटनीति, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, न्याय, प्रशासन जस्ता हरेक क्षेत्रमा हामी अब्बल बन्न सकूँ ।

हो, हामी त्यस्तै बनौँ । हाम्रो देश त्यस्तै होस् ।

●

# सन्दर्भसूची


1. नेपाल विकास अद्यावधिक, विश्व बैंक, अप्रिल २०२५
2. अस्ट्रेलियाको तथ्याङ्क विभाग (Australian Bureau of Statistics), २०२४
3. अस्ट्रेलियाको गृह मन्त्रालय, देश प्रोफाइल रिपोर्ट
4. अन्तर्राष्ट्रिय श्रम संगठन (ILO), नेपाल श्रम आप्रवासन रिपोर्ट २०२४
5. विश्व बैंक, नेपाल विकास अद्यावधिक, अप्रिल २०२५
6. एसियाली विकास बैंक, नेपाल आर्थिक दृष्टिकोण, २०२५
7. अस्ट्रेलियाको तथ्याङ्क विभाग, राष्ट्रिय लेखा, मार्च २०२५
8. KPMG अस्ट्रेलिया, आर्थिक दृष्टिकोण Q1 २०२५
9. मूडीज एनालिटिक्स, नेपाल आर्थिक सूचकहरू
10. संयुक्त राष्ट्र विकास कार्यक्रम, मानव विकास रिपोर्ट २०२४
11. व्यक्तिगत अन्तरवार्ता, अष्ट्रेलियामा अध्ययनरत नेपाली विद्यार्थीहरू
12. व्यक्तिगत अन्तरवार्ता, सिड्नीमा बसोबास गर्ने नेपालीहरू
13. विभिन्न नेपाली समुदाय र अनलाइन समाचार स्रोतहरू
14. Nepali Community Australia, https://www.nepalicomm.org.au
15. SBS Nepali, "नेपाली समुदाय र सामाजिक नेटवर्क," 2023
16. BBC Nepali. (2023). "अष्ट्रेलियाको पढाइ र रोजगारीको अवसरप्रति आकर्षण किन ?" – https://www.bbc.com/nepal
17. BBC Nepali – परिवारको अपेक्षा र विदेश जाने युवाको मनोविज्ञान, 2023
18. Department of Home Affairs, Australian Government. "Student visa and education migration statistics (2023)." https://www.homeaffairs.gov.au
19. Nepal Rastra Bank. "Current Macroeconomic and Financial Situation Report, 2024." https://nrb.org.np
20. Ministry of Labour, Employment and Social Security (Nepal). "Labour Migration Report – 2023." https://moless.gov.np
21. IOM Nepal. "Labour Migration Trends and Impacts (2022)." https://nepal.iom.int
22. The Kathmandu Post. "Record number of Nepalis head to Australia for study." July 2023. https://kathmandupost.com
23. International Labour Organization (ILO) Nepal – Youth Unemployment Rate Reports

24. Nepal Labour Force Survey 2017/18 – Central Bureau of Statistics (CBS)
25. The Kathmandu Post – "Thousands of youths leave Nepal daily for better opportunities abroad", 2023
26. World Bank – "Jobless Growth: Challenges for Youth Employment in Nepal", 2022
27. Ministry of Labour, Employment and Social Security (Nepal) – Annual Labour Migration Report
28. World Bank Nepal Economic Update, 2023
29. Asian Development Bank – Nepal Macroeconomic Outlook
30. Transparency International – Corruption Perception Index: Nepal
31. Nepal Rastra Bank – Balance of Payments Annual Report
32. The Diplomat – Nepal's Political Instability and Its Economic Costs, 2022
33. UNDP Nepal – Nepal Human Development Report 2020
34. Chhetri, R. B. (2021). Youth Migration Trends in Nepal. Tribhuvan University Journal of Sociology.
35. The Kathmandu Post – Peer pressure a driving factor in student migration, 2022
36. International Organization for Migration (IOM), Nepal Migration Profile, 2020
37. Nepal Institute for Policy Research (NIPoRe) – Education Migration and Social Influence, 2022
38. Fair Work Ombudsman, Australia - Minimum Wage (https://www.fairwork.gov.au/pay/minimum-wages)
39. World Bank - Nepal Unemployment Rate (https://data.worldbank.org/indicator/SL.UEM.TOTL.ZS?locations=NP)
40. Australian Government Department of Health – Medicare (https://www.health.gov.au/health-topics/medicare)
41. OECD Better Life Index – Australia (https://www.oecdbetterlifeindex.org/countries/australia/)
42. Australian Government Services Australia – Social Security. https://www.servicesaustralia.gov.au / individuals/services/centrelink
43. QS World University Rankings 2024 (https://www.topuniversities.com)
44. Tertiary Education Quality and Standards Agency (TEQSA) (https://www.teqsa.gov.au) University websites and official reports
45. Global Peace Index 2024, Institute for Economics and Peace (https://visionofhumanity.org/maps/#/)
46. Australian Bureau of Statistics Crime Data 2023 (https://www.abs.gov.au/statistics)

47. The Kathmandu Post, Nepal Political Situation Reports (https://kathmandupost.com)
48. Australian Government Department of Home Affairs – Immigration and Visas (https://immi.homeaffairs.gov.au)
49. Government of Canada – Immigration and Citizenship (https://www.canada.ca/en/services/immigration-citizenship.html)
50. U.S. Citizenship and Immigration Services (https://www.uscis.gov)
51. New Zealand Immigration (https://www.immigration.govt.nz)
52. OECD Better Life Index (https://www.oecdbetterlifeindex.org)
53. Migration Data Portal (https://migrationdataportal.org)
54. Australia's Immigration Policy and Student Visa System, Department of Home Affairs, Australian Government. Student Visa (subclass 500) – https://immi.homeaffairs.gov.au/visas/getting-a-visa/visa-listing/student-500
55. Australian Government Productivity Commission (2016). Migrant Intake into Australia – https://www.pc.gov.au/inquiries/completed/migrant-intake/report
56. Australian Strategy for International Education 2021–2030 – https://www.dese.gov.au/australian-strategy-international-education-2021-2030
57. Australian Bureau of Statistics. Jobs and Wages data – https://www.abs.gov.au/statistics
58. Nepal Rastra Bank, 2022. Third Quarterly Report on Foreign Employment and Remittance – Highlights the economic motivations for youth to migrate.
59. Australian Bureau of Statistics, Census 2021: Nepal-born population in Australia – https://www.abs.gov.au/statistics
DFAT (Department of Foreign Affairs and Trade). Nepal Country Brief – https://www.dfat.gov.au/geo/nepal/nepal-country-brief
60. SBS Nepali. Role of Nepali community in supporting new migrants – https://www.sbs.com.au/language/nepali
61. Education Consultancy Association of Nepal (ECAN) – https://www.ecan.org.np
62. The Kathmandu Post (2023). “The growing grip of education consultancies in student migration” – https://kathmandupost.com
63. Transparency International Nepal. (2022). Report on Irregularities in Education Consultancies
64. https://kathmandupost.com/national/2019/03/15/panel-concludes-probe-into-consultancies-of-australian-colleges-but-recommends-action-against-none
65. Australian Psychological Society. "Cultural Adjustment and Mental Health in International Students." https://psychology.org.au

66. The Kathmandu Post. "Nepali students struggle with language and loneliness abroad." April 2023. https://kathmandupost.com
67. IDP Nepal. "Common challenges faced by Nepali students in Australia." https://www.idp.com/nepal
68. Monash University – Student Wellbeing Services. "Coping with culture shock." https://www.monash.edu/health
69. IOM Nepal. "Social and Psychological Impact of Migration – 2022." https://nepal.iom.int
70. Department of Home Affairs, Australia – Visa conditions and work rights for students: https://immi.homeaffairs.gov.au
71. ABC News Australia (2022) – “International students facing housing crunch and rental scams”: https://abc.net.au/news The Guardian (2021) – “Students working for $10 an hour: Exploitation of migrants in Australia” https://theguardian.com/australia-news
72. City of Sydney – Renting for international students: https://cityofsydney.nsw.gov.au
73. Nepali Times Australia – Real stories from students and workers: https://nepalitimes.com.au
74. International Education Association of Australia (IEAA) – Reports on challenges faced by international students: https://ieaa.org.au
75. Australian Bureau of Statistics, Labour Force Data 2023 (https://www.abs.gov.au)
76. Hospitality Industry Australia (HIA) Reports (https://hia.com.au)
77. Australian Government Department of Home Affairs (https://immi.homeaffairs.gov.au)
78. Australian Government Department of Home Affairs, Student visa conditions, 2024 (https://immi.homeaffairs.gov.au/visas/getting-a-visa/visa-listing/student-500)
79. Nepali Times, “Nepali students struggle with work and study balance,” 2022
80. Various community reports and migrant worker support organizations
81. Australian Government Department of Health, Mental health of international students, 2023
82. Nepali Times, “Mental health struggles of Nepali students abroad,” 2021
83. Beyond Blue Australia, Support for international students (https://www.beyondblue.org.au)
84. Fair Work Ombudsman, Australian Government (https://www.fairwork.gov.au)
85. Nepali Times, “Nepali workers face exploitation abroad,” 2020

86. SBS Nepali, “Workplace rights and migrant workers in Australia,” 2022
87. Australian Multicultural Foundation, Community Support Programs
88. Australian Government Department of Education, "International student monthly summary and data tables," 2024
89. Kathmandu Post, "More Nepali students seeking Australian visa being rejected," August 10, 2024
90. Vevs Global Nepal, "Nursing In Australia for Nepalese Students," April 11, 2022
91. Edwise Foundation, "Visa Success Rate for Australia From Nepal in 2025," 2025
92. Australian Department of Education. (2024). International Student Enrolment Statistics.
93. AECC Global. (2025). "Top 7 Courses in Australia for Nepalese Students."
94. IDP Education. (2024). "Cookery Course in Australia - Job Prospects and Salaries."
95. PAX Migration. (2023). "Australian Visa Options for Nurses."
96. ICEF Monitor. (2024). "Market Snapshot: International Student Recruitment in Nepal."
97. Australian Government Department of Home Affairs. (2024). "Post-Study Work Rights Extension."
98. MKS Education. (2024). "Overview of Australia's economy and implications for international students." March 8, 2024.
99. AECC Global. (2024). "Part-Time Jobs in Australia for Nepali Students." Department of Education, Government of Australia data.
100. The Kathmandu Post. (2024). "Nepalis being increasingly denied Australia study visas." August 10, 2024.
101. Taylor & Francis Online. (2024). "Mental health and wellbeing of international students in Australia: a systematic review."
102. myRepublica. "Growing Suicide among Nepali Students in Australia."
103. Edwise Foundation. (2025). "Working Hours for Students in Australia in 2025." April 4, 2025.
104. Nepali Page. (2019). "Reasons Nepalese Students in Australia experience difficulty for a job." January 9, 2019.
105. Shiksha.com. (2025). "Cost to Study in Australia 2024: Tuition Fees, Living Cost and Other Expenses." March 11, 2025.
106. Study in Australia. (2024). "Tuition Fees, Cost of Living, Accommodation 2025." October 22, 2024.

107. Kanan International. (2024). "Cost of Living in Australia for International Students 2025." August 27, 2024.
108. Australian Universities. (2022). "Tuition Fees for International Students." September 18, 2022.
109. Top Universities. (2023). "How much does it cost to study in Australia?" June 2, 2023.
110. Nomad Credit. (2025). "Understanding Australia's Education Costs for 2025 Students." May 12, 2025.
111. UpGrad. (2025). "Cost of Living in Australia in 2025 for Students & Families." May 15, 2025.
112. UniAcco. (2025). "Cost of Living in Melbourne for Students: 2025-26 Breakdown." April 11, 2025.
113. UniAcco. (2025). "Cost of Living in Perth for Students in 2025." May 6, 2025.
114. Mastersportal. (2022). "Study Abroad in Australia: Tuition Fees and Living Costs." January 13, 2022.
115. Australian Government Fair Work Commission, Minimum Wage Decision 2024
116. AECC Global Education Consultancy Report, 2024
117. Australia Ma Nepali Student Survey, 2024
118. Australian Bureau of Statistics, Average Weekly Earnings Report 2024
119. World Bank Remittance Prices Worldwide Database
120. Nepal Rastra Bank Foreign Exchange Reports
121. International Organization for Migration (IOM) Reports
122. Family Remittances Organization Data
123. Statista Remittance Statistics for Nepal
124. World Bank. (2024). Remittance Prices Worldwide Database. Washington DC: World Bank Group.
125. International Organization for Migration. (2024). Nepal on the Right Track to Achieve Cost-effective Remittance Transfers.
126. Statista. (2024). Nepal: remittances outward/inward, by country.
127. Nepal Rastra Bank. (2024). Current Macroeconomic and Financial Situation. Kathmandu: Nepal Rastra Bank.
128. Wikipedia (2024). Remittances to Nepal.
129. Australian Bureau of Statistics. (2024). International Trade in Services, Australia. Canberra: ABS.
130. Nepal Economic Forum, 2024
131. Fair Work Ombudsman. (2024). International students. https://www.fairwork.gov.au/tools-and-resources/fact-sheets/rights-and-obligations/international-students

132. Migrant Justice Institute. Wage Theft and International Students. https://www.migrantjustice.org/iswagetheft
133. UNSW Newsroom. (2020). Wage theft rife for international students in Australia. https://newsroom.unsw.edu.au/news/business-law/wage-theft-rife-international-students-australia
134. Grattan Institute. (2023). Why migrant workers are more likely to be underpaid. https://grattan.edu.au/news/why-migrant-workers-are-more-likely-to-be-underpaid/
135. AECC Global. (2025). Part-Time Jobs in Australia for Nepali Students. https://www.aeccglobal.com.np/blog/part-time-jobs-in-australia
136. Nepal Development Update, World Bank (2025)
137. Top Education Loans in Nepal for Studying Abroad, SastoTickets (2025)
138. To Mitigate Human Trafficking in Nepal, Increase Financial Inclusion, The Asia Foundation (2025)
139. Interest Rate Data, Nepal Rastra Bank (2024-2025)
140. Foreign Exchange Limits for Nepali Students, Saral Banking Sewa (2024)
141. Drivers of overseas labour migration, Taylor & Francis Online (2024)
142. Personal interviews with Nepali students and families (2024-2025)
143. Nepal Rastra Bank (2024). "Monetary Policy for FY 2024/25" - Policy rate reduced to 5%
144. Nepal Economic Forum (2024). "Key Highlights of Nepal's Monetary Policy for FY 2024/25"
145. World Bank (2025). "Nepal Development Update" - April 2025
146. LSE South Asia Blog (2024). "Exporting Talent, Importing Cash: Nepal, Youth Migration and Remittances"
147. Kathmandu Post (2023). "Why microfinance lending has been embroiled in controversies"
148. NIMB Ace Capital Limited (2017). "Models of Microfinance Institutions in Nepal" - Village Bank interest rates at 24% per annum
149. IOM Regional Office for Asia and the Pacific - Nepal Financial Inclusion Report
150. IMF Staff Report (2024). "Nepal: Fourth Review Under the Extended Credit Facility Arrangement"
151. Field Research and Community Interviews (2024-2025), Australia Department of Home Affairs - Country Profile: Nepal

152. IOM Regional Office for Asia and the Pacific. "Nepal on the Right Track to Achieve Cost-effective Remittance." 2024.
153. London School of Economics. "Exporting Talent, Importing Cash: Nepal, Youth Migration and Remittances." May 2024.
154. World Bank. "Remittances to Nepal - Development Impact Analysis." 2024.
155. Australia Immigration Department. "Student Visa Subclass 500 - Financial Requirements." 2024.
156. Nepal Rastra Bank. "Remittance Statistics and Economic Impact." 2024.
157. Australian Bureau of Statistics. "Overseas Migration, 2023-24 financial year." 2024.
158. NT Cultural and Language Centre. "Brain Drain in Nepal | Causes, Impacts, and Solutions." February 2025.
159. Edwise Foundation. "Visa Success Rate for Australia From Nepal in 2025." April 2025.
160. ResearchGate. "Higher Education in Nepal and Brain Drain: A Study of its Economic Impact." May 2023.
161. Agriculture & Food Security. "Brain drain of agriculture and veterinary graduates to abroad: evidence from Nepal." 2018.
162. ICEF Monitor. "Market snapshot: International student recruitment in Nepal." October 2024.
163. Australian Department of Foreign Affairs and Trade. "Nepal country brief." 2024.
164. Australian Bureau of Statistics, "Australia's Population by Country of Birth", 2024
165. Nepal Press, "Nepali Community in Australia: Challenges and Support", 2023
166. Department of Home Affairs, Australia, Migration Statistics, 2024
167. Kathmandu Post, "High Visa Rejection Rate for Nepali Students", 2024
168. Australian Bureau of Statistics, "Cultural Diversity in Australia", 2024
169. Anglicare Sydney, "Cross Cultural Services - Nepali Community", 2024
170. AusStudies, "Settling in Australia: A Guide for Nepalese Students", 2024
171. Ace Money Transfer, "Immersing in Australian Culture for Nepalese Expats", 2024
172. Nepal Australia Society, "Community Integration Report", 2024
173. World Bank (2025). Nepal Development Update (April 2025). Washington DC: World Bank Group.

174. Helvetas (2025). From Pre-Departure to Return: Understanding Labor Migration Dynamics in Nepal. Kathmandu: Helvetas Swiss Intercooperation.
175. International Organization for Migration (2024). Profiling Returnee Migrant Workers for Labour Market Integration. Kathmandu: IOM Nepal.
176. Adhikari, J. et al. (2024). Reintegration of Nepali returnee migrants: An analysis of policies, approaches and practices. ResearchGate.
177. Ministry of Labour, Employment and Social Security (2024). Reintegration Assistance to Returnee Migrants Program. Kathmandu: Government of Nepal.
178. Korean International Cooperation Agency (2024). Comprehensive Approach to Reintegration and Employment Life Cycle of Returnee Migrants in Nepal. Seoul: KOICA.
179. The Kathmandu Post (2023). Social and economic reintegration programmes for returnee migrant workers set to begin. Kathmandu.
180. Australian Bureau of Statistics (2024). Overseas Migration, 2023-24 financial year. Canberra: ABS.
181. Department of Foreign Affairs and Trade (2024). Nepal Country Brief. Canberra: Australian Government.
182. Business & Human Rights Resource Centre (2023). Nepal: Reintegration programme for migrant workers at standstill due to lack of data on returnees. London: BHRRC
183. Australian Bureau of Statistics (2024). Census of Population and Housing: Reflecting Australia - Stories from the Census, 2021. Canberra: ABS.
184. Nepalese Australian Council (2024). Community Needs Assessment Report: Challenges and Opportunities. Sydney: NAC.
185. Springer Nature (2025). Common Mental health issues among non-refugee migrants in Australia: a scoping review. Social Psychiatry and Psychiatric Epidemiology.
186. Grace International (2025). Nepal Reclassified to Assessment Level 2 by Australia After 7 Years. Sydney: Grace International Group.
187. SBS News (2022). Nepali people in Australia are the fastest-growing migrant community and they're celebrating Tihar. Sydney: SBS.
188. Taylor & Francis Online (2023). Permanent Imaginaries of Return and Fluid Realities: On Return Aspirations and Ambivalence among Nepali and Chinese Migrants in Australia. Journal of Population Research.

189. International Labour Organization (2024). Labour Migration in Asia: Trends, Challenges and Policy Responses. Geneva: ILO.
190. Department of Home Affairs (2024). Temporary Skilled Migration Income Threshold and Skilled Occupation Lists. Canberra: Australian Government.
191. Multicultural Australia (2024). Settlement Outcomes of Recent Humanitarian and Family Stream Migrants. Melbourne: Multicultural Australia.
192. Beautiful Mind Institute of Psychiatry (2024). Anxiety in Nepal: A Silent Epidemic. Kathmandu: Beautiful Mind Institute.
193. International Organization for Migration (2024). Migration and Mental Health: A Review of Global Evidence. Geneva: IOM.
194. Australian Embassy in Nepal (2025). 65th Anniversary of Diplomatic Relations: Australia-Nepal Partnership. Kathmandu: Australian Embassy.
195. Lobo, T. (2024). From Nepal To Australia: An Immigrant's Breakthrough Down Under. Career Coaching Stories.
196. Australian Human Rights Commission (2024). Cultural Competency in Mental Health Services for Migrant Communities. Sydney: AHRC.
197. Nepal Press (2023). Nepali Community in Australia: Challenges and Support – A Collaborative Approach. Sydney: Nepal Press Australia.
198. Federal Reserve Economic Data (FRED), St. Louis Fed. "Youth Unemployment Rate for Nepal." 2024. https://fred.stlouisfed.org/series/SLUEM1524ZSNPL
199. Trading Economics. "Nepal Unemployment Rate." 2024. https://tradingeconomics.com/nepal/unemployment-rate
200. International Organization for Migration (IOM). "Nepal on the Right Track to Achieve Cost-effective Remittance." 2024. https://roasiapacific.iom.int/
201. The World Bank. "Personal remittances, received (% of GDP) - Nepal." 2024. https://data.worldbank.org/
202. International Fund for Agricultural Development (IFAD). "IFAD, IOM Celebrate Vital Role of Remittances in Nepal's Development." 2024.
203. TheGlobalEconomy.com. "Nepal: Remittances as percent of GDP." 2024. https://www.theglobaleconomy.com/Nepal/remittances_percent_GDP/
204. South Asia@LSE. "Exporting Talent, Importing Cash: Nepal, Youth Migration and Remittances." May 2024. https://blogs.lse.ac.uk/southasia/

205. MacroTrends. "Nepal Youth Unemployment Rate 1991-2024." 2024. https://www.macrotrends.net/countries/NPL/nepal/youth-unemployment-rate
206. World Bank Data. (2025). Youth Unemployment Rate for Nepal. The World Bank. World Bank Development Indicators.
207. Federal Reserve Economic Data. (2025). Youth Unemployment Rate for Nepal (SLUEM1524ZSNPL). St. Louis Fed. Retrieved April 16, 2025.
208. Statista. (2024). Nepal - youth unemployment rate 2005-2024. Retrieved from Statista Global Statistics.
209. United Nations Development Programme. (2024). Reengineering the Technical and Vocational Education System in Nepal. UNDP Nepal.
210. Human Rights Measurement Initiative. (2024). Education Rights Assessment - Nepal. HRMI Database.
211. World Bank Group. (2024). Strengthening School Systems in Nepal. World Bank Education Programs.
212. Trading Economics. (2024). Nepal - Unemployment, youth total (% of total labor force ages 15-24). World Bank collection of development indicators.
213. LSE South Asia Blog. (2024). How Development Failures Fuel Labour Exodus in Nepal. London School of Economics.
214. Ministry of Labour, Employment and Social Security, Nepal. (2024). Labour Migration Statistics. Government of Nepal.
215. Central Bureau of Statistics, Nepal. (2024). National Census and Economic Survey Data. CBS Nepal.
216. Central Bureau of Statistics, Nepal. (2024). Nepal Labour Force Survey 2024. CBS Nepal.
217. World Bank. (2024). Migration and Development Brief 40: Leveraging Diaspora Finance for Development. World Bank Group.
218. International Labour Organization. (2024). ILO Global Estimates on International Migrant Workers - Results and Methodology. ILO Publications.
219. Nepal Rastra Bank. (2024). Current Macroeconomic and Financial Situation Report. Research Department, NRB.
220. International Development Finance Review. (2024). Digital Remittances Towards Financial Inclusion and Cost Reduction. IDFR Publications.
221. Ministry of Labour, Employment and Social Security, Nepal. (2024). Nepal Labour Migration Report 2024. Government of Nepal.

222. Department of Foreign Employment, Nepal. (2024). Foreign Employment Statistics Report. DoFE Nepal.
223. World Bank. (2024). Remittance Prices Worldwide: Making Markets More Transparent. World Bank Remittance Prices Database.
224. International Organization for Migration. (2024). World Migration Report 2024. IOM Publications.
225. Asian Development Bank. (2024). Labor Migration in Asia: Increasing the Development Impact of Migration through Finance and Technology. ADB Publications.
226. Nepal Institute for Social and Environmental Research. (2024). Impact Assessment of Labour Migration on Nepali Households. NISER Research Reports.
227. Human Rights Watch. (2024). "I Had to Accept Whatever Conditions They Offered": Exploitation of Nepali Migrant Workers. HRW Publications.
228. Global Alliance for the Future of Food. (2024). The True Cost of Food: Measuring What Matters to Transform the Food System. GAFF Research.
229. United Nations Economic and Social Commission for Asia and the Pacific. (2024). Economic and Social Survey of Asia and the Pacific 2024. UNESCAP Publications.
230. Overseas Development Institute. (2024). Migration, Remittances and Development in South Asia. ODI Research Papers.
231. Department of Home Affairs, Australia. (2024). Country profile - Nepal. https://www.homeaffairs.gov.au/research-and-statistics/statistics/country-profiles/profiles/nepal
232. Australian Bureau of Statistics. (2024). Overseas Migration, 2023-24 financial year. https://www.abs.gov.au/statistics/people/population/overseas-migration/latest-release
233. Department of Education, Australia. (2025). International student monthly summary and data tables. https://www.education.gov.au/international-education-data-and-research/international-student-monthly-summary-and-data-tables
234. ICEF Monitor. (2024). Australia: Visa rejection rates spike as some institutions withdraw admissions offers under new migration settings. https://monitor.icef.com/2024/02/australia-visa-rejection-rates-spike-as-some-institutions-withdraw-admissions-offers-under-new-migration-settings/
235. The Kathmandu Post. (2024). More Nepali students seeking Australian visa being rejected.

https://kathmandupost.com/national/2024/08/10/high-visa-rejection-rate-for-nepali-students-seeking-perusal-in-australia
236. IDP Nepal. (2024). Cost of Living in Australia for International Students 2024. https://ielts.idp.com/nepal/about/news-and-articles/article-cost-of-living-in-australia-for-international-students
237. AECC Global Nepal. (2025). Visa Success Rate for Australia from Nepal. https://www.aeccglobal.com.np/blog/visa-success-rate-for-australia-from-nepal
238. Kangaroo Education. (2025). Study in Australia from Nepal: Costs, Requirements. https://kangarooedu.com/study-in-australia-from-nepal-costs-requirements/
239. Edwise Foundation. (2025). Visa Success Rate for Australia From Nepal in 2025. https://edwisefoundation.com/visa-success-rate-for-australia-from-nepal/
240. Education Global. (2025). Visa Success Rate for Australia from Nepal 2025. https://360education.global/visa-success-rate/

●

प्रिय पाठक !
यो पुस्तक तपाईंलाई कस्तो लाग्यो,
कृपया प्रतिक्रिया व्यक्त गर्न नभुल्नुहोला ।

**शब्दयात्रा प्रकाशन**
बनेपा, काभ्रेपलाञ्चोक
दूरभाषाङ्क : ०११-६६५४६५

वा

**सकुल थापा**
बनेपा, काभ्रेपलाञ्चोक
दूरभाषाङ्क : ९८५११७८०४४